# हाम्रो नेपाल

रुद्रराज पाण्डे

२०२४

रुद्रराज साहित्य सेवा समिति

रुद्रराज साहित्य सेवा समिति
दर्ता नं. ६/०४४/०४५
काठमाडौं

# हाम्रो नेपाल

★

सर्दार रुद्रराज पाण्डेय, एम. ए.

# हाम्रो नेपाल

लेखक

सर्दार रुद्रराज पांडेय एम. ए.

२०२४

ेपाल संस्करण चतुर्थ–२०००          मूल्य मो. रु. १।५०

प्रकाशक
तुलसीराज पांडेय
रामकुटी
प्यूखा काठमाडौं नेपाल।

[ सर्वाधिकार सुरक्षित ]

तारा प्रिंटिंग वर्क्स वाराणसीमा मुद्रित

# भूमिका

आज 'हाम्रो नेपाल' को नयाँ संस्करण निकाल्न पाउँदा हर्ष लाग्नु स्वाभाविक हो। यसको प्रयागबाट दुई संस्करण र नेपालबाट दुई संस्करण गरी जम्मा चार संस्करण निक्लेको छ। यसबाट राष्ट्रिय-भावना अझ बढ्ता जगाई देशप्रतिको कर्तव्य पूरा गर्ने प्रेरणा प्रदान गर्ला भन्ने पूर्ण आशा छ।

रुद्रराज

# हाम्रो नेपाल

## द्वितीय संस्करणको

## भूमिका

आज जुन परिस्थितिमा हाम्रो मुलुक पुगेको छ त्यो देखेर हाम्रा देशवासीले आफ्ना पूर्वजहरूलाई चिन्न कर लाग्छ। यो नेपालमा कस्ता कस्ता सपूतहरू थिए, उनीहरूको आफ्नो देशप्रति कस्तो प्रेम थियो, कस्तो भक्ति थियो, देस कसरी सप्र्यो कसरी बिग्र्यो, जान्नै पर्ने कुरा हो। मानिसले इतिहास बनाउँछ, इतिहासले राष्ट्र बनाउँछ। आज अतीतमा फर्केर हेर्दा हामी देख्छौं "हाम्रा स्वाभिमानी पुर्खाहरू स्वाधीन नेपालको संवर्द्धन र संरक्षणमा सब तरहबाट जुटेका थिए।" सबैको हृदयमा यही एउटा भावना थियो—"हामी नेपाली हौं नेपाल हाम्रो हो।" त्यही गौरवमय अतीतको संझनामा केही एकाङ्की नाटकहरू प्रस्तुत गरेको छु। यसको आधार ऐतिहासिक तथ्य हो। इतिहासलाई नाटकको रूप दिनको निम्ति केही काल्पनिक पात्र र प्रसङ्गको समावेश पनि भएको छ।

पाठकले यस पुस्तकलाई रुचाई द्वितीय संस्करण छपाउन पाएकोमा लेखकलाई उत्साह भएको छ।

साम्प्रदायिकता कुनै देशको पनि उन्नतिको मार्गमा घातक तगारो हो। जसले यसलाई प्रोत्साहन दिन्छ त्यसले राष्ट्रियता-लाई आघात पुर्‍याई राष्ट्रको सार्वभौमिकतालाई समेत कमजोर पार्दछ। देशका बीर सबैका साजा हुन्—वीरपूजाले जन्मभूमिको गौरव बढाउँछ। यस पुस्तकले त्यस्तो वातावरण पैदा गर्न सक्योभने लेखकको प्रयास सफल हुनेछ।

—लेखक

# हाम्रो नेपाल

## विषय–सूची


| विषय | पृष्ठ |
|---|---|
| मानदेव | १ |
| अंशुवर्मा | १७ |
| प्रताप मल्ल | ३१ |
| प्रतापसिंह | ४७ |
| वीर बलभद्र | ६५ |
| अमरसिंह | ८१ |
| रणजङ्ग | १०१ |

# मानदेव

## पात्रहरू

(पुरुष)

मानदेव—नेपालका प्रसिद्ध लिच्छवी राजा।

धर्माचार्य—राजगुरु।

जयवर्मा—एक सरदार, राजाका मामा।

गुह्यमित्र—एक महाजन।

(नारी)

राज्यवती—मानदेवकी आमा।

अरू सुसारे इत्यादि।

# हाम्रो नेपाल

## मानदेव

### पहिलो दृश्य

स्थान—राजदरबार ]                    [ समय—बिहान ९ बजे

[ चोकमा तुलसीका बोटहरू छन्। पीपलको बोट पनि गमलामा छ। गोबरले लिपेको सफा ठाउँ छ। त्यसमाथि राजा धर्मदेवको लाश पडेको छ। तास किनखावले ढाकेको छ। अबीर लावा छरेको छ। नजीकैमा महारानी राज्यवती जगल्टा फिंजाएकी शोकले विह्वल भएर रोइरहेकी छन्। धर्माचार्यले सम्झाइरहेछन्। छोरा मानदेव पनि झोक्राएर बसेका छन्। ]

धर्माचार्य—यो नश्वर शरीर हो। जन्मेपछि मर्नैं पर्छ। राजाले आफ्नो जीवनयात्रा सफलतापूर्वक समाप्त गर्नुभयो।

राज्यवती—हो, गुरुजी, त्यो कुरा कसले होइन भन्छ? मलाई कस्तो माया गरिबक्सिन्थ्यो। अब म एक्लै कसरी बस्न सक्छु? म पनि संगसंगै जान्छु।

मानदेव—मुमा! बुबाले छाडेर सवारी भयो, भयो। हजूर—ले पनि यसरी मलाई चटक्क छाडेर सवारी भयोभने मेरो के

गति होला ? यत्रो राज्यको भार सह्याल्न सक्ने शक्ति ममा छैन। म लाचार छु। कारण, राजकाजमा खोइ मैले तालीम पाएको ? घेरैजसो समय राजाको छोरा भएर बसियो। भोग विलासमा नै लागियो।

राज्यवती—मैले मात्रै के जानेकी छु र ?

धर्माचार्य—यो त हजूरले आज्ञा हुन सुहाउन्न, महारानी ! आज महाराज धर्मदेवको आकस्मिक स्वर्गवासले सारा प्रजाको हृदयमा चोट पुऱ्याएको छ, तापनि त्यसले भन्दा महारानी सती जानुहुन्छ भन्ने कुराले ठूलो पीरमा उनीहरू डुबेका छन्। घाट-मन्दिरमा, टोल-टोलमा, जतासुकै यही चर्चा छ। कतिसम्म सुन्दछुभने श्री रानी मातालाई हामी केही गरेर पनि प्राण त्याग्न दिन्नौं। हामी टुहुरा होइहाल्छौं नि भन्छन् रे।

मानदेव—सुनिबक्स्यो मुमा ? मैले के मेरै निमित्त मात्र भनेको हुँ ? आज जुन प्रजाको मुमाबाट यत्रो स्याहार सम्भार भयो, जसको हित र कल्याणको लागि हजूरले आफ्नो मगज खियाइबक्स्यो, हाड घोटिबक्स्यो आज उनीहरूको आँसुले के हजूरलाई सुख देला त ?

राज्यवती—आज म के त तिम्रो मायाले, प्रजाको स्नेहले बाधा गऱ्यो भनेर शास्त्रले मानेको यत्रो महान् सती धर्मको पालन नगरूँत ?

धर्माचार्य—उहाँको साथमा खरानी हुनु नै सती हुनु होइन, राजमाता ! उहाँको कीर्तिलाई अजर अमर गराउनु पनि त सतीको धर्म हो। कठैबरा ! हाम्रो नेपाल मातालाई कति खुम्चिनुपरेको थियो। आफ्नो उहिलेको गौरव गुम्दै गएकोले मुहार कस्तो अन्ध्यारो भएको थियो। हजूरकै उद्योगले आज अलिकति

फस्टाएको वेलामा हजूर यस्तो ढिपी गरिबक्सिन्छ। यो त साह्रै अन्याय भयो।

मानदेव—अन्याय मात्रै होइन माताजी, यो त साह्रै ठूलो पाप पनि हो। आफ्नो सन्तानलाई किंकर्तव्यविमूढ अवस्थामा यसरी नछाडिबक्सियोस्! विन्ति छ। यस्तो ढिपी नगरि—बक्स्योस् (साह्रै नै करुणोत्पादक मुख लाएर)। जन्माइबक्स्यो, हुर्काइबक्स्यो, अब फुल्न फल्न पनि त बक्स्योस्।

राज्यवती—(पतिको लाशतर्फ रुन्चे अनुहारले हेर्दै) प्राणनाथ! नजर होस्! हृदयले हजूरको साथैमा अस्तित्व मेटाउन प्रेरणा दिन्छ, गिदीले निषेध गर्छ। कस्तो दोधार! (धर्माचार्यतिर फर्केर) गुरुजो! पतिका साथमा सती हुनु नै नारीको परम धर्म होइन त?

धर्माचार्य—हो, अवसर माफ होस्। राजमाता! जुन शास्त्रले सती धर्मलाई अत्युत्तम मानेको छ, त्यसैले यो पनि त भनेको छ नि?

राज्यवती—के?

धर्माचार्य—जुन पति पत्नीको अभिन्न हृदय छ, जुन पत्नीले आफ्नो पृथक् अस्तित्व नै राखेकी छैन, पतिमा नै लीन छ, तन मन वचनले पतिको सहगामिनी छ, जसको पतिको देहा-वसान पछि गर्नुपर्ने कुरा केही बाँकी रहँदैन, त्यस्ताको मात्रै सती हुने अधिकार छ। सतीमा यत्किञ्चित् मात्र पनि कतै कुनै कुराको दबाव पऱ्योभने त्यो त धर्मको नाममा हत्या हो।

मानदेव—नजर भयो? (नेपथ्यमा कोलाहल "हुँदैन", "हामी जान दिन्नौं", "रोक्छौं", हामी पनि पछिपछि लाग्छौं)।

धर्माचार्य—लौ, मैले त विन्ति गरेकै थिएँ। अब आफैले

प्रजालाई संझाइबक्स्योस्।

मानदेव—कस्तो रहेछ, माताजी? हजूरलाई प्रजाले आफ्नो हृदयमा कुन स्थान दिएको रहेछ? हजूरबाट कत्रो आशा राखेको रहेछ!

(नेपथ्यमा—'लौ राजाको लाशलाई आर्यघाट लैजाऔं'। 'हाम्रो राजालाई हामी आफै पुऱ्याउँछौं'। 'हामी उहाँको मुहार हेर्न चाहन्छौं।')

राज्यवती—ओहो, कस्तो फसादमा परें! (पतिको लाशलाई अंगालो हालेर) नाथ! यिनिहरू मलाई हजूरबाट छुटयाउन चाहन्छन्। हजूरले मलाई कहिले पनि अलग्गै राखिबक्सेन। धर्मकर्ममा, राजकाजमा, स्वदेशमा, परदेशमा, शिकारमा, दरबारमा संगसंगै राखिबक्स्यो। जेमा पनि सम्मिलित गराइबक्स्यो। आज मैले हजूरकै खातिर यो सासलाई धानेर बस्नुपऱ्यो रे। हजूरको पालिमा शुरू भएको यो राष्ट्रलाई महान् तुल्याउने काममा लागिदिनुपऱ्यो रे। यिनीहरूको मायामोहको सिक्री मात्रले त बेरिने थिइन, तर जुन जन्मभूमिको सेवालाई हजूरले त्यत्रो महत्व दिइबक्स्यो, जसको सेवा गर्नु नै हाम्रौ परम धर्म हो, जन्मेको सार हो भनेर हजूर बराबर आज्ञा हुन्थ्यो, आज तिनै जन्मभूमिको नाममा मलाई रोकिरहेछन्। (गुरुतिर फर्केर) गुरुजी, जानुहोस्, प्रजालाई सुनाइदिनुहोस्। तिमिहरूका रानीले आफ्नो प्राणभन्दा पनि प्यारो राजालाई सदासर्वदाका लागि भस्म भएर गएको हेर्न सक्छे, स्त्रीजातिको सर्वस्व भएको चुरा फुटाल्न सक्छे, पोते चुँडाल्न सक्छे, तर आफ्ना प्यारा प्रजालाई त्याग्न सक्तिन, जनताको आह्वानमा बरु धर्मको बलिदान गर्न तयार छ। जन्मभूमिको वेदीमा सर्वस्व अर्पण गर्नेछ।

मानदेव—पिताजीको लाश जलाउने प्रबन्ध पनि मिलाउनुहोस्। जुन राजाको प्रजाले यत्रो सम्मान देखाउँछ, जुन रानीको प्रजाले यत्रो सह्नी गर्छ त्यस्ताको पुत्र हुन पाउनु मेरो कत्रो भाग्य हो! पशुपतिनाथ! यस्ता पितामाताको योग्य सन्तान म बनूँ। यही मेरो पुकारा छ।

( नेपथ्यमा—'राजाको जय' 'रानीको जय' भन्ने नारा चल्छ। )

धर्माचार्यको आवाज पनि सुनिन्छ—"रानीजीलाई राजासंगको वियोग असह्य हो तापनि प्रजाको निमित्त उहाँले यत्रो अनुपम आदर्श राखिबक्स्यो। अब हाम्रो मुलुकलाई उहाँको छत्रछायामा हामीले अघिबढाउनु छ र ठूलो तुल्याउनु छ।"

( उनी जति बोल्दै जान्थे, जनताको आवाज पनि बुलन्द हुँदै जान्थ्यो। भाषण समाप्त भयो। )

राज्यवती—( मानदेवतिर फर्केर ) लौ, बाबु, तिम्रो उमेर यति काँचो छ तापनि तिम्रो जन्भूमिमा प्रेम असीम छ। "जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी" भन्ने कुराको तिमीले नै चरितार्थ गर्‍यौ। जाऊ, आज जन्मभूमिको निमित्त मेरो जीवनधन, मेरो प्राणेश्वर र मेरो हृदय-सम्राट्लाई तिमी लैजाऊ, जो गर्नुपर्ने काजक्रिया श्रद्धापूर्वक गर।

( मानदेवको प्रस्थान )

जे होस्, मैले बाँच्नैमा श्रेय छ। हिमालयको काखमा बसेको यो पवित्र देशको इतिहास गौरवमय छ। यसको सभ्यता र संस्कृतिको विकास गराउनैपर्छ, प्राचीन सिमानासम्म यसलाई फैलाउनै पर्छ।

( पर्दा खस्छ )

## दोस्रो दृश्य

स्थान—भूइँबैठक ] [ समय—दिनको ४ बजे

[ भइँतला कसेको छ। शिरपट्टि बडेमानको डसनामा महारानी राज्यवती बसेकीछन्, बीचमा चकलाहरू ओछ्याइएकाछन्। अलि ३ गज पर सामुन्नेमा जयवर्मा र साहु गुहमित्र बसेका छन्। बैठकमा विष्णु र पशुपतिनाथका तसवीर सिरानमाथि टाँगिएका छन्। अघिल्तिर विशाल हिमालयको उच्च टाकुरोको दृश्यको चित्र अति सुन्दर छ। ]

राज्यवती—( हिमालयको चित्रलाई देखाएर ) हो त्यही हिमालय जस्तो उच्च आदर्श हुनुपर्छ। साहस गुमाउनु हुन्न। हाम्रो नेपाल, हाम्री प्यारी मातृभूमि, धनसम्पत्तिको खानि हुन्। बाबु, यसो विचार गरेर हेर त ( आँखालाई टुल्ल पारेर बाहिरसर्फ दृष्टि दिएर ) ती हियालयका गर्भमा के छैन? हीरा, पन्ना, माणिक, पुष्पराज, लसूनी—ती सब नभए ह्लासामा यस मुलुकलाई किन रत्नद्वीप भन्थे?

जयवर्मा—हो, माताजी, किन छैन? केवल हामीले ती रत्नलाई बाहिर निकाल्न सक्नुपर्छ।

राज्यवती—हो बाहिर निकाल्न के गर्नु पर्छ?

जयवर्मा—राजमाताजी! हजूरका प्रजाहरू साहसी र परिश्रमी छन्। हामीलाई पथ-निर्देशक नेता मात्र चाहिएको छ। हामी जे गर्न पनि तयार छौं भन्दछन्।

राज्यवती—हो, हाम्रा प्रजा यस्ता नहुँदा हुन् ता दुवैतिर

विशाल साम्राज्यहरूले च्यापिंदा पनि यिनीहरूले आफ्नो मुलुकको शिर ठाडो गरेर राख्न कसरी सक्ता हुन् ?

( धर्माचार्यको प्रवेश, सबैजना उठ्छन् )

आउनुहोस् गुरुदेव, आउनुहोस्! हजूरलाई स्वागत छ। हाम्रो प्यारो नेपाल र हाम्रा प्यारा प्रजाको बारेमा चर्चा चलिरहेछ ।

गुहमित्र—हामी जब देश परदेशमा व्यापार गर्न जान्छौं, हाम्रो मुलुकको तामाको पाता र धाउको अत्यन्त माग छ। जति तिरेर भए पनि लिन तयार हुन्छन्। तर हामीले न्यायोचित नाफा लिएर बिक्री गर्ने गरेका छौं ।

धर्माचार्य—हो, त्यसै गर्नुपर्छ। मनासीब माफिकको नाफा खानुपर्छ। बढ्ता खानु गला रेट्नु हो। सस्तो हुन सक्ने माललाई जबरजस्ती महँगो तुल्याएर बिक्री गर्नु झन् घोर अन्याय हो। उता बलिदानमा एउटा बोकाको ज्यान जाला, यता महँगीले त कतिको ज्यान लिन्छ ? त्यसमाथि नेपाली व्यापारी यस्ता नाफाचूस भन्दा मुलुककै बदनामी हुन्छ ।

जयवर्मा—हाम्रा महाजनहरू सबै सन्मार्गमा चलेका छन्। धन कमाउनु नै जीवनको ध्येय बनेको होइन ।

राज्यवती—हाम्रा देशका जरीबूटीहरूको पनि खूब चाह छ भन्छन् नि ?

गुहमित्र—नेपाली चिराइतो भनेपछि हुरुक्क प्राण गरिहाल्छन्। फेरि शिलाजित पनि अरू ठाउँको हुँदैन, नेपाली नै चाहिन्छ ।

जयवर्मा—यहाँ बुनेका कम्बलहरू पनि विदेशीहरूले खूब रुचाउँछन् भन्दछन्, हो मित्र दाइ !

गुहमित्र—के गर्नु पहाडतिर यो बुन्ने कारखानाको राम्रो प्रबन्ध भएमा हाम्रो मुलुकमा विदेशबाट प्रशस्त धन ल्याउने साधन हुने थियो। हामीलाई यति थरीले राडी पठाइदेऊ भनेका छन्, भने जति हामीले दिनै सक्तैनौं।

राज्यवती—यो बडो दुःखको कुरा हो। हाम्रो मुलुकमा उद्योग व्यवसायको विकासको लागि के के गर्नुपर्छ आफ्नो मन्तव्य दिनू भनेर सब प्रतिष्ठित व्यक्तिहरूसंग विचार विमर्श गर्नुपर्‍यो।

धर्माचार्य—गर्नैपर्ने कुरा हो।

( चिठी लिएर ढोकेको प्रवेश )

राज्यवती—( चिठी हेरेर ) भाइले लेखेका रहेछन्। ( प्रसन्न मुख लाएर ) हाम्रा वीर योद्धाहरू बाटाका सबै मुलुकहरू सर गर्दै गण्डकीमा पुगेछन्। त्यहां किनारामा घोर घमासानको लडाइँ परेछ। "शत्रुहरूले पारिपट्टिबाट बाणको वर्षा गरिरहेका थिए। हाम्रा वीर नेपालीहरूले किञ्चित् मानेनन्। जवाफमा उत्तिकै घनघोरसंग लडे। राती गण्डकी तरेर पारिपट्टि पुग्यौं। वैरीलाई निमोठ नामोठ पार्‍यौं। एक ठाउँमा त स्वयं महाराजै घेरामा पर्नुभयो। तर अनुपम साहस र धैर्यले काम दियो। उहाँको तरवारको चोट कसैले खप्न सकेनन्। व्यूह छेडेर बाहिर निस्कनुभयो। हाम्रा चन्द्रसूर्य पताका गण्डकी पार गाडि-दियौं।

धर्माचार्य—राजमाताबाट जसरी प्रोत्साहित गरेर सेनालाई पठाइबक्सेको थियो, आज उनीहरूले त्यसै गरेर लडेर आफ्नी प्यारी मातृभूमिको गौरव बढाए। भोटको सिमानादेखि गण्डकी पारसम्म हाम्रो नेपालले आङ्ग तान्न पायो। अझ कति अघि बढ्नेछन्।

राज्यवती—मल्लपुर आसपासका प्रदेशहरूमा बडो अराजकता फैलिएको छ भन्ने सुनेकी छु। दाउ हेर्नू, लाग्योभने मल्लपुरसम्म हत्याउनू। ती प्रदेशहरू अघि हाम्रै हो। जुन बखतमा बुद्धदेवको चकचकी थियो, ती सब प्रदेशमा हाम्रै त अधिकार थियो नि, भनिदिएकी छु।

जयवर्मा—बुद्धै हाम्रा हुनुहुन्थ्यो त जति प्रदेश उहाँका छत्रछायामा थिए हाम्रै त थिए नि।

धर्माचार्य—त्यही त राजमाता! हाम्रो नेपालले विश्वको इतिहासमा जसरी राजा जनक, महात्मा गौतम बुद्धको समयमा ख्याति पाएको थियो, त्यस्तै अब हजूरको शासनकालमा पनि पाउनेछ। हामीलाई विश्वास छ।

गुहमित्र—हजूर विष्णु भगवान्‌को परमभक्त हुनुहुन्छ। जतासुकै नारायणको पूजा खूब चलिरहेछ। हाम्रा मूर्तिकारहरूले नारायणको यस्ता यस्ता मूर्ति बनाइरहेछन् तिनीहरूको सीप र कालीगडीले संसारमा विशेष स्थान पाउनेछ।

धर्माचार्य—हाम्रो मुलुकमा आजकाल संस्कृत विद्याको यस्तो अध्ययन भइरहेछ। म त हाम्रा कविहरूले रचना गरेका श्लोकहरू पढ्दछु, कति ललित, कति मधुर र कति मर्मस्पर्शी! महारानी, यो सबै हजूरकै सुव्यवस्थाको फल हो।

जयवर्मा—अवश्य, जब मुलुकभित्र शान्ति हुन्छ, मुलुकबाहिर आफ्नो सेनाले विजय गर्दै मुलुकको सिमाना बढाउँदै जान्छ, जब जन्मभूमिको सेवा गर्नु नै जनताको एकमात्र ध्येय हुन्छ, त्यस्तो वातावरणको सृष्टि गर्ने हजूरको नाम नेपालका इतिहासमा चिरस्मरणीय हुनेछ।

राज्यवती—यो सब तपाईंहरू सबको सहयोग र स्नेहले

हो। लौ, जयवर्माजी, गण्डकपारसम्म हाम्रो सर भएको उपलक्ष्यमा राजधानीमा उत्सव मनाउनुपर्छ। ( गुरुतिर फर्केर ) पशुपतिनाथको विशेष पूजा पनि होस्, पाठ पनि होस्। म पनि जान्छु; चाँगुनारायण पनि जान्छु। जो चाहिने प्रबन्ध मिलाउनुहोला।

( दरबार उठ्छ )

## तेस्रो दृश्य

स्थान—मानगृह ] [ समय—दिउँसो ३ बजे

[ राजा मानदेव बसन्ती बैठकमा राज भएको छ। एउटा ठूलो काठको फराकिलो चिल्लो खाटमा बिछौनामाथि तन्ना कसेको छ। दक्षिणतर्फ फर्केको कोठा हुनाले घाम आइरहेछ। एउटा सुसारेले सेतो ठूलो चमर हम्किरहेकी छ। चारवटा ठूलठूला चकलाहरू दायाँ बायाँ राखिएका छन्। भित्तामा श्री पशुपतिनाथ, श्री चांगुनारायण, श्री राज्यवती र सगरमाथाका चित्रहरू टांगिएका छन्। मामा, जयवर्मा, गुहमित्रसंग कुरा चलिरहेछ। ]

मानदेव—दिन बित्न के बेर लाग्दो रहेछ र? माताजी परमधाम भएको पनि यतिको भइसक्यो। उहाँको राजकाजमा कत्रो निपुणता थियो! के रे, मामा! मल्लपुर सर गर्न जाँदा हामीलाई तराईको औलोले आक्रमण गर्ला भनेर नवरस र ज्वरांकुश पनि पठाइदिएको, बाटा बाटामा चिराइतोको रस पनि मिलाएको।

मामा—अँ, हाम्रो सेनानायक बिरामी हुँदा त म अताह्रि-एको पो थिएँ। पोका पुन्तरो सस्तै थिए। केलाएर हेर्छु त यस्तो भए यस्तो खानू, अनुपान यो गर्नू भनेर सबै लेखि-राखेको पाएँ। हुन पनि औषधिले कस्तो लाभ गऱ्यो !

मानदेव—रणमा हाम्रा सिपाहीहरूलाई त्यत्रा घाउ लागे, तैपनि उहांले पठाएका जरीबूटीले कत्रो चमत्कार देखायो !

जयवर्मा—जेमा पनि उहाँको त्यस्तै पहुँच पुगेको थियो प्रजालाई कतै कसैले केही गर्न हुन्थ्यो ? दीन दुःखीको निमित्त उठ्नुहुन्थ्यो। ठूला-बडामाथि खूब दृष्टि थियो। कतै कसैमाथि केही अन्याय भएको सुनिबक्स्यो कि भो। बाँकी राख्ने होइन। दण्ड दिइहाल्ने। एक पटक म पनि परेको हुँ।

मानदेव—कसरी ?

जयवर्मा—मेरो भानिजले जबर्जस्तीसँग एउटा मगरका दुई हल गोरू ल्याएर आफ्नो खेतमा जोताउन लगाएछन्। मेरो धाक लगाएछन्। राजामाताले सुइँको पाइहाल्नुभएछ। अनि त के छ र, प्रचण्ड भुजदण्ड भएर एक दिन त दरबारमा सबैको सामुन्ने मलाई हुनसम्मको खप्की दिनुभयो। मैले त निक्कै रिझाएको छु जस्तै लागेको थियो। कहाँ र, रिसानी भएको देखेर सारा थर्कमान भए, मेरो मुटुले ठाउँ छोड्ला जस्तो गऱ्यो। त्यतिले नपुगेर न्यायालयमा मुद्दा पठाई शास्त्रबमो-जिमको हर्जाना पनि मेरा भानिजले तिर्नुपऱ्यो।

गुहमित्र—हो, उहाँको बोलचालै पनि गजबको थियो। त्यसै राजभएको बखत छभने नौनी न हो। सबैलाई आफूतर्फ खिच्ने। उता राजकाजमा भने कत्रो रवाफ, कत्रो गाम्भीर्य,

कत्रो जमामर्दी। लेकाइदामा कसैले चुंक्क बोल्न सक्तैनथ्यो। हक कुरामा जसले जे बोले पनि सुन्नुहुन्थ्यो।

मानदेव—अँ, कतै हावा खान जानुभयोभने पनि केही न केही दुनियाँको भलाइ गरिहाल्ने। कहिले कोही किसानको घरमा गई घरकी बूढीपाकीसँग उसका दुःख-सुखका कुरा पनि सुनिदिने। कहिले कसैलाई कुनै कुराको तकलीफ परेको थाहा भयोभने तुरुन्त मदत पुऱ्याइहाल्यो। राजाले एकै ठाउँमा बसिरहन हुन्न। आफ्नो राज्यभर घुमरिहनुपर्छ। कतै अन्याय र अत्याचार त भएको छैन, बुझ्नुपर्छ, भन्नुहुन्थ्यो।

गुहमित्र—उद्योग व्यापारको कुरा पनि कति बुझ्नुभएको! उहाँ मुलुकको आय-व्ययमा खूब दृष्टि दिनुहुन्थ्यो। पहिले व्यय बढी थियो, अब आय धेर बढी भएको छ।

मामा—देव देवतामा पनि कस्तो भक्ति! चाहे शैव हुन्, चाहे वैष्णव हुन्, चाहे बौद्ध, सबैलाई समान दृष्टिले हेर्नें आफू-भने विष्णुको परम उपासक।

मानदेव—अँ, सांचै मामा। उहाँले गरेको जन्मभूमिको सेवालाई बिर्सन दिन हुन्न। के रे, उहाँले हामीलाई के भनेर पठाएको थियो रे? जुन बखतमा हामीलाई बैरीले अलिकति आच्छु आच्छु पारेको थियो।

मामा—तिमीहरू वीर हौ, जन्मभूमिका सच्चा सेवक हौ। जस्तोसुकै आपद्विपद् परे पनि वीर लत्रन्नन् झोकिन्नन्। प्रतिकूलता नै धैर्य र साहसको कसी हो। काम जोखिमको छ। ज्यान जोखिममा पर्ने सम्भावना छ, मैले मानें, राम्ररी बुझें। तर तिमीहरूले इतिहास निर्माण गर्नु छ, इतिहासको पातामा सुनौला अक्षरले आफ्ना कीर्तिहरूलाई लेखाउनु छ। मैले

आफ्ना कालीगढलाई विजयस्तम्भको रचना गर्ने रूपरेखा दिइसकें। आज तिम्री माता र तिम्री मातृभूमिलाई विजयोत्सव मनाउने ठूलो हौसला भएको छ।

मानदेव—अँ, यस्ता वाणीले हामीमा कत्रो उमंग र उत्साह भएको थियो। कसरी त्यस वेलादेखिन् हाम्रो हरएक लडाइँमा जित हुँदै गयो।

( धर्माचार्यको प्रवेश। सबै उठ्छन्। )

गुरुदेव—चांगुनारायणमा विजयस्तम्भ उहाँका आशीर्वादले उभ्याइयो। माताको स्मारक रूप एउटा नारायणको मूर्तिको स्थापना पनि गर्नुपऱ्यो। हुन त मेरो निमित्त अरू केही चाहिन्न, जुन नेपालको तिमी हामी सबै मिलेर निर्माण गऱ्यौं त्यसको गौरव झन् झन् बढोस्, त्यसको सेवा नै हाम्रो मुलुकको परम धर्म हो भन्ने उहाँको मनसाय थियो, तथापि उहाँको नारायणमाथिको भक्तिलाई चिरस्मरणीय गराउनु पनि त हाम्रो कर्तव्य हो। त्यसका साथसाथमा राजाको यी सब कुरामा अभिरुचिले मूर्तिकलाको उन्नति र विकास पनि गराउँछ।

धर्माचार्य—कहाँ त्यति मात्र हो र? मूर्तिकलाका साथ-साथमा मन्दिरहरूको निर्माणमा अरू धेरै किसिमको सीप पनि व्यक्त गर्ने साधन हुन्छ। जुनसुकै राष्ट्रले पनि आफ्नो देशको गौरव बढाउन संस्कृतिलाई प्रोत्साहन दिनुपर्छ।

मानदेव—ठीक हो, गुरुदेव। मेरा अग्रजहरूले शिल्प र कलामा अभिरुचि नदेखाएको भए, आज यस्ता सुन्दर मूर्ति र मन्दिरहरू कसरी एकै पल्ट बन्दा हुन्? हाम्रा प्रजा कलामा यस्ता सिद्धहस्त छन्, कुनै दिन यिनले संसारमा ख्याति

पाउनेछन् । हाम्रो यो नेपाल यति सानो मुलुक भए पनि यसका सन्तानहरू बडा वीर छन्, बडा देशभक्त छन् । त्यतिका लडाइँ लडियो, कहीं कसैले नामर्दीपना देखाएनन् । जुन मुलुकमा कलाका साथसाथ वीरता छ, सबैले एक मनले एक जीउ भएर सामूहिक परिश्रम देशसेवामा लगाएमा संसारमा कहीं स्वर्ग छभने यहीं छ, यहीं छ भनेर हामी पनि भन्न सक्नेछौं ।

( पर्दा खस्छ )

# अंशुवर्मा

## पात्रहरू

भारतीय यात्री—भारतबाट नेपालमा पशुपतिनाथको दर्शन गर्न आएका यात्री।

चीनियाँ यात्री—चीनबाट नेपाल, बौद्ध मन्दिरको दर्शन गर्न आएका यात्री।

अंशुवर्मा—नेपालका पहिले महासामन्त, पछि महाराजाधिराज।

नेपाली पंडित—नेपालका एक विद्वान् पण्डित।

भोटे यात्री—भोटबाट नेपाल बौद्ध-मंदिरको दर्शन गर्न आएका यात्री।

वैष्णव पण्डितजी—एक वैष्णव धर्मका ज्ञाता पण्डित।

बौद्धाचार्य—बौद्धधर्मका पण्डित।

# अंशुवर्मा

## पहिलो दृश्य

स्थान—राजमार्ग ] [ समय—मध्याह्न

[ पीपलका चौतरा छन्, दर्शनढुंगा बिछायको छ, दुवै बोटका फेदिमा सिंदूर, अबीर, अक्षता छरिएका छन्। पशुपतिनाथको दर्शन गरेर आउने यात्रीको बौद्धबाट शहर जान लागेका एक बना, देख्ता निक्कै रवाफिला चीनी यात्रीसंग भेट ]

भारतीय यात्री—आउनोस्, आउनोस्, एक छिन यही रूख-मनि विश्राम गर्नोस्! घाम चर्को छ। धन्य पशुपतिनाथ। तपाईंसंग सिम्भुमा भेट भएथ्यो, आज फेरि यहाँ भयो।

चीनियाँ यात्री—म कहाँको मानिस, तपाईं कहाँको—संयोगले परिचय भयो। दुवैमा स्नेह भयो। त्यसलाई गाढा गराउन फेरि भेट भयो। अँ, भन्नुहोस् कहाँ पुगेर आउनुभयो?

भारतीय यात्री—श्री पशुपतिनाथको दर्शन गरेर आएँ। आज एकादशीको दिन—एकादशीमा हामीहरूले व्रत बस्नुपर्छ, भगवान्को दर्शन गर्नुपर्छ।

चीनियाँ यात्री – यतातिर किन त?

भारतीय यात्री—यो चाबहिलमा राजर्षि अशोककी राजकुमारीले बनाएका चैत्यहरू छन् रे, बहाल छ रे भन्ने सुनेर हेर्न आएको।

चीनियाँ यात्री—( नेपथ्यमा देखाएर ) उ त्यही त हो नि! उता फर्कनोस् त। बिल्कुल हाम्रो सामुन्ने। हेर्नोस् न! ती आखाँहरू

हेर्नोस्, माथिको सुलुक्क परेर गएको स्तूप हेर्नोस्। त्यसको परिधि हेर्नोस्। तोरण हेर्नोस्। बुट्टा हेर्नोस्। उस बखतको कलालाई कति राम्रो झल्काउँछ। हाम्रा भारतका राजर्षिका जुन कृति छन् त्यसमा नेपाली कलाकारहरूले आफ्नो सीपले सौन्दर्य बढाएका छन्। उः हेर्नोस् त्यस्तो राम्रो बुट्टा उहाँ छैन।

अँ, यिनीहरूले हालसालै मात्र तैयार गरेको कैलासकूट भवन नै हेर्नुभयो होला नि? म त भनें नि! देखेर त्यसै छक्क परें। धन्य महाराज शिवदेव र धन्य यहाँका जनता। राजाको के हुकुम निक्लेको थियो जनताले त्यत्रो भवन प्रेम र श्रद्धाले त्यति चाँडो बनाए।

भारतीय यात्री—अँ, म त अझ सबभन्दा सह्नी अंशुवर्माको गर्छु।

चीनियाँ यात्री—किन? किन?

भारतीय यात्री—महासामान्त भए पनि यसरी सबै गुणले सम्पन्न नभएको भए आज यसरी राजा प्रजा दुवैबाट स्नेह र आदर कसरी पाउनु। उनको योग्यतामा मुग्ध भएर राजाले उनलाई के सुम्पेनन्? कत्रो पत्यार!

चीनियाँ यात्री—हो, है; त्यो त। तर हेर्नोस् न, कत्रा महापुरुष। म भेट्न भनेर गएको, भने नि कस्तो हार्दिकता। कस्तो शिष्टाचार। कुराकानी हुँदा त यस्तो लाग्यो मानो कैयन् वर्षदेखिन्को घनिष्टता छ। फेरि थहा नपाएको कुरा केही छैन।

भारतीय यात्री—कसरी? कसरी?

चीनियाँ यात्री—हेर्नोस् न, भोटको बारेमा चर्चा उठ्यो। उहाँका एक एक कुरासँग पूरा वाकिफ। स्रङ्चन-ग्वाम्पोको

बारेमा हामीलाई त्यति थाहा छैन, जत्तिको उहाँलाई छ।

भारतीय यात्री—ठीक भन्नुभयो। मलाई पनि उद्रेक लाग्यो। मेरो त उहाँसँग पशुपति-मन्दिरमा नै भेट भएको हो। एउटा महात्माका कुटीमा उहाँ पनि दर्शन गर्न आउनुभएको रहेछ। महात्माले परिचय गराइदिनुभयो। कुरा भए। भारतको अवस्था हर्षको अभ्युदय र शासन प्रणाली सबै राम्ररी बुझ्नुभएको रहेछ।

चीनियाँ यात्री—चीनको कलाको पनि राम्रो ज्ञान रहेछ। दरबारभित्र लगेर एक एक विचित्रता औंल्याई औंल्याई देखाउनुभयो। तामाको झिंगटी हालेको एउटा साततले बुर्जा दरबारको ठीक मध्य भागमा रहेछ। ओहो! कति राम्रो! भने नि म त वाक्क परिरहें। बेलुकी अलि अलि अँध्यारो परेको बेलामा त्यहांभित्र त झलमल्ल!

भारतीय यात्री—के मैन-बत्ती बालेको थियो?

चीनियाँ यात्री—कहाँ हुन्थ्यो? बार्दलीतिर गयो, रत्नै जडेको देखियो, दलिन खम्बा हेरियो, कुँदी झकाझक पारेको। हुँदा हुँदा त अगेनासम्म पनि धपक्क बलेको!

भारतीय यात्री—( बिभ्रो टोकेर ) हाम्रो भारत मात्र धनधान्य सम्पन्न भनेको त यो देश पनि कम सम्पन्न रहेनछ!

चीनियाँ यात्री—अनि भोलिपल्ट पनि त्यहाँ पुगेको थिएँ। बुर्जाका चारै कुनामा मकरको अनुहार परेका धाराहरू क्या राम्रोसँग हालेको रहेछ, तामामा कलाको यस्तो चमत्कार कमै देखिएला। त्यसमाथि ठीक त्यसै वेला एकैछिनसम्म घनघोरको मुसलधारे पानी परिदियो। ओहो, ती धाराबाट त भन्नुहुन्छ नागबेली परेका नालीहरूले बुर्जाबाट सोहोरेर ल्याएका पानी

ती सुनका चहकिला टूटीबाट तलतिर छवाल्ल खस्दाखेरि त सुन्दरीजलको छहरा पो संझायो ए !

भारतीय यात्री—हो, मलाई यो देशका कलाकारहरूको सीप देखेर साह्रै नै हृदय गद्‌गद्‌ भइरहेछ। मूर्तिकलामा यिनलाई भेट्टाउने कमै होलान्। हुन त हाम्रा काशीमा पनि एक-भन्दा एक सुन्दर मन्दिर छन्, एकभन्दा एक भव्य मूर्ति छन्। पत्थरको काममा त हाम्रा कारीगरहरू पनि कम होइनन्, तर धातुको काम त...

चीनियाँ यात्री—होइन है, पत्थरमा पनि यिनीहरू कम छैनन्। हाम्रो चीन पनि कलाको घर हो। चित्रकला इत्यादि साह्रै सुन्दर छ। तथापि यहाँ यिनीहरूमा क्याहो क्याहो बारीकी कस्तो ! केही न केही विशेषता देखिन्छ।

भारतीय यात्री—चाँगुनारायणको मूर्ति नै देख्नुभएन। कस्तो सीपै सीपले भरिएको !

चीनियाँ यात्री—अँ, कैलाशकूट भवनमा ठूलो बैठक छ। ओहो, त्यहाँ एकभन्दा एक सीपका उत्कृष्ट नमूनाहरू सजाएर राखेको। हरेकमा यो समयको यसले बनाएको, यस्तो भाव दर्शाएको भन्ने सबै खुलस्त लेखिराखेको।

भारतीय यात्री—यो ठाउँ नै कस्तो ! जता जाऊ, पचास कदम हिँडिएको छैन आकर्षक कलात्मक वस्तुहरूले दृष्टि खिचिहाल्छ। यस्तो वातावरण ल्याउन यहाँका मानिसहरूले कति तपस्या गर्नुपर्‍यो होला।

चीनियाँ यात्री—यो दश बीस वर्षको अध्यवसाय र परिश्र-मले हुने कुरा होइन। कैयन् पिढीले संस्कृति र कलामा अभि-रुचि देखाउँदै आएकाले नै आज यस्ता बिछट्टै हिस्सी परेका

कलाकृतिहरू जतातते देखिन्छन्। म त आफ्नो देशमा फर्केर गएपछि यी सब कुराको बयान ठाउँठाउँमा गर्नेछु। सम्राट-लाई पनि सुनाउनेछु। २, ४ वटा राम्रा राम्रा ठाउँको त चित्र पनि लेखेर लैजान आँटेको छु।

भारतीय यात्री—जुन देशमा देशाभिमान छैन, त्यहाँ कला प्रस्फुरित हुन सक्तैन। कला संस्कृतिको शृङ्गार हो, भावनाको भण्डार हो, स्वाधीनताको उपचार हो, वैभव र शान्तिको पुरस्कार हो, हृदयतंत्रीको मधुर झंकार हो। यसैले जुन भूमिमा कलाको यत्रो प्रस्थान छ त्यो पवित्र हो, संसारमा त्यसको गौरव केही गरे पनि मेटिन सक्तैन।

( अंशुवर्माको प्रवेश—अघि पछि ४-५ जना मानिस सबै धोती र जामा लाएका, फेटा बांधेका, अंशुवर्माको भने पगरी। )

अंशुवर्मा—सुस्वागतम्। सुस्वागतम्। ओहो क्याहो यो ? चीन र भारतको नेपाल पाशुपत क्षेत्रमा यो अंकमाल! मलाई बडो शुभ लाग्यो। दुवै विशाल देश छन्, दुवैको संस्कृति र सभ्यता ऐतिहासिक प्रादुर्भावकालदेखि नै बग्दो छ, रसिलो छ, भरिलो छ।

चीनियाँ यात्री—श्रीमानले मनासीब भन्नुभयो।

भारतीय यात्री—यो त्रिवेणीमा सरस्वती त नेपाललाई संझन्छु।

अंशुवर्मा—जाऊँ है! राजदरबारमा जान लागेको। बोलाहट छ। नमस्कार!

चीनियाँ र भारतीय यात्री—हामी पनि जाऔं। फेरि भेट होला नि, नमस्कार!

( पर्दा खस्छ )

## दौस्रो दृश्य

पर्दा २

[ स्थान—चावहिल समय—दिउँसो ]

[ एउटा नेपाली आचार्य र उद्दो भारतीय यात्रीको बीचमा कुराकनी ]

भारतीय यात्री—त्यसो भए तपाईं त्यो विवाहसम्बन्ध राम्रो भयो भन्नुहुन्छ ।

नेपाली पण्डित—अवश्य, म त यसमा राजाले बुद्धि पुर्‍याइ-बक्स्यो जस्तो लाग्छ । छिमेकको राज्यलाई प्रेमसूत्रले बाँधेर आफ्नो तुल्याउनु बुद्धिमानीको काम हो । त्यसमाथि सुँगचन-ग्याम्पो त एउटा प्रभावशाली प्रतापी राजा हुन् । जुन भोटमा सैकडौं वर्षदेखि अन्धकार र अज्ञानले ढाकेको थियो, जहाँ बाटो घाटो केही थिएन, नत्र ह्वेनस्यांग त्यतैबाट भारत आउँथे, त्यत्रो फन्का किन मार्थे, त्यस्तो ठाउँमा······

भारतीय यात्री—अँ के त, किन, भन्दा भन्दै अड्किनु-भयो ?

नेपाली पण्डित—होइन मलाइ ती राजाको पुरुषार्थ देखेर त्यसै छाती फुलेर आउँछ । त्यस्तो ठाउँमा यति थोरै समयमा एउटा मजबूत सत्ताको सृजना गरे । के त्यो कम कुरा हो ?

भारतीय यात्री—हो, घोर अँध्यारो आकाशमा एकाएक पूर्ण चन्द्र उदायो ।

नेपाली पण्डित—त्यस्तो शक्तिशालीलाई भृकुटी समर्पण गर्नु हाम्रा महाराजाधिराज परम भट्टारक अंशुवर्माजीको कत्रो दूरदर्शिता हो, तपाइँ न विचार गर्नोस् ।

भारतीय यात्री—अँ, राजकुमारीले यहाँबाट मूर्तिहरू पनि साथमा लैजानुभयो रे हो ?

पण्डितजी—हो, अक्षोभ्य मैत्रेय र ताराका अति सुन्दर मूर्तिहरू राजकुमारीका साथमा गए। यी तीनै दिव्य आत्माहरू नेपालका ज्योति हुन्। राजकुमारीलाई बौद्ध धर्ममा अतिशय श्रद्धा—खूद् आफै पनि बौद्ध धर्मको जीउँदो बल्दो प्रतीक होइबक्सिन्थ्यो।

भारतीय यात्री—कसरी ? कसरी ?

पण्डितजी—धर्मका जति नियमहरू छन् तिनको पालना अक्षरशः गरिबक्सने। त्यसका साथसाथ ग्रन्थहरूको अध्ययन सत्संग, शास्त्रचर्चा ! एकभन्दा एक विद्वान्हरू प्रशंसा नगरिछाड्दैनथे।

भारतीय यात्री—हो, यो त मैले भारतमा पनि सुनेथें। सुप्रतिष्ठित विद्वान शंकरवर्मामा र राजकुमारीमा खूब बौद्ध शास्त्रमा छलफल हुन्थ्यो रे। यहाँका महापण्डित शीलमंजूलाई त राजकुमारीले साथैमा लैजानुभएको थियो रे भन्ने पनि सुनेथें नि।

पंडित—ठीकै सुन्नुभएको हो।

( भोटे यात्रीको प्रवेश )

उहाँहरूले त गजबै गर्नुभयो रे। आज ह्लासामा उहाँहरूको कत्रो सम्मान छ, कत्रो चाह छ। कैयन् मानिसहरू कुना काप्चादेखिन् आएर उहाँको दिव्य सन्देश सुन्दछन् र आफ्नो भाग्यलाई सह्राउँछन्।

भोटे यात्री—मनासीब। उहींहरूको अमृतवाणीहरू सुनेर र महारानीको त्यो शान्त, प्रेमपूर्ण, उज्ज्वल स्वरूपले प्रभावित

भएर नै यस पुण्यभूमिको दर्शन गर्न म उहाँदेखिन् आएको छु।

भारतीय यात्री—अँ, उहाँहरूको त्यत्रो सम्मान हुनाको कारण के हो र ? तपाईं त बुझ्भुक हुनुहुन्छ जस्तो लाग्यो।

भोटे यात्री—होइन, त्यो त के हो र ? अँ, त्यस्तै हो, तथापि लौ, तपाईं नै भन्नोस् मलाई त भने नि, कत्ति पनि मन पर्दैन त्यो भूत-प्रेतको उपासना पनि के गतिलो हो र ? त्यस्तो त्यो अमानुषिक धर्ममा लागेका हामीहरूलाई आज बाटो त्यो होइन। त्यहाँ आपद्-विपद् मात्र छ कति अन्धकारमा बसी रहन्छौ। रातोदिन जंगलवासी भएर लुट-पीट मात्र गरेर जीवन यापना गर्नु मनुष्यत्व होइन। एक पेट त कुकुरले पनि भर्दछ। कुनै प्राणी भोका छैनन्। शान्ति र सभ्यताको उज्यालोले तिम्रो जीवनलाई उच्चातिउच्च तुल्याइदेला इत्यादि भन्दै उहाँहरूले नयाँ फूर्ति र जाँगर फैलाइरहनुभएको छ। लौ भन्नोस् त, हामी कति खुशी भएका होलाउँ ?

भारतीय यात्री—त्यसमाथि राजाको कृपादृष्टि पनि परेको छ क्यार ?

भोटे यात्री—कृपादृष्टि। राजाबाट त हत्तेप्राण गरेर यी विद्वान् हरूलाई बोलाएको।

पण्डितजी—त्यसमाथि हाम्रो नेपाल-राजकुमारीको सौम्यपना, विलक्षण प्रतिभा, मधुर भाषण, शुद्ध आचार–किन सबै जना मुग्ध नहून् ?

भोटे यात्री—हो, उहाँलाई त दिव्यरूपिणी भन्न लागिरहेछन्। उहाँले लैजानुभएका दिव्य प्रतिमाहरूका पनि ह्लासाको ठीक केन्द्र स्थान पारेर नाकामा मन्दिरहरू बनाएका छन् र त्यहीं

स्थापना भएका छन्। त्यसैले त ती प्रतिमाहरू पनि देखिए। तिनका बारेमा धेरै कुरा सुनियो। त्यसैले जुन ठाउँमा तिनको खास वास भयो त्यही ठाउँको दर्शन गर्न उहाँदेखिन् आइयो। लौ पण्डितजी भन्नास् त, यहाँ दर्शनीय स्थानहरू कहाँ कहाँ छन् ?

पण्डितजी—यहाँले बौद्ध भगवानको चैत्य त देख्नुभयो नै होला। त्यसभन्दा पर पाटनमा जुन दरबार छ, त्यो पनि राम्रो छ। राजा मानदेवको समयमा त्यस भवनको हुनसम्मको सजावट भएको छ। चाबहिल यही भइगयो। राजर्षि अशोककी छोरी राजकुमारी चारुमतीको विवाह यतैका देवपाल राजासंग भएको भन्दछन्। उनले देवपाटन बसाले। चारुमतीले चाबहिल बसालिन् भन्ने वंशावलीमा लेखिएको छ। पशुपतिनाथ पशुपतिनाथै हुनुभयो। स्वयं महाराज उहाँको परमभक्त हुनुहुन्छ।

भारतीय यत्री—त्यसैले रहेछ उहाँको शिलापत्रमा "पशुपतिभट्टारकपादानुगृहीत" भन्ने लेखिएको देखेथें। कस्तो श्रद्धा ! कस्तो भक्ति !

पण्डितजी—चांगुनारायणको मूर्ति उत्तिकै राम्रो। लाजिमपाट धोबी चौरनेको विष्णुको मूर्ति पनि कल छैन। स्वयम्भू उत्तिकै पवित्र स्थान छ। चोभारमा आदिनाथको पनि खूब चहक महक छ।

भोटे यात्री—पण्डितजीलाई प्रणाम छ। यी सबै हेर्नुपर्छ। घाम ढल्किसकेछ। आज जाऔं।

भारतीय यात्री—हामी पदि जाऔं। यस्तो समागम बराबर गर्न पाए कति आनन्द हुने थियो !

पण्डितजी—संयोग वियोग सब उसैको हातमा छ। उसको इच्छाविना केही हुन सक्तैन। नमस्कार।

( पर्दा खस्छ )

## तेस्रो दृश्य

[ स्थान—पीपल र बरको चौतरा ] [ समय—बेलुकी ४ बजे ]

वैष्णव पण्डितजी—आमा! प्यारी आमा! हजूरको मुहार यस्तो चहकिलो! यस्तो रवाफिलो कसले बनायो त आमा! लौ भन्नुहोस् त! जुन माताको पुजारी बनेर स्मृतिद्वारा यसको वृद्धि गराएथे, जुन माताको शान्ति सन्देशलाई संसारमा फैलाएथे, जुन माताको पताकालाई गंडकपारि पुऱ्याएर फरफराएथे, तिनै सपूतहरूका पंक्तिमा हाम्रा महाराजको गणना हुन्छ। इतिहासले उहाँलाई उच्च स्थान दिनेछ।

बौद्धाचार्य—बिलकुल ठीक पण्डितजी! म बिलकुल सहमत छु। कस्तो गजबको उहाँको व्यवहार! कस्तो धार्मिक सहनशीलता! मलाई उदेक लाग्छ।

पण्डितजी—हो त हेर्नोस् न आफू पशुपतिनाथका अनन्य भक्त। आफ्नी महारानी वैष्णव। चांगुनारायणमथि खूबै श्रद्धा। राजकुमारी सुप्रख्यात बौद्धमार्गी। त्यसैले त उहाँले कहीं दुइतिर हरिण बीचमा धर्मचन्द्र अंकित गरेर शिलापत्र निकाल्नुभएको छ। चांगुनारायणमा पूजा खर्च बढाइदिनुभएको छ। त्यसैले आज सबैको हृदयमा समान स्थान पाउनुभएको छ।

बौद्धाचार्य—धर्मात्मा मात्र होइन, महाराजाधिराज विद्वान् हुनुहुन्छ। त्यसमा उहाँ प्रकाण्ड पण्डित हुनुहुन्छ। जसका दरबारमा शीलमंजु जस्ता विद्वान् भए, जसले रातो दिन अज्ञानता र अन्धकार हटाउन भरमग्दूर प्रयास गरेको छ। हाम्रो नेपालको गौरव उहाँले बढाइरहनुभएको छ।

पण्डितजी—कलामा पनि कस्तो-निपुणता! कैलाशकूट भवन नै हेर्नोस् न। यस्तो राम्रो सीपले यसलाई सुशोभित गरेको छ। यसलाई उहाँले एउटा लेखमा पृथ्वीतलमा तिलक, हेर्न लाग्दा आँखा पनि कत्ति नझिम्क्याऊँ जस्तो लाग्ने, कति राम्रो भवन भनेर प्रशंसा गर्नुभएको छ।

बौद्धाचार्य—भोटसंग वैवाहिक सम्बन्ध राख्नामा उहाँको राजनैतिक दूरदर्शिता देखिन्छ। हाम्रा गौतम बुद्ध र हाम्री सीताले गर्दा भारतसंग त हाम्रो घनिष्ट सम्बन्ध छँदै थियो। अब भोटसंग पनि राम्रो स्नेहसूत्र बाँधियो। त्यसमाथि हाम्री राजकुमारीले बुद्धको शान्ति सन्देश यहींबाट लगी प्रकाश फैलाएर त्यस मुलुकलाई सभ्य र उन्नत बनाउन सहायक भए-कोले हाम्रो प्रतिष्ठा झन् झन् बढेको छ। जुन चिराग हामीले भोटमा बाल्यौं त्यसको उज्यालो चीनसम्म फैलिनेछ र जता-सुकै नेपालको धाक रवाफ जम्नेछ। अन्तरराष्ट्रिय जगत्मा नेपालको पृथक् स्थान रहनेछ।

पण्डितजी—बिलकुल ठीक भन्नुभयो। कर मुक्ति गरेर पनि देशको आर्थिक स्थिति धेरै सुध्रिएको छ। यत्रो धन धान्य सम्पन्न हाम्रा प्रजालाई उस्तो ऋण तिर्नु नै पर्दैन। भएको ऋण पनि सबैको एकदम तिरियो। यहाँ त संवतै फेरियो। नयाँ नयाँ छरिता राम्रा टकहरू निकालेर यहाँले व्यापारलाई

बढाउनुभएको छ। पाटी पौवा कुलो धाराहरू पनि यहाँले निक्कै बनाउनुभएको छ। लगनको धारामा जुन नारायणको मूर्ति छ त्यो औधी राम्रो छ। यहाँका शिलापत्र तामापत्र सबै संस्कृतमा लेखिएका छन्।

बौद्धचार्य—त्यसैले त बराबर भन्दछौं। अंशुवर्माको राज्य काल नेपालको इतिहासमा सुनौला अक्षरले लेखिनेछ। मानदेवले बसाल्णुभएको जगमा यहाँले बृहत् नेपाल भवन खडा गर्नुभयो। श्री राजर्षि अशोकले जसरी आफ्ना छोरा-छोरीहरूलाई ठाउँ ठाउँमा पठाएर ह्राम्रो नेपालबाट निक्लेको विश्वशान्तिको सन्देशलाई विश्वव्यापी तुल्याउन कोशिश गर्दा पनि भोट अन्धकारमा रह्यो। त्यहाँ सफलता भएन तर अहिले राजकुमारी त्यही महान् कार्यमा सफल हुनुभयो। यो ह्राम्रो निमित्त साह्रै गौरवको कुरा हो। ह्राम्रो राजकुमारीको कालान्तरमा ठूलो आदर हुनेछ कारण भोटका हृदयसिंहासनमा एहांको मानसपूजा हुन थालिसकेको छ। पछि सो व्यक्त भई ईश्वरको रूपमा दुवै देशमा उहाँको पूजा चल्नेछ।

# प्रताप मल्ल

## पात्रहरू

(पुरुष)

प्रताप मल्ल—कान्तिपुरका प्रसिद्ध राजा।

लम्बकर्ण—प्रसिद्ध तान्त्रिक।

जामन गुभाजू—प्रसिद्ध तान्त्रिक।

कमलानन्द झा,—मैथिली पण्डित।

घटे—एउटा सिपाही।

ब्राह्मण तथा ढोकेहरू।

# प्रताप मल्ल

## पहिलो दृश्य

पर्दा १

स्थान—हनुमान्‌ढोका दरबार ] [ समय—बेलुकीपख ३

[ श्री महाराज प्रताप मल्ल दलानको बैठकमा बसेका छन्। वरिपरि विद्वान्‌हरू चकला चकलामा बसेका छन्। राजा बस्ने डसना बडेमानको छ। दूधको फिँज बस्तो सफेद तन्ना कसेको छ। अजंगको बालिस्टमा अडेस लागेका छन्। डसनै माथि भित्तामा श्री पशुपति-नाथ, श्री स्वयम्भूनाथ, श्री मच्छिन्द्र-नाथको रथयात्रा र जयस्थिति मल्लको चित्रहरू झुंड्या-इएका छन्। ]

प्रताप मल्ल—अँ, हो, के भन्नुभयो पंडितजी? मलाई त उदेक लाग्छ। प्रकृतिले यस नेपाललाई रमणीय, चित्रमय तुल्याउन केही कसर राखेको छैन। न यहाँ त्यस्तो औंधी जाडै हुन्छ जहाँ कठ्यांग्रिएर मुटुको गति नै रोकिएर प्राण दिनुपरोस् सूर्यको दर्शन नपाएर एक तमासको अँध्यारोमा बस्नुपर्ने होस्। हिंउ बर्सेर बालीनाली कहीं हुनै नदिने पनि यहाँ छैन, गर्मीले भतभत पोलेर लू लागेर खपिनसक्नु भएर बस्नै नसकिने पनि यहाँ छैन।

लम्बकर्ण--हो, महाराज ! जाडो भनेर त्यस्तो महाजाडो यहाँ छैन, गर्मी भनेर त्यस्तो प्रचंड गर्मी यहाँ छैन, साह्रै नै सुन्दर देश छ। एउटा जाडोमा मात्रै अलिकति फूलको कमी देखतछु, नत्रभने बसन्तदेखिन् लिएर शरद्‌सम्म जहाँ हेरे पनि रंग-विरंगका फूलहरू आफ्नो महक गम्काउँदै प्रकृतिको शोभालाई बढाउँछन् ।

जामन गुभाजू—हाम्रो मुलुकमा एउटा विशेषता छ । मलाई त प्रकृतिको चमत्कारभन्दा पनि यो पो गजब लाग्छ । यहीं पशुपतिनाथ को यत्रो विशाल तीर्थस्थल छ त यहीं स्वयंम्भूनाथको चैत्य पनि छ। ठीक पूर्व पश्चिमको सामुन्ने सामुन्यै छन् । दुवैमा दुवै थरीको श्रद्धा छ। ठाउँ ठाउँमा चैत्य र मन्दिरहरू उत्तिकै छन् । बहालहरूमा पनि एकभन्दा एक बोधिसत्वहरू विराजमान छन्। केही कुराको कमी छैन, महाराज !

प्रताप मल्ल—त्यसमाथि तपाईंहरू जस्ता तान्त्रिकले यस देशको गौरवलाई धपक्क बाल्तुभएकै छ ।

लम्बकर्ण—त्यो त महाराज। राजसत्तामा देशको उत्थान वा पतन शासकमा निर्भर गर्दछ। हजूरले देशलाई सम्पन्न तुल्याउन सबै विषयमा अभिरुचि नदेखाएको भए प्रोत्साहन नपाउँदा विकास हुन लागेका फूलहरू त्यसै ओइलाउँथे ।

जामन गुभाजू—हजूरलाई कवितामा यस्तो प्रेम छ, ललितकलामा यस्तो दिलचस्पी छ, कुनै जलसा होओइन जसमा नाटकको प्रदर्शन नहोस् ! त्यो पनि खुद आफै अग्रसर भई सफल गराउनमा त्यत्रो परिश्रम उठाइबक्सिन्छ ।

लम्बकर्ण—मैले सुनेको छु यो त यहाँहरूको कुल परम्परादेखिन् चलिआएको हो। स्वनामधन्य महाराज जयस्थिति मल्लबाट यस मुलुकको रीतिथिति मात्र कायम भएको होइन, साम्राज्यको अंग

प्रत्यंगको पर्यवेक्षण भई व्यवस्थाबद्ध मात्र भएको होइन, धर्म कर्ममा प्रवृत्ति भएर जीर्णोद्धार संस्थापनहरूका काममा मात्र भएको होइन खुद आफैले एकभन्दा एक नाटकहरू रच्नुहुन्थ्यो रे र जुनसुकै चाडवाड पऱ्यो कि ती नाटकहरूको अभिनयद्वारा मनोरंजन हुन्थ्यो रे ।

प्रताप मल्ल—हो, गुरुदेव ! उहाँको नाम इतिहासमा चिर-स्मरणीय रहनेछ । हुन, पनि उहाँले कसरी हरेक कुरामा दृष्टि पुऱ्याउनुभएको छ, गजब लाग्छ । आजसम्म ती रीति-थिति चल्दै-छन्, पछि पनि चल्नेछन् । उहाँले जस्तै हाम्रा स्वनामधन्य यक्ष मल्लले नेपालको शिर ठाडो गराउन कुनै प्रताप बाँकी राख्नु-भएन ।

जामन गुभाजू—हो, महाराज, उहाँ साह्रै यशस्वी तेजिला र परक्रमी हुनुहुन्थ्यो रे । नरपति जयचर्यारीक्ष मैले पढेको छु । यहाँको पुरुषार्थको वर्णन स्वयं राजा जगज्ज्योतिर्मल्लले गर्नु-भएको छ ।

लम्बकर्ण भट्ट—हो । मैले पनि त्यो पुस्तक खूब चाख लगाएर पढेको हुँ । यति टाढाबाट यिनका फौज मिथिला जित्दै मगधको हाराहारीसम्म पुग्यो । पर्वते राजाहरू घेरैलाई यिनले आधिपत्य स्वीकार गराएका थिए रे ।

प्रताप मल्ल—कीर्तिपुरेहरूले पनि बराबर उहाँका गीतहरू गाइ-रहन्छन् । उहाँले भोटसँग लडेर सिकारजुङ्ग हात पार्नुभएको थियो । उहाँको जति गुणगान गरे पनि थोरै छ । उहाँको सन्तान भएर हामीले केही गर्न सकेनौं ।

जामन गुभाजू– महाराज यसरी आत्तिइबक्सनुपर्ने कुरै छैन । हजूमा विद्या, बुद्धि र बल छ । पुरुषार्थमा मन छ । हासाबाट भीम

मल्लले ल्याएको धन छ । प्रजा सब राजभक्त छन् ।

लम्बकर्ण—हो, महाराज ! यस देशमा म त केही कुराको अभाव देख्तिन । यत्रो सानो मुलुक भए तापनि यत्रो जोश, यत्रो विद्या यत्रो चतुरता कमै ठाउँमा देखिएला । केवल दुःखको कुरा कति छ भने स्वार्थत्यागी देशप्रेमी नेताहरूको कमी छ । नत्र यति सानो वर्गक्षेत्रमा पनि यतिका ठिनामिना राज्यहरू हुनु के आश्चर्यको कुरो होइन ?

प्रताप मल्ल—आश्चर्य त होइन पंडितजी । मलाई ग्रोबर र डोरविलहरूले भन्दथे पहिले यूनानमा सानासाना रियासतहरू थिए रे । त्यस बखतमा ती देशहरू विद्या, बुद्धि र वैभवमा बडा सम्पन्न थिए रे । वास्तवमा सभ्यताको उत्पत्तिस्थान नै त्यसैलाई भन्दा रहेछन् । उनीहरू भदन्थे-संसारमा आज राजनीति, दर्शन, साहित्य, कला र अन्य संस्कृतिको मूल स्रोत त्यतैबाट निक्लेको हो रे ।

लम्बकर्ण—हाम्रा वेद, उपनिषद, रामायण, महाभारत के भए रे ? हाम्रा राम, कृष्ण, बुद्धदेव, शंकराचार्य कहाँ गए रे ? कूपमण्डूकहरू ! यूरोपलाई नै संसार सम्झेका छन् ।

प्रताप मल्ल—नरोक्नोस् पंडितजी ! उनीहरू भन्दछन्-पृथ्वी च्याप्टो छ, सूर्य घुम्दछ भन्ने संसारको धारणा थियो । गेलिली-ओले यंत्र बनाए जसद्वारा आकाशका सब नक्षत्र र ग्रहहरूको पर्यवेक्षण हुन सक्तछ । उनले अनुमान प्रमाण र अध्ययन निरीक्षण-द्वारा पृथ्वी गोल छ सूर्यको वरिपरि घुम्छ भन्ने सिद्धान्त कायम गरे । लौ भन्नोस् त । यसले विचार जगतमा कत्रो हलचल मचाएको होला । हेर्नुहुन्छ ? राजामती ! राजामती ! ग्रोवरले हामीलाई सौगात चढाएको यंत्र यहाँ ल्याऊत !

जामन गुभाजू—हो त महाराज ! हाम्रो पनि कुनै कुनै ग्रन्थमा त्यस्तो अनुमान गरेको छ ।

प्रताप मल्ल—हामीले हाम्रो मुलुकमा यस्तै विद्योपार्जनको निमित्त साधनहरू जुटाउनु छ । हाम्रा प्रजालाई युरोपीय लिपि सिकाई त्यसद्वारा उनीहरूको विद्यामा प्रवेश गराउनु छ । त्यस्तो गर्नसकेमा दृष्टिकोणको विकास भई देशको गौरव बढाउनमा तिनीहरू हरहमेशा अग्रसर हुनेछन् । ( राजमतीले दूरबीन ल्याएर टक्र्याउँछिन् । ) पंडितजी, आज राति आकाशतिर यस यंत्रले हेर्नु होला । अहिले जानोस्, दुवैलाई दंडवत् ।

( प्रस्थान )

## दोस्रो दृश्य

स्थान—रानीपोखरीनेर ] [ समय—दिउँसो

लम्बकर्ण—हुने कुरा गरेको भए पो गतिलो हुन्थ्यो । न कतै शास्त्रमा नै लेखिएको छ, न परम्परामा यस्तो कहीं केही देखिन्छ । राजाको गद्दीलाई रद्दी गराएर त्यसको पावनतामा आघात पुऱ्याएपछि पनि के गतिलो हुन्थ्यो !

कमलानन्द झा—किन, के भयो अब ?

लम्बकर्ण—के भयो अब, राजाको प्राणभन्दा पनि प्यारो आँखाको तारो, राजकुमार, मुटुको गाँठो बनिरहेछन् । कस्तो जलले अभिषेक गरे भनेर गुरु पुरोहितमाथि आपद् बज्रिरहेछ । मेरा चारवटा छोरा एक एक वर्ष पाले पालोले राज्य गरून् भन्ने मुरादले..........

कमलानन्द—( बीचैमा कुरा काटेर ) होला, त चारऔटेलाई राजकाज गर्न लगाएर तीमध्ये सिपालु जो होला उसैलाई उत्तराधि-

कारी तुल्याउँला भन्ने उहाँ को विचार हो कि ?

लम्बकर्ण—त्यही त भएन। राजकाज पनि के च्याम्पटी घुमाए को हो र ? अरू सबै विषयमा त्यस्तो मर्मज्ञ गुणवान् र नीतिज्ञ राजा पनि यो एक कुरामा किन यस्तो अन्धो भइदिएको होला मैले केही बुझ्न सकिन।

कमलानन्द—यो सृष्टिमा, मायाले कसलाई छोपेन। त्यतिकसा महारानीहरू उनीहरूमा मुख्य तिनै भए जसबाट एकभन्दा एक राजकुमार पैदा भए। उनीहरू सबैको चित्त बुझाउन यो एउटा खेल खेलिबक्सेको होला।

लम्बकर्ण—यस्तै खेल उहाँको श्रद्धेय पुर्खाले खेल्दा मल्लहरूको त्यत्रो विशाल राज्य टुक्रा टुक्रा भएर यो हबिगतमा पुग्यो। फेरि के हुने हो ?

कमालनन्द—राजकुमार चक्रवर्तीन्द्र मल्ल को अस्ति मात्रै त्यस्तो धूमधामसँग राज्याभिषेक भयो। आजै फेरि त्यस्तो सिकिस्त बिरामी भन्नुहुन्छ।

लम्बकर्ण—त्यही त भनेको—यो पुण्यभूमि हो। यहाँ जथाभावी तथाभावी गर्न हुँदैन भनेर मैले राजलाई भनेको पनि हुँ। तर अहिले तपाईले भन्नुभएको कुराले मेरो चित्त साह्रै बुझ्यो। संसारको इतिहासमा प्रत्यक्ष प्रमाण पाइन्छ कि जाति नारीको हस्तक्षेप र प्रभाव शाशनमा पर्दछ उत्तिकै मुलुक अधःपतनतिर धकेलिन्छ। फेरि यिनै नारीहरूले गर्दा कति प्राणी स्वाहा भएका छन्। कतिका मथिङ्गलै फुटेर छताछुल्ल भएको, छ, कतिको मुद्धुले ठाउँ छोडेर महा अनर्थ मच्चिएको छ, कतिको गिदी खुस्केर गल्लीमा भएर रल्लिइरहेकाछन्।

कमलानन्द—अहिले राजकुमारलाई केही गरेर त्यस्तै अनिष्ट

भइदियोभने हाम्रा राजाको के गति हुने हो ? उहाँकी मुमा महारानी पनि चौपट्टै मन परेकी भन्छन् ।

लम्बकर्ण—मानिस हुन त मुश्किलै छ । म त जम्मै अलच्छिन देखिरहेछु । पुरश्चरण गर्नुपर्‍यो पण्डितजी भन्ने हुन्छ । आफ्नो मनले नखामेको कुरामा के पुरश्चरण हुन सक्तछ । मैले त राजालाई संकेत दिइसकें ।

कमलानन्द—जामन लागे कि ?

लम्बकर्ण—उनी पनि लाग्दैनन् बुभ्रुक छन् । त्यसै फस्ने जीव होइनन् । नहुने कुरामा हात हालेर आफ्नो नाममा किन दाग लाउँथे ?

( स्वां स्वां र फ्वां फ्वां गर्दै एउटा सैनिकको आगमन )

किन ? घलेदाइ कहाँको दगुरादगुर हो ?

घले—बाजेलाई खोज्न आएको । जहाँ हुनुहुन्छ ल्याउनू भन्ने भएकोले सैनिकहरू चारैतिर छुटेका छन्, तर भेट्टाउने भाग्य मेरै रहेछ ।

कमलानन्द—किन ? त्यस्तो जरूरी के परेछ ?

घले—के अब ? महाराजाधिराज चक्रवर्तीन्द्र मल्लको हालत साह्रै खराब छ भन्ने घुइरो सुनिन्थ्यो । पालोमा थियौं कताबाट सुँक्कको आवाज पनि आउँथ्यो ।

लम्बकर्ण—के राजकुमारको स्वर्गारोहण पनि भइसकेछ कि ?

कमलानन्द—राजकुमार भन्ने आज्ञा नहोसन । महाराजै भइबक्सिइहाल्यो नि !

घले—कसैको पनि चित्त नबुझ्ने काम गरेपछि कैले भलो हुन्छ ।

लम्बकर्ण—( कमलापट्टि फर्केर ) देख्नुभयो ? कसैको पनि चित्त नबुझ्ने काम भयो त्यसैको फल मिल्यो ।

( एउटा ब्राह्मण मुढुलै जान लागेको )

कमलानन्द—बाहुन बाजे ! मुढुलै कतातिर ?

ब्राह्मण—अहो ! यहाँलाई थाहा छैन ? राजदरबारमाथि कत्रो विपदको पहाड बज्रिइरहेछ । अस्ति मात्रै त्यस्तो चहक-महकसँग राज्याभिषेक भयो, कतिले दोसल्ला ओढे, कतिले हर्षबढाइँ पाए, कतिले नाक फुलाए, कतिले राल चुहाए । आज उहाँले चारै दिनको दिन यत्रा राजवैद्य तान्त्रिक झारफुकेहरूको पनि केही नलागेर यसरी अकालैमा कालको ग्रास बन्नुपर्‍यो । हुनेहुनामी कसले टार्दो रहेछ र !

कमलानन्द—कहाँ अब पशुपति आर्यघाटमा दाहक्रियाको इन्तजामको निमित्त खटिएको छु । वेश भयो ओहो ! ऐले त्यो राजदरबारको बिजोग कसले हेरिदियोस् !

लम्बकर्ण—किन ? किन ? के भयो र बाजे ?

ब्राह्मण—के हुन्थ्यो ! महारानी छाती पिटी पिटी रुन लाग्नुभएको छ । उहाँको त सर्वश्री नै एउटै । एउटैले पनि चटक्क छाडेर हिंडिदिएपछि विचरीलाई कस्तो भएको होला ? उहाँका साथ उहाँका खंडका नानी सुसारे धाई द्वारेका कंकला शब्दले राजदरबार मसानतुल्य भइरहेछ । महाराजको पनि नजरबाट आँसुको भल बग्दो छ । कस्तो हृदयविदारक दृश्य देख्नुपर्‍यो ।

घले—जानोस्, भट्टजी महाराज ! यहाँले संझाई बुझाई उहाँहरूको दुःखलाई हटाउनुपर्‍यो ।

कमलानन्द—आँ, फेरि उही दिनमा टक मार्नुपरेको किन नि केही बुझिएन ।

लम्बकर्ण—यो पनि साइतमा नै गर्नुपर्ने, त्यही दिन निक्ल्यो होला ।

ब्राह्मण—साइत न फाइत। लछारिएन के साइतले अब ? राजज्योतिषीले आफ्नो ग्रहदशा हेरून् । हुत्तिएपछि थाहा पाउलान् । ( प्रस्थान )

( जामन गुभाजूको आगमन )

जामन—ओहो ! लौ भट्टजी त यहाँ पो हुनुहुँदो रहेछ । उहाँ महाराजबाट भट्टजी खोइ, भट्टजी खोइ, को वचनधारा निस्किरहेछ। म आफैंले खोजेर ल्याउँ भनेर निस्केको ।

लम्बकर्ण—किन आज महाराजलाई म नभई नभएको किन ।

जामन—किन अब ! बाजेका वचनहरू गह लागिरहेछन् । कैयन् पटक तपाईंहरूले भन्नुभएको हो। संझाउनुभएको हो भन्ने भयो । तर के गर्नु ? वेलैमा बुझिदिएको भए र मानिदिएको भए...

लम्बकर्ण—आज यो हबिगत हुँदैन थियो। जो भयो सो भयो। अब हामीले के गर्नुपर्‍यो रे ?

जामन—महारानी साह्रै अचेत आकुल—व्याकुल—महाराजलाई बडो फसाद पर्‍यो। लाशै उठाउन नदिने बल्ल बल्ल निकाले। नगर प्रदक्षिणा गरेर आर्यघाट पुर्‍याउने र त्यहीं दाहकर्म हुने। सो लाश निकास्नलाई महाराजले प्रतिज्ञ गर्नुपर्‍यो ।

कमलानन्द—कस्तो प्रतिज्ञा ? त्यस्तो वेलामा पनि ।

लम्बकर्ण—ओहो महारानीको बुद्धिको जति तारीफ गरे पनि थोरै छ। जरूर केही ठूलो काम गराइछाड्नुहोला ।

जामन—मेरो छोराको पार्थिव शरीर नष्ट भए तापनि नामलाई अमर तुल्याइदिनुहोला। चारदिने राजा थिए भन्ने संझाउने एउटा यस्तो स्मारक बनोस् जसबाट जैलेसम्म नेपाल रहला तैलेसम्म यो कुरा पनि सबैले संझिरहून्।

कमलानन्द—महाराजबाट के भन्ने भयो ?

जामन—के अब ? त्यस्तो वेलाको माग, त्यो पनि मन परेकी महारानीबाट—कसले नाइ भन्ला नि ! तिमीलाई खुशी तुल्याउने वस्तुको निर्माण होला धन्दा नमान महारानी ! भन्नुपर्‍यो।

## तेस्रो दृश्य

स्थान—हनुमानढोका दरबार ] [ समय—दिउँसो

[ हनुमान्ढोका दरबार। अघिल्तिर जगन्नाथजीको मन्दिर, जामन गुभाजु र लम्बकर्ण भट्टको वार्तालाप चलिरहछ ]

लम्बकर्ण—महाराजाधिराज प्रताप मल्लको जय होस्। महाराजको शरीर गयो तापनि नेपाल उहाँलाई कहिले बिर्सने छैन। हेर्नोस्, यही हनुमानढोका दरबारलाई नै लिऊँन। तन्त्र मन्त्रले यसलाई जल्दोबल्दो तुल्याई एउटा सुन्दर भवनको निर्माण भयो।

जामन—भट्टजी महाराज ! तपाईंले पनि त कमालै गर्नुभयो। तपाईंको तन्त्रमा कत्रो बल ! श्री नृसिंह भगवानलाई हिंडाइदिनुभयो हँ। महाराज कस्तो विघ्न रीझिनुभएको।

लम्बकर्ण—हो, रीझबापत यतिको जग्गा जमीन पनि पाएँ। के गर्नु मन्त्रीको पेच पर्‍यो ? नत्र पश्चिमतिर लाग्न पाएको र भरिया अलि हट्टाकट्टा बासमा दाउरा अलिकति सुकेका, जुटेका भए हुनसम्म हुने थियो।

जामन—किन ? के भयो र ?

लम्वकर्ण—तैंले कुल्चेको जति जग्गा तँलाई तीन दिनभित्र जहाँ जहाँ जान्छस् जा भन्ने भएकोमा म भर्खर देशबाट आएको, रात्ररी नबुझेको, उनीहरूले केवल पर्ती पर्ती भएको उब्जाउ नहुने दिशातिर पो लगाइदिए। भरिया भन्नुहुन्छ, लंगडो बात भएको रहेछ, भनें नि, हिंडिदिए पो। त्यसमाथि बास बासमा दाउरा नबलेर तीनजनालाई भात पकाउन तीन घंटा लाग्यो। पछि बुझ्दाखेरि त महाजालमा पो पारेको रहेछ।

जामन—मलाई पनि त्यस्तै गोता खानुपरेको थियो।

लम्बकर्ण—बुझें, उही देशी इन्द्रजालीले छकाउँदाखेरि होइन ? के भएर मुट्ठ नै लिएर उडिदिनुभयो रे, होइन पाजीलाई फत्र्याक फत्र्याक पर्नुपर्‍योहोला। मैले त सुनेथें—तपाईंको घरमा गएर पो अब ज्यान मारेको भनी सजाय गर्न लागे भनेर रोयो रे। गुभानी त आफ्नो खुट्टा चुलोमा घुसारेर दनदन बालेर भात पकाउन लागेकी रे। त्यस्तो देख्नासाथ उसले ठमाइहाल्यो रे। होइन ?

जामन—हो, पछि हायल कायल पारेर मात्र मुट्ठ फिर्ता दिएँ र छ्यान्नब्यान्न पारेको सगल बनाएर ज्यान जोगायो अनि सुइँकुच्चा ठोकेछ।

लम्बकर्ण—हो, यो मुलुकमा जस्ता तस्ताको दाल गल्दैन। त्यस्तै अलौकिक नभई यहाँको मानिसलाई छकाउँछु भन्नु बेवकूफी हो।

जामन—महाराजले त वेसै कदर गर्न खोजेको हो। मन्त्रीले... ।

लम्बकर्ण—हो, यसरी महाराजले हरेक कुरामा वेपरवाहसँग खर्च गर्न लागे ढुकुटी कति दिन रहला भनेर।

जामन—उहाँलाई विद्याको कत्रो सोख ! कवीन्द्रसमेत उहाँको उपाधि छ ।

लम्बकर्ण—चक्रवर्तीले राजा बनेर मरेको पनि कामै लाग्यो। नत्र यस्तो भव्य पोखरी कसरी सुझ्थ्यो ? कति राम्रो पोखरी छ। त्यसमाथि हेर्नोस्न, महाराजबाट सम्पूर्ण तीर्थस्थानको पावन जलले पवित्र भएको छ । बीचमा शिवजीको स्थापना चारैतिर चार कुनामा अरू देवी देवताहरू, फेरि मन्दिरमा जान लामो सुलुक्क परेको पुल—साह्रै रमणीय देखिन्छ ।

जामन—महाराजबाट दम्पती चढेको हात्ती किन खडा गरेको होला नि ?

लम्बकर्ण—किन हुन्थ्यो अब ? महारानीको मन राखिदिन। महारानीले जुन बोल कबोल गराएको थियो पुगिछोड्यो ।

( कमलानन्दको प्रवेश )

कमलानन्द—धन्य मेरो भाग्य । यस्तो संगम सदा सर्वदा कहाँ भेट्टिन्छ र ?

लम्बकर्ण—आउनोस् ! आउनोस् ! तपाईंले भन्नुभएकै ठीक हो भने पनि त यो त त्रिवेणी भयो । गुप्त भएको सरस्वती प्रकट भइन् । कसो ?

जामन—मनासीब ? झाजी विद्याको भंडारै हुनुहुन्छ ।

कमलानन्द—छि ! त्यस्ता कुरा नगर्नोस्न ( सामुन्ने भित्ताम कुँदिराखेको अक्षरहरूलाई देखाएर) त्यस्तो जान्ने भए ता त्यो धाराबाट दूध निकालथें र तनतनी पिउँथे । महाराजलाई फिरँगीको लिपिको समेत ज्ञान रहेछ ।

लम्बकर्ण—फिरंगीले झंडै सिध्याएथ्यो । यहाँ ईसाई मत प्रचार गर्ने अनुमति पाइसकेको ए !

जामन—त्यो त महाराजको धार्मिक उदारताको परिणाम हो। देख्नुभएन ? महाराजबाट पशुपतिनाथमा सुनको छाना बन्यो त स्वयम्भूनाथमा पनि प्रख्यात वज्र रह्यो। मसजीद पनि मुसलमानहरूले बनाउन पाए।

कमलानन्द—उदारता हुनु त बेशै हो, तर उदारताको नाममा आफ्नो धोती खुस्केको होश भएनभने त सर्वनाश हुन्छ नि।

लम्बकर्ण—सानो मछिन्द्रनाथको यात्रा पनि चलाएको राम्रै लाग्यो।

जामन—तर यी राजाले नीलकंठमा नारायणको दर्शन गर्न हुन्न भनेको के होला ? हनुमान्ढोकामा महाराजबाट बूढानीलकंठमा जस्तै जलशायी भगवान्को स्थापना भएको छ।

कमलानन्द—नराणां च नरेन्द्रोऽहं भन्ने भावले होला। छन् नि खुशामदी टट्टूहरू। जस्तै घमण्डी राजाहरूलाई पनि आकाशमा पुऱ्याएर पातालमा बजार्दछन्।

जामन—हो त, नराणां च नरेन्द्रोऽहं भनेको कुन अर्थले हो। त्यही प्रवचनको आधारमा राजाहरूको इतिहासमा धेरै अनर्थहरूले प्रोत्साहन पाएका छन्।

लम्बकर्ण—हाम्रो महाराजलाई घोडाको पनि बडो सौख हो नि।

कमलानन्द—खूब फुर्तिलो तेजिलो घोडा चढ्नु पर्ने।

जामन—महाराजबाट दान धर्म पनि धेरै भए नि।

लम्बकर्ण—पशुपतिनाथमा कोटिलिंगको स्थापना गर्ने अवसरमा उनले राज्यपरिवार सबैको तुलादान गराएको। त्यही बेला

त ह्यो नि वैशमणिको गीति, दिगम्बरको अभिनय भएको। पात्रहरूले कत्रो सफलतापूर्वक नाट्यकलामा आफ्नो खूबीको प्रदर्शन गरे ? म त जिल्ल परिरहेँ।

जामन—जेहोस्, किन ह्यो किन ? मलाई त यस्तो लाग्छ प्रतापी यक्ष मल्लका सन्तानमा जो कुछ यिनले गरे यति गर्ने पनि अरू निस्केको छैन। सबै क्षेत्रमा यिनबाट मुलुकको शोभा बढ्यो। यसकारणले यिनको गौरवमय जीवनको गुणगान पछिसम्म पनि रह्नेछ, यही मेरो धारण छ। जसले टुक्रा टुक्रा भएको यस हिमवत्खण्डको स्वतन्त्र भूमिलाई एकै सूत्रमा बाँध्ला त्यसको हातमा भविष्य रह्ने छ। त्यसैले नेपाल माताको आँसु पुछ्नेछ र स्वाधीन हिन्दूराज्यको पुनरुत्थान गराई विश्वमा स्थान दिलाउनेछ।

( पर्दा खस्छ )

# प्रतापसिंह

## पात्रहरू

(पुरुष)

प्रतापसिंह—नेपालका महाराजाधिराज ।

बहादुर शाह—प्रतापसिंहका भाइ ।

रणबहादुर शाह—प्रतापसिंहका छोरा, पछि महाराजाधिराज

गजराज मिश्र—राजगुरु

बमशाह<br>दामोदर पाण्डे<br>अभिमानसिंह बस्नेत<br>अमरसिंह थापा — नेपालका वीर योद्धा तथा भारादारहरू

सुलाकी, नोकर आदि ।

(नारी)

जेठी महारानी तथा कान्छी महारानी—प्रतापसिंहका महारानीहरू ।

पुष्यराज्यलक्ष्मी—प्रतापकी बहिनी ।

चीनियाँ—बहादुरशाहकी केटी ।

राजेश्वरी—पाल्पाका राजा महादत्त सेनकी छोरी ।

मधुमालती, ललिता चन्द्रकुँवरी, चाँद—राजेश्वरीका सखीहरू ।

शोभा, जुराब तथा पन्ना धाई—प्रतापसिंहकी नानी, सुसारे धाई ।

# प्रतापसिंह

## पहिलो दृश्य

स्थान—हनुमान्ढोका ] [ समय—९ बजे रात

[ प्रतापसिंह भण्डारखाल बगैंचामा ठूलो खाटमा मखमलको डसनामा राजभइरहेछ । रातको बखत छ । जून लागेको छ । मन्द मन्द हवा चलिरहेछ । एक चकलामा जेठी महारानी, अर्को चकलामा कान्छी महारानी । शोभा द्वारे, पन्ना धाई, जुराबनानीहरू वरिपरि बसेका छन्, बत्ती कातिरहेछन् । ]

प्रतापसिंह—क्या राम्रो छ हाम्रो देश ! यस्तो जेठ महीनाको गर्मीको बखत छ । मन्द मन्द हावा चलिरहेछ । काशीमा एकपल्ट यही महीनामा पुग्नुपरेको थियो । उंफ् ! संझँदैमा आङ जुरुङ्ङ भएर आउँछ । खलखल पसीना बगिरहेछ । हवा पनि तातो, पोल्ने, पलंगमा पल्ट्यो, ओल्ट्याङपल्ट्याङ, गर्‍यो । निद्रै नआउने ।

जेठी महारानी—ओहो ! कस्तो तिर्खा लाग्ने—पानी खान खोज्यो, तातो खल्लो । भात पनि कत्ति नरुच्ने ।

शोभा—बेलुकी पख गंगाजीको किनारमा टहलिन सवारी हुन्थ्यो ।

प्रतापसिंह—त्यही त भन्छु, हेर, जहाँ जाऊ, गर्मीले धुरुक्क रुवाइहाल्छ । कतै फेरि जाडोले कठांग्रिएर चेतबाबाकाशी

गराइहाल्छ। हाम्रो यो सुन्दर राजमा न ज्यादा गर्मी नै छ, ठण्डी छ।

कान्छी महारानी--हाम्रा मुलुकका मानिसहरू पनि बड बहादुर र नूनका सोझा छन्। हृष्टपुष्ट छन्, बलिया छन् यिनको सीप हेर—कस्ता राम्रा राम्रा झल्लरीवाल झ्या बनेका छन्। आज संसारका कुनै भागका कालिगढहरूभन्दा हाम्रा कम छैनन्।

पन्ना धाई—हाम्रा मुलुकमा, क्या सरकार, विद्वान् पनि कम छैनन। हाम्रा शक्ति, ललितावल्लभ, वीरशालीहरू काशीका कुनै विद्वान्हरूभन्दा कम छैनन् रे।

प्रतापसिंह—यस्तो यो देशमा अब के होला ? मेरो शरीर गल्दै गयो। अब धेरै दिन बाँचिएला जस्तो छैन। परिश्रमी जीवन परिश्रम परिश्रममा नै बित्यो।

जेठी महारानी—त्यस्तो के हुकुम भएको ? त्यस्तो अलच्छिना कुरा पनि मुहारबाट निकालिबक्सनुहुन्छ ?

जुराब—हाम्रा भाग्य भए सय वर्ष बांचिबक्सिन्छ।

शोभा—ठीक भन्यौ जुराब, आयु बढाउने धर्म नै हो। हजूरबाट धर्म कार्य धेरै भएको छ!

कान्छी महारानी—दिन नआएसम्म केही पनि हुँदैन। आइपुगेको दिन कसैले पनि टार्न सक्तैन।

प्रतापसिंह—ठीक भन्यौ, कान्छी महारानी। मेरा शरीरका अंगप्रत्यंगले जवाफ दिन लागिरहेछन्। अरू कुराको त केही पीर छैन। केवल सन्तानको पीर छ। भर्खर एउटा बच्चो जन्मेको छ। यो राजकाज सह्माल्ने को ? श्री बुबाज्यूबाट आर्जेको गौरवलाई स्थिर र कायम राख्ने को ?

शोभा—द्वारे किन सरकार? यस्तो यो नचाहिने कुराको फिक्री किन गरिबक्सिन्छ? हजूरलाई केही पनि हुँदैन।

प्रतापसिंह—नभए त बेसै भयो लौ। तर मेरो कुरा तिमीहरू के थाहा पाउँछौ? तथापि सबै कुराको शोच विचार राख्नु पनि त बेसै हो।

कान्छी महारानी—बिलकुल पर्दछ। नेपाल साम्राज्यको जग मात्रै बसेको छ यसलाई फलाउनु फुलाउनु बाँकी नै छ। हामीले कुनै गलत कदम उठायौं कि हाम्रो राष्ट्रको सर्वनाश हुन्छ।

जेठी महारानी—अरू कुरा त त्यस्तै हो, हुँदै रहला, चल्ला। नाबालक शासनमा जतासुकै महत्वाकांक्षी भाई-भारादारहरूले शिर उठाउँछन्। तिनीहरूले नै राष्ट्रहिततिर नलागी स्वार्थपट्टि दगुरेभने महाफसाद पर्छ।

प्रतापसिंह—त्यसैको त मलाई बढ्ता सुर्ता छ। बहादुर शूरो छ, बुद्धिमान् छ। मगज खेलाउन सक्तछ। सबकुछ छ, तर किन हो किन, त्यसको आंटै र हौसला देखेर मलाई नजाती वेदना हुन्छ।

पन्नाधाई—उहाँले अलिकति पनि राम्रो समझ लिइदिएको भए आज किन उहाँलाई बेतिया पुग्नुपर्ने थियो।

प्रतापसिंह—गोरखादेखिन् हामीले बढ्दै बढ्दै आएर एउटा साम्राज्यको सूत्रपात गऱ्यौं। अझ बाइसे चौबिसेहरूले मोका पाए कि हामीमाथि प्रहार गरिहाल्नेछन्। यो व्यासी प्रदेशमा शासन व्यवस्थालाई सुदृढ बनाउनै छ।

जेठी महारानी—हामीलाई अर्धांगिनी बनाएर सधैं प्रेमसंग राखिबक्स्यो। राजकाजका विषयमा पनि सधैं विचार-विमर्श गरिबक्स्यो। हामीले सकेको अवश्य गर्नेछौं। हाम्रो भाग्य भए जरूर पशुपतिनाथले हजूरलाई चिरञ्जीवी राख्लान्!

प्रतापसिंह—अं, दामोदर र अमरसिंह पनि त छन्। तिनीहरू बडा वीर छन्। सल्तनतलाई डग्न दिनेछैनन्। मलाई विश्वास छ।

शोभा—१० घड़ी रात गइसक्यो। भर्खर घण्टी हान्यो। ज्यूनारको बखत भयो।

प्रतापसिंह—लौ, भोलि भारदारी बोलाउनू भनेर जुजुरत्नलाई भनिदेऊ हेरौं, के हुन्छ।

( श्री ५ को सवारी भित्रिन्छ )

( पन्ना र जुराब त्यहाँ बिछाएका डसनाहरू भित्र दलानतिर हुल्न लाग्छन्।

पन्ना—श्री ५ बाट के हुकूम भएको होला! अहिल्यै त्यसरी हरेस किन खाइबक्सेको होला!

जुराब—कुले ज्योतिषीले यो साल अनिष्ट छ भनेको छ रे। त्यसैले हडबडाइबक्सेको होला!

पन्ना—अनिष्ट छभने शान्ति स्वस्ति गरे टरिहाल्ला नि। तर यी राजाहरूको त अनौठे हुन्छ, यसै भन्न सकिंदैन।

जुराब—राजकाज गर्न सक्लान् जस्ता बहादुर शाह थिए। महारानीको पेंच लागिहाल्यो। विचरालाई बेतियामा सडि-रहनुपरेको छ।

पन्ना—हो, है, उहाँ त साह्रे नै बुद्धिमान्। ओहो, यो नेपालको उहाँलाई कस्तो प्रेम थियो। दैवको गति पनि विचित्रै छ। उहाँलाई नै परदेशमा देशनिकाला भएर बसि रहनुपरेको छ।

( दुवै को प्रस्थान )

( पर्दाखस्छ )

## दोस्रो दृश्य

स्थान—वेतिया ]                                    [ समय—साँझको बखत

( बहादुर शाह बैठकमा टहलिइरहेछन्। एक्लै छन्।)
गुनगुनाइरहेछन् )

बहादुर शाह—यो के भयो? जिन्दगीको अमूल्य समय यहाँ यसरी बिताइरहनुपरेको छ। श्री बुवाज्यूबाट कत्रो राज्य खडा गरिबक्स्यो, कत्रो आँट थियो, कत्रो धैर्य थियो, कसरी साराका सारालाई हातलिइबक्सेको थियो। के उस बखतमा रागद्वेष थिएन र? के उस बखतमा भित्रभित्रै घम्साघम्सी हुँदैन थियो र? तर बुवाज्यूमा कस्तो पारख गर्ने शक्ति थियो, कस्तो विवेक थियो। हेर्, बहादुर, तेरो दाज्यूको मलाई का भर पत्यार लाग्दैन। त्यो ज्यादा स्वास्नीमानिसको कुरा सुन्दछ। मैले नेपाल राज्यको जग बसालें। अब ठिना-मिना राज्यले आफ्नो पृथक् स्वाधीनता कायम गर्ने जमाना गयो। आफ्नो खुट्टामा आफैंले खडा हुन सक्नुपर्छ। जसले आफ्नो मुलुकलाई बलियो तुल्याउन सक्यो, जुन मुलुकले हाम्रा बुवाज्यू जस्ता देशप्रेमी र वीर पैदा गर्न सक्यो, जसले मुलुकलाई बढाउनाका साथसाथ त्यसको बन्दोबस्त पनि गर्दै जान सक्यो, त्यसैले साम्राज्य खडा गर्न सक्छ, अढाउन सक्छ, हुर्काउन सक्छ। हाम्रो त खडा भयो, अब हुर्काउनु छ, फैलाउनु छ। (दाह्रा किटेर) के गरूं? यस्तो बखतमा यहाँ यसरी बस्नुपर्‍यो। नत्र त बाइसे चौबिसे नामधारी रजौटाहरूलाई हाम्रौ आधिपत्य स्वीकार गर्न लगाइछाड्नुहुन्थ्यो। अहिले हाम्रा देशमा वीरको पनि कमी छैन। दामोदर पाण्डे, जगत्जित पाण्डे, अमरसिंह थापा, रामकृष्ण कुँवर, जीव शाह, बलभद्र शाह जस्ता सेनापतिहरू

छन् सारा फौजमा जोश र उमंग छ। सारा प्रजा राम्रो सल्तनत चाहन्छ के गरूँ ? यस्तो बखतमा दाजैज्यूले भाउज्यूको। कुरा सुनेर मलाई बन्दीखानामा हालिदिइबक्स्यो ! गुरुज्यू गजराज मिश्रको ऋण म कसरी तिर्न सकुँला ? उहाँ नभएको भए बन्दीखानामा नै कुहिएर बसिरहनुपर्थ्यो अरू पनि के के हुन्थ्यो !

( हुलाकीको प्रवेश )

हुलाकी—माथि को छ ? एउटा जरूरी चिट्ठी आएको छ !

वहादुर शाह—(मनमनै) जरूरी चिट्ठी ! कहाँबाट आयो होला। नेपालैबाट न होला, हँ ? श्री पशुपतिनाथले मेरो पुकार सुन्नुभयो कि ?

हुलाकी—किन कोही बौल्दैन ? बहादुर शाहको चिट्ठी आएको छ। छाप मारेको जरूरी छ।

वहादुर शाह—तल को छ, हँ हुलाकीको घाँटी सुक्यो होला कोही बोल्दैन।

( नोकर गएर चिट्ठी लिएर आउँछ )

वहादुर शाह—( चिट्ठी देख्नेबित्तिकै ) ए! यो त गुरुको चिटठी हो। जरूर असल समाचार होला ! (चिट्ठी पढ्छन् ) हँ ! दाजैज्यूको स्वर्ग भयो रे ! कठैबरा ! यति सानो आयु रहेछ र यो विपरीत लगेको रहेछ। ( आँखाबाट आँसु तर्र चुहाउँछन् ) सङ्सङै खेल्यौं, सङ्सङै खायौं पियौं, उहिले मलाई कस्तो माया गरिबक्सिन्थ्यो, मलाई पनि कसरी दाजीलाई खुशी राखूं भन्ने थियो। कान्छी भाउजूले के टुना गर्नु भयो, दाजीले मलाई पटक्कै माया मार्नु भयो। म त हुनसम्म आँखाको कसिंगर बनें। यति चाँडै जानै हुनुहुँदो रहेछ र पो बुवाज्यूले पनि सल्तनतको राम्रो इन्तजाम गर्नें नपाउंदैमा

स्वर्गको यात्रा गरिबक्स्यो दाजैज्यूले भाग्न पाइबक्सेन। अनि... ए। गुरुले मलाई बोलाउनुभएको रहेछ। हो, भतिजा नाबालक राजकाज कसले सह्माल्छ ? ( ठूलो स्वरले ) भित्र को छ, हँ ?

चीनियाँ वदन—म छु, केलाई हुकूम भएको कुन्नि ?

बहादुर शाह—हेर, चीनियाँ। दाज्यूको स्वर्गवास भएछ। मैले तुरन्तै नेपाल जानुपऱ्यो रे!

चीनिया—गुरुज्यू बाजेले खबर गर्नुभएको हो कि ? हाम्रो पक्षमा अरू को छ र ?

बहादुर—हो। हेर रातो दिन देशमा भइरहेको फाटाले मेरो दिललाई कत्ति चैन लिन दिन्न। बुवाज्यूले कत्रो कठोर परिश्रमले आर्जेको गौरव। तिमी नै भन। यो फेरि हाम्रो हातबाट फुस्क्यो भने त मर्नु भएन ? खंड खंड भएको मातृभूमिलाई उहाँले एकै सूत्रमा बाँध्ने सिलसिला चलाइबक्स्यो। त्यसैलाई चाल राखी हामीले हाम्रो प्यारो नेपालाई विश्वको स्वाधीन राज्यहरूमा एउटा विशेष स्थान दिलाउनुपरेको छ।

चीनियाँ वदन—हुन त हो। तर जेठी महारानी जाज्वल्य होइबक्सिन्छ, कान्छी महारानीलाई खूब बुझ्नुक बन्नुपर्छ, म जस्ती बुद्धिमती कोही छैन भन्ने अभिमान छ। त्यहाँ हजूरको के दाल गल्ला र ?

बहादुर शाह—यसको मलाई परवाह छैन। कर्तव्य गर्न पर्छ। जे होला।

( यतिकैमा बहादुर शाहकी बहिनी पुण्यराज्यलक्ष्मी देवीको प्रवेश )

पुण्यराज्यलक्ष्मी—कर्तव्य कर्म त गर्नैपर्छ आफ्नो मुलुकको सेवा गर्नु प्रत्येक देशवासी को कर्तव्य हो। देशलाई आपद्‌विपद्‌-

परेको वेलामा एक मूठी प्राण बचाउनाको निमित्त परदेशमा बस्नु जीउँदै मर्नु हो ।

चीनियाँ—जाल पेचमा पारेर सर्वस्व हरण र प्राणदंड गराइदिए नि ?

बहादुर—यस जिन्दगीको सुख विहारका निमित्त मुगलानमा लखेश्वर लगाएर बस्नुभन्दा मकैको ढिंडो र गुन्द्रुकको झोल खाएर आफ्नै मुलुकमा बस्नु घेरै असल। यदि प्राणै जानै छभने पनि, एक दिन त मर्नै छ, अजम्बरी कोही छैन भने आफ्नी मातृभूमिकै सेवामा जीवन समर्पण गर्नु झन् असल ।

पुण्यराज्यलक्ष्मी देवी—सधैं अर्काको मुलुकमा बसेर कवाफ र पुलाउमा हात डुबाएर भोग विलासै जीवनको ध्येय हो भन्ने सम्झनेलाई धिक्कार छ। ठूला बडाले प्रेमसंग पालेको घोडाले पनि पेटभरी खान्छ, बादशाही सोख गरेर बस्न पाउंछ। तर संसारमा त्यही घोडाको नाम अमर छ जसले आफ्नो मालिकको निमित्त शत्रुसंगलडेर, ज्यान दियो, औ जो आफ्नो कर्तव्यपथबाट च्युत भएन ।

बहादुर—हो, हेरन, आज पनि भारतमा चेतकले जुन नाम कमायो, कसले कमाउन सक्यो ? त्यस्तो मोगल बादशाहका विरूद्ध लड्ने आफ्ना सालिक महाराणाको जुन उसले सेवा गऱ्यो त्यो आज इतिहासमा सुनको अक्षरले लेखिएको छ। वीर शिवाजीको सबै प्रशंसा गर्छन् ।

( बहादुर शाहको नेपाल प्रस्थान )

## तेस्रो दृश्य

स्थान—पाल्पा ] [ समय—बेलुकीपख

[ महादत्त सेनको बगैंचा। समय बेलुकीपख। राजकुमारी र सखीहरू बगैंचामा टहलिइरहेछन्। ]

राजेश्वरी—( गुलाफको फूल टिपेर ) कति राम्रो फूल! बास पनि कति मीठो! मगमग आइरहेछ।

मधुमालती—यो फूल फूलहरूकी रानी हो। आँखालाई पनि कति ठण्डा तुल्याइदिन्छ। गुलाफजलबाट लाभै लाभ छ, नोक्सान भनेको कत्ति पनि छैन।

ललिता—यो फूलको महक बडो गम्भीर छ। कत्ति उत्ताउलो छैन, मलाई त असाध्य मन पर्दछ।

राजेश्वरी—यसको अत्तर पनि उस्तै उम्दा छ। अरूको त कुरै छैन।

चाँद—हो, सबै कुरा हो, तर्क के गर्नु? टिप्न बडो कठिन छ। काँटाले कोर्छ, चिर्छ।

ललिता—त्यो त त्यस्तै हो। दुःख नगरी कहिलै सुख पाइन्छ? जति ठूलो खतरा छ उति ज्यादा मोजमजा पनि छ।

मधुमालती—तर के गर्नु? यसको जिन्दगी साह्रै छोटो छ।

राजेश्वरी—हो, मलाई पनि खट्कन्छ। तर एउटा कुरा छ। जति दिन जिन्दगी छ, भला उति दिन त यसको इज्जत छ, शान छ।

चाँद—त्यो त हो। यसको रोब रवाफ छ। बाँच्नु त यसले बाँच्नु। नत्र केवल बाँच्नैको निमित्त मात्र बाँचेर के फाइदा छ?

मधुमालती—हो, ठीक हो। जोशिलो साहसी जीवन नै जीवन

नत्र लुते कुकुर भएर अर्काले चेइ चेइ गर्दा फुर्र तालमा नाच्ने हिंड्ने र अर्काले दुत्कारेमा दाँत ङिच्च पारेर क्वाइँ क्वाइँ गर्दै सुइँकुच्चा ठोक्ने जीवन बिताएर के गर्नु ?

राजेश्वरी—मुमाले कथा हाल्नुहुन्थ्यो नि। उहिले हाम्रा पुरुखाहरूमा स्त्रीहरू पनि दुश्मनको मुकाबिला गर्दथे रे। पुरुषले झैं हतियार भिडेर रणक्षेत्रमा लड्दथे रे।

चाँद—अँ, सुरुङ्गभित्र आगो। भरेर त्यहीं भित्र पस्थे रे समाधि लिन्थे रे।

मधुमालती—अँ, मुसलमानहरू उनलाई देखेर छक्क पर्दथे रे। उनाहरूलाई हातपार्न कति जमजमाउँथे रे। तरती सावित्रीहरूको सतीत्व डगाउन कसको मजाल।

राजेश्वरी—राम्रो, सौभाग्यको पोशाक पहिरेर गहना झकमक्क लाएर आफूलाई बलिदान दिन्थे रे।

चाँद—त्यसैले त उनीहरू अहिलेसम्म पनि बाँचेकै छन्।

मधुमालती—हो है, हामी पनि त तिनैका सन्तान हौं। होइन, राजकुमारी हजूरको त अब फूल फुल्ने बखत छ। कोही वीर पुरुष पाए मात्र बरिबक्स्योस्, नत्र नामर्दकी स्त्री भएर त के बस्नु।

चाँद—हाम्री राजकुमारीलाई सुहाउने वीरको मैले तलासः गरिराखेकी छु। हाम्रो यो नेपालमा जसले जे भनोस् यतिका राजा रजौटाहरूमा गोरखालीहरूले नै नाम कमाए। कहाँ गोरखा, कहाँ काठमाडौं। आज काठमाडौंमा उनीहरूको झण्डा फरफराइ-रहेछ। स्याबास, पृथ्वीनारायण! गइसकेको गौरवलाई फेरि ताजा गरायौ।

ललिता—छिः दिदी त कस्ती! पाल्पाका राजदरबारमा बसेर गोरखाको सहानी? महाराजलाई थाहा भयोभने ?

चांद—महाराजलाई थाहा भयो भने यहाँबाट निकालिबक्सेला, त्यति होइन ? आफ्नो स्वार्थमा हानि हुन्छ भनेर सत्य कुरा न बोलूँ ?

राजेश्वरी—भन्नुहोस्, दिदी ! भन्नुहोस्। यदि कटु सत्यहरूलाई लुकाई हाँमा हाँ मिलाउनेहरूले नै देशको सर्वनाश पार्दछन् ।

चांद—हो, तिनै पृथ्वीनारायण शाहका छोरा बहादुर शाहको बारेमा मैले त कति कति कुरा सुनेकी छु ।

मधुमालती—हो, केही केही त मैले पनि सुनेकी छु। साह्रै धीर पुरुष रे। फेरि हक कुरामा कसैसँग पनि नडराउने रे।

चांद—केटाकेटीदेखि नै बुबालाई यस्तो पत्यार पारेको रे—पछि त जहाँ धावा गर्नुपरे पनि बहादरसँग विचार-विमर्श हुन्थ्यो रे। एउटा लडाइँमा त चारैतिरबाट शत्रुले घेर्दा पनि उहाँ उम्कनुभयो रे। सबै शत्रुहरूलाई खुकुरीले छपाछप पार्नुभयो रे।

मधुमालती—कहाँ ? एकपल्ट शिकारमा बाघले झम्टंदा कत्ति नआत्तिईकन संघर्ष गर्नुभयो रे। बाघ मरेपछि हेर्दा त उहाँको शरीरमा कति ठाउँबाट रगत बहिरहेको !

राजेश्वरी—अनि ! अनि !

चांद—हेर नि ! हाम्रा राजकुमारीलाई कस्तो सुनिरहनुपरेको । अँ, मानिस शूर वीर त होइबक्सिन्छ रे फेरि राज-काजमा पनि बढा सिपालु ! यति सानो उमेरमा यस्तो बिघ्न शक्ति भएका त कमै होलान् ।

मधुमालती—फेरि राम्रो पनि चौपट्टै होइबक्सिन्छ रे,

गोरो मुहार, चौडा छाती, लामा हात गहकिला पिंडौला। मैले त सुनेकी छु उहाँ अति राम्रो स्वभाव भएको होइ-बक्सिन्छ रे।

राजेश्वरी—मैले पनि यही विचार गरेकी छु। केवल यही एउटा कुराको अप्ठ्यारो छ। गोरखाको र पाल्पाको मेल छैन।

चांद—मेल नहोस्। यसले के हुन्छ? तँ इच्छा गर्, म पुन्या-उँछु भन्ने ईश्वरको हुकुम छ। जपना, तपना, र रटना त्यही भयो-भने नपुग्नु के छ?

( चन्द्रकुँवरीको प्रवेश )

चन्द्रकुँवरी—नेपालबाट आएको खबर सुन्नुभयो। गोरखालीले नेपाल सर गरेपछि बाइसे चौबिसेमाथि लागे। पाल्पामाथि पनि दागा धरेका छन्।

ललिता—हाम्रो पाल्पागोरखाभन्दा के कुरामा कम छ र? हामीले डराउनुपर्ने कुरै छैन।

चन्द्रकुँवरी—हो अरूको त केही डर लाग्दैन। बहादुर शाह भने बड़ो बुद्धिमान्, चतुर र साहसी छन् रे? उनको दृष्टि पनि पाल्पामा पर्ने हो कि? उनको त कस्तो छ रे भने, जे कुरा पनि हात हाल्यो कि पार लगाइहाल्छन् रे।

चाँद—जसो होला। हाम्रो पाल्पा पनि पछि हट्नेछैन। दुश्मनको मुकाबिला गरी छाड्नेछ।

मधुमालती—हाम्रा डाँडा काँडा अजय दुर्गहरू छन्। हुनत उनीहरूले यहाँ आउन भरमगदूर कोशिश गर्नेछन्, तथापि ढुंगै वर्साएर पनि हामीले तिनीहरूलाई दोहोलो पार्नेछौं। सातो छिनेछौं।

चन्द्रकुंवरी—हो, मूढेबल त हामीसंग प्रशस्त छ। हो, हामीले भने जस्तो उनीहरू आएभने त गरौंला, रोकौंला, लडौंला। परन्तु अरू नै उपाय सोचेभने नि ?

मधु—हामी पनि त्यसको निवारणको प्रबन्ध मिलाऔंला।

राजेश्वरी—यी सब तर्कवितर्क केलाई चाहियो ? जुन बखतमा जे परिआउला, गर्नुपर्ला। भयो, आज अबेर भइसक्यो। जाओ।

( सबै भित्र जान्छन् )

## चतुर्थ दृश्य

स्थान-हनुमान्ढोका दरबार ] [ समय बेलुकीपख ४ बजे

[ दरबार लागिरहेछ। बहादुर शाह सामन्तगणसंग विचारविमर्श गरिरहेछन्। ]

बहादुरशाह—हो, हामीले पाल्पालाई संझाउने पर्छ। संझेनन्-भने राजकाजमा साम दाम दण्ड भेद जेले हुन्छ, नेपाल माताको काखमा ल्याउनै पर्दछ। अब ठिनामिना राज्यहरूको जुग गयो।

अभिमानसिंह बस्नेत—अवश्य गयो। भारतमा पनि-सुनिन्छ सानासाना राज्यहरू नष्टभ्रष्ट हुँदै गए रे। परस्परमा कलह गरेर आफ्नी जन्मभूमिलाई विदेशीको हातमा सुम्पिरहे-छन् रे।

दामोदर पाण्डे—मलाई त्यही डर त लाग्छ। आफ्नो स्वार्थमा मानिसहरू कसरी अन्धा हुन्छन्, मुलुकलाई डुबाउन कत्ति अनकनाउँदैनन्। मातृभूमिको सेवामा पनि के को गुटबन्दी ? उदेक लाग्छ ! राष्ट्र ठूलो कि व्यक्ति ठूलो ?

व्यक्तिले आफ्नो अस्तित्व मेटाएर पनि राष्ट्रलाई अगाडि बढाउनुपर्छ।

अमरसिंह थापा—अवश्य बढाउनुपर्छ। हाम्रा वीर नेता प्रातःस्मरणीय महाराज पृथ्वीनारायण शाहले हामी सबलाई यही पाठ पढाउनुभएको छ। जसरी हुन्छ जन्मभूमिको गौरव बढावौं। यो कस्तो नराम्रो भावना? म गोरखाली उ पाल्पाली, त्यो किरात? भोटको सिमानादेखिन् लिएर काश्मीरको सिमानासम्म चन्द्र सूर्य भएको झण्डा फरफराउनै पर्छ। मेरो त त्यही ध्येय छ। त्यसको निमित्त तन, मन, धन, जे हुन्छ, अर्पण गर्न तयार छु।

बम शाह—हाम्रो शरीरमा तातो रगत उम्लिरहेछ। हाम्रा वीर सेनामा जो जोश, प्रेम र अदम्य उत्साह छ, त्यो सेलाउन नपाओस्। यो मौकामा बढेको बढ्यै हुन्छ।

बहादुरशाह—बढ्नै पर्छ यो कुराको म पूरा समर्थन् गर्दछु, तर फिरंगीसँग टक्कर पर्लात्यो हामीले हुन दिन हुन्न।

दामोदर—मेरो पनि त्यही राय छ। अहिले तिनिहरूको युक्ति बुद्धिसँग हिन्दुस्थानमा कसैको केही लागेको छैन। त्यसले तिनीहरूलाई नतर्साऔं, पहाडै पहाडबाट हिमालय प्रदेशका राज्यहरू दखल गर्दै गयौंभने, पछि हाम्रो पनि विशाल राज्य हुनेछ। अनि देखाजायगा।

गजराज मिश्र—मेरो विचारमा त अझ फिरंगीले यहाँ व्यापार गर्न त्यस्तो हत्ते हालेको छ। गरोस्न के भयो र?

अमरसिंह—न, न, न, त्यो त हुनसक्तैन। यो जातलाई चिनेकै रहेनछ। यो त सियो भएर पस्तछ मुशल बनेर निस्कन्छ।

एक पटक हुलिसकेपछि भालुको कम्पट हुन जाला, राखी सुख न छाडी सुख ।

अभिमानसिंह—अहँ, यिनिहरूलाई पस्न त केही गरे पनि दिन हुन्न। अज व्यापार गरौं भन्छन्। उहिले बडा धर्मध्वजी भएर पसेका होइनन् ? कसरी हाम्रा बडा महाराजले निर्मूल गरेर पठाइबक्स्यो। उहाँको जुन नीति हो त्यसैको हामीले पनि सिको गर्नुपर्छ ।

बहादुर—हुन्छ, यहाँ व्यापार खोल्न पाइन्न भनौंला, तर उनीहरूसँग कुनै किसिमको संघर्ष पर्नगयोभने त अड्नै मुश्किल पर्लानि। हाम्रो पनि अझ शासन संगठन राम्रो भइसकेको छैन। सामन्त राज्यहरूलाई आफ्नो अधीनमा ल्याउँदै जाऔंला, तर त्यहाँ शासनको प्रबन्ध पनि त राम्रै-हुनुपर्छ नि ।

दामोदर—त्यसको त हजूरले फिक्री नगरिबक्स्योस्। हजूर हामी सबै मिलेर गर्दै गर्नुपर्ला। हामीले हिमालयका अन्तर्गत राज्यहरूमा मात्र दृष्टि दिनुपर्ला। पर पर नपुगिरहौंला !

अमरसिंह—अहिलेलाई त्यही हो। पहिले हिमाञ्चल प्रदेश त सर होस्। अनि जे होला—म त अझ गंगासाँधको सपना देखिरहेछु ।

गजराज मिश्र—सपना मात्रै देखेर हुँदैन। त्यस्तो कल्पनाको पुल नबाँध्नुहोस्।

अमरसिंह—तपाईंलाई के थाहा छ बाजे ? आदर्श भनेको उच्च नै राख्नुपर्दछ ।

बम शाह—फिरंगीलाई गर्मी, धूलो र हावाले सान्है तकलीफ

भयो रे गर्मीमा हावा खाने ठाउँ चाहियो रे। उसका जहान-बच्चालाई बस्ने ठाउँ चाहियो रे। लेलास हाम्रो मुलुक। हाम्रो लाशमाथि कुल्चेर जानसकिस् भने जालास्।

अमरसिंह—स्याबास! वीर। हामी गोरखालीले भन्नुपर्ने कुरा यही हो। गर्नुपर्ने कुरा यही हो। चाहे आकाश खसोस्, चाहे पताल धसियोस्, फिरंगीलाई केही गरे पनि हाम्रो मुलुकमा पस्न दिन्न हुन्न, हुन्न। हाम्रो शरीरमा एक थोपा रगत रहुन्जेल पनि हामी दब्ने होइनौं, लन्ने होइनौं।

# वीर बलभद्र

# पात्रहरू

बलभद्र—नेपाल को एक दुर्गरक्षक र बहादुर अफिसर

कमला—उनकी स्त्री

घने घले—सुबिदार

कनकसिंह—जमदार र अरू सिपाहीहरू

| | |
|---|---|
| ठूल्नानी<br>चन्द्री गुरुङ्सेनी<br>सुबेदार्नी<br>सानी मगर्नी | उनीहरूका स्त्रीहरू |
| मार्वी लडलो<br>फ्रेजर विलियम्स | अंग्रेज अफिसरहरू |

# वीर बलभद्र

## पहिलो दृश्य

स्थान—देहरादून ]                                                    [ समय—प्रातःकाल

[ वीर बलभद्र ५०० फौजी जवान लिएर देहरादूनमा पाल टाँगेर सिमानाको रक्षा गरेर बसिरहेका छन्। तिनमध्ये १०० जवान जति बालबच्चासहितका आइमाईहरू पनि छन्। बलभद्र र उनकी स्त्री कमला टहलिइरहेका छन् ; ]

बलभद्र—( मुसुरीको पहाडलाई देखाएर ) हेर, क्या सुन्दर पर्वतमाला छ ! मलाई त किन हो किन, त्यो पहाडको हरियाली सधैं, शीतल, सधैं, सरस संधैं उमंगले भरिएको चौपट्टै मन पर्छ। ( पर हिउँको थुम्प्रोलाई देखाएर ) हेर, हेर ! सूर्यनारायणको किरण परेर कस्तो झलझलाकार देखिएको !

कमला—हो, स्वामी ! चाहे दूनबाट हेरौं, चाहे काठमाडौं बाट हेरौं, चाहे पोखराबाट हेरौं, जहाँबाट हेरे पनि हिमालय विशाल छ, ऊँचो छ, सेतो भए पनि रंगी-बिरंगी छ, यस्तो यो हिमालय प्रदेशमा जन्म हुनु हाम्रो अहोभाग्य हो।

बलभद्र—धन्य ती वीरहरू जसले मुट्ठीभर सेना लिएर यत्रो यो नेपाल साम्राज्य खडा गर्न सके। मलाई त—किन हो किन-जब ती वीरहरूको पुरुषार्थ सम्झन्छु, त्यसै अभिमान र खुशीले छाती भरिएर आउँछ। आपनो राजा र आफ्नो मुलुकका निमित्त

हत्केलामा प्राण राखेर ती योद्धाहरू अघि बढ्दै गए। जस्तोसुकै आपद् विपद् परे पनि तिनीहरूले मुख अँध्यारो लाएनन्, कर्तव्य-पथबाट च्युत भएनन्, साहस गुमाएनन्।

कमला—हाम्रो मुलुक त्यति सानो थियो तापनि हाम्रा नेता ठूला थिए। तिनको विचार ठूलो थियो, तिनका आदर्श ठूला थिए। धन्य ती बहादुरशाह जसले आफ्नो प्राणभन्दा पनि प्यारी जन्म-भूमिलाई एउटा महान् शक्तिशाली राष्ट्र बनाउने सपना देखे। त्यत्रो राज्यको जग बसाले। उत्तर दक्षिण दुवैतिर हात फैलाए, कुमाउँ हात पारे। सिख जाटहरूको मुटुमा क्यांग्रो ठटाएर किल्ला कांगडासम्म पनि चन्द्र सूर्य—पताका फरफराए।

बलभद्र—त्यति मात्र कहाँ हो र! कहाँ चीनको विशाल साम्राज्य, कहाँ नेपालको सानो राज्य! तैपनि भोटको आंडा लिएर ओइरिएका चीनियाँ फौजको मुकाबिला कत्रो उत्साह र उमंगसंग हाम्रा पुर्खाहरूले गरे! दामोदर पाँडेको वीरताको प्रशंसा नगर्ने को होला?

कमला—हो, वंशावली पल्टाएर हेरेको!—नेपालको भोट-सँग त वारंवार घंसाघंसी परिरहेको रहेछ। प्रताप मल्लको पालामा वीर भीम मल्लले पनि हुनसम्म सुऱ्याइँ देखाएका रहेछन्।

बलभद्र—त्यसैले त म बराबर हाम्रा फौजी भाइहरूलाई भन्दछु—लौ, हेर है, हाम्रो जाति वीर जाति हो। हाम्रो मुलुक वीर—भूमि हो। हाम्रो जन्मभूमिको गौरवले भरिएको इतिहास छ। हाम्रो प्यारो नेपालले आफ्नो स्थान इतिहासको प्रारम्भ कालदेखि नै पाएको छ। हाम्रो देशमा यति विभिन्न थरीका छन्

तापनि सबै एकै सूत्रमा बांधिएका छन्, एकै रसमा भिजेका छन्, एकै रंगमा रंगिएका छन्। जसले आफ्नो व्यक्तिगत स्वार्थलाई हेरेर देशको गौरव हटाउँछ त्यो पामर, नीच, अधर्म हो। त्यसको निमित्त हाम्रो देशमा स्थान छैन। त्यस्तालाई लत्त्याएर, गलहत्त्याएर देशलाई अगाडि बढाउनुपर्छ।

( एउटा जमदारको प्रवेश )

जमदार—काठमाडौंबाट जरूरी भनेर एउटा हुलाकी आएको रहेछ।

बलभद्र—भित्र बोलाऊ।

( हुलाकीको प्रवेश )

हुलाकी—घोडै घोडाको जरूरी डाँकबाट चिट्ठी आएको रहेछ। हुलाकीले आफैले लगेर पक्का मानिसलाई बुझाई फिर्ता डाँकबाट भरपाई पठाउनू भन्ने रहेछ।

बलभद्र—लौ जमदार, कनकसिंहलाई यिनलाई भरपाई दिनू भनेर आऊ। ( चिठी हातमा लिएर ) कमला ! लाहाछाप मारेको छ। गहुँगो छ, ( झिकेर पढ्छन्, पढ्दा पढ्दै मुख लाल तुल्याउँछन्। )

कमला—के रहेछ ? कसले लेखेको रहेछ ?

बलभद्र—धिक्कार ? कुइरे ? तँलाई देखि नसक्नुभयो होइन ? तैंले त्यत्रो ठूलो मुलुक सर गरिस, एउटा बन्दव्यापार गरेर जीविका चलाउन आएको महाजनले यत्रो विशाल राज्य हात पारिसकिस्। हामीले केही भनेनौं, हामीले रिस गरेनौं जुन महान् शूर वीर पृथ्वीनारायणले तेरो फौजलाई सिंधुली गीढबाट लखेटेर पठाउँदाखेरि पछिपछि लागेर बंगालैबाट

तँलाई गलहत्त्याइदिएको भए तँ कहाँ पुग्ने थिइस्। तेरो सातोपुत्लो गइसकेको थियो। आज तँलाई त्यस्तो हरियो, भरिलो, रसिलो गंगा जमुनाका मैदानहरूले नपुगेर यहाँ आँखा गाड्छस, हँ ?

कमला—अं, मैले त अलि अलि यो कुरा सुनेकी पनि थिएँ। कुइरेलाई ठण्डा मुलुक चाहियो रे। हुरी र बतास, गर्मी र धूलो भएको मैदानमा उ फस्टाउन सकेन रे। उसका जहान बच्चाहरू रमाएनन् रे। उसले पहिलेदेखिन् राल चुहाएको कुमाउँ गढवाललाई हामीले दखल गरिदियौं रे।

बलभद्र—त्यसैले होला। हाम्रा सिमानाभित्रका गाउँहरूलाई हामीले दखल गर्‍यौं भनेर निहुँ खोजिरहेछ रे। आफ्नो तैयारी खूब गर्न लागिरहेछ रे। लालमोहर आएको रहेछ, कमला! जमदार! जमदार! सुबिदारलाई बोलाऊ। धेरै दिनदेखिन् यस्तो मौका मैले पनि खोजिरहेको थिएँ, वेसै भयो, देखा जायगा। (सुबिदारका प्रवेश) सुबिदार, लौ बिगुलेलाई बोलाएर पल्टन सामेल गर। श्री ५ महाराजबाट लालमोहर आएको छ। बाँचेर सुनाउनु छ। (सुबिदारको प्रस्थान) अँ, कमला! यस्तो मैदानमा बसेर त कुइरेसंग मुकाबिला गर्न सकिंदैन। लौ, पख है, म सबै कुराको बन्दोबस्त मिलाएर आउँछु। (बिगुल बज्छ, फौज जम्मा भयो, बतासुकै श्री ५ बाट नै लालमोहर आएको छ रे भन्ने सुन्दा उत्साह र जोश थियो। पुरानो गोरख र बरख पल्टन थिए। जम्मा ४५० जवान जति थिए। नेपथ्यमा बलभद्र सम्बोधन गर्छन्।)

बलभद्र—भाइ हो, जुन दिन, जुन घड़ीको तिमि हामीले प्रतीक्षा गरिरहेका थियौं, त्यही शुभ दिन र शुभ घडी आउन

लगेको देखेर तिमी हामीहरूमा कसको हृदय खुशीले गद्‌गद् होओइन ? हेर, हामीले जुन माताको अमृतमय दूध चुस्यौं, उसको काखमा लडीबुडी खेल्यौं, जुन माताले हामीलाई कत्रो कत्रो कष्ट खपेर सहेर जसरी भए पनि हुर्काइन्, फुर्काइन्, तिनैको दूधको सार हामीले देखाउन पाउने मौका आउँदा तिमी हामीमा को यस्तो होला जसले यस्तो सुनौला मौका गुमाउन चाहला ? हामीलाई हाम्रा पुर्खाले आर्जेको धनको घमण्ड छ। हाम्रो शरीरमा तातो रक्त बगुन्जेल हामी हाम्रो सुयशमा कलंक लाग्न दिने होइनौं। ( चिठ्ठी शिरमा लगाएर बाँचेर सुनाउँछन्। जन्मभूमिको जय, नेपालको जय, श्री ५ महाराजको जयको नारा लाग्छ। ) लौ यही हो शाही फरमान! सबै जना तयार भएर बस! घन! कनकसिंह! ( सुबिदार जमदारहरूलाई बोलाएर अरूलाई पाल पालमा जान आडर दिन्छन्। )

हामीले वैरीसँग मैदानमा भिडेर काम लाग्ला जस्तो लाग्दैन। उनीहरूसँग प्रशस्त फौज छ तोप, बन्दूक, गोली बारूद प्रशस्त छ।

जमदार र कनकसिंह—हो ख्वामित, हामी पहाडी जात! हामीले अक्कर परेको ठाउँ खोज्नुपर्छ !

सुबिदार घने घले—हामीले अस्ति ३ पट्टिलाई पहाडको घाबा गराउँदै लैजाँदा नालापानीनेर खासाको ठाउँ भेट्टा-एथ्यौं।

बलभद्र—लौ, हिड़, जाऔं। आजै हेरेर आऔं, अब बिलम्ब गर्नुहुँदैन। भातसात खाएर चाँडै आओ, म पनि तयार हुन्छु।

( प्रस्थान )

पर्दा खस्छ

## दोस्रो दृश्य

स्थान—कलंगा दुर्ग ] [ समय—बेलुकीपख

[ नेपाली सेनापति अंग्रेजी आक्रमणको प्रतीक्षामा भित्रको तयारी गरिरहेछन्। ]

बलभद्र—अँ, सुबिदार भाइ, जम्मा बन्दू कति नाल छन्? हेर्‍यौ, जाँच्यौ ?

सुबिदार—जाँचे ख्वामित, ४७ नाल साज़खाला गरेर—काम लाग्ने त ३१ नाल हुन्।

बलभद्र—अँ, बारूद नि ? जम्मा कति मुरी ?

सुबिदार – ७ मुरी ५ पाथी ३ माना।

बलभद्र—लौ, धनुर्वाण, तीर, जे जे भेट्टाउँछौ जम्मा गर है। ठूलो फौजको सामना गर्नुपर्नेछ। अहिले हामीलाई लड्ने काममा सहायता मिल्नसक्ने जम्मा कति जवान छन् ?

सुबिदार—जम्मा ४५७ जवान त तयार छन्। १०–११ जना बिरामी छन्। अरू त आइमाई नै भए।

कमला—के भन्नुभयो सुबिदार भाई ? हामी आइमाई तपाइहरूको बोझै बन्न आएका त। ए, ठूल्नानी !

( ठूल्नानी को प्रवेश )

कमला—हिजो हाम्रो छलफलको के नतीजा भयो ?

ठून्नानी—सबै कमर कसेर डटेका छन्। सबैले दुश्मनलाई पर्खिरहेछन्।

कमला—अँ, लडाइँका समानहरू सब दुरुस्त भए ?

ठूल्नानी—भए, हिजो दिनभरि हामी सबैले त्यही त ओसारिह्यौं।

कमला—कस्तो छानेका छौ अब ?

ठूल्नानी—बिलकुल तीखा, धारिला, छरिता ! भो, लागेपछि खुत्रुक्क बोल्नै नपर्ने ।

कमला—अँ, सांध लाउने काम पनि सबै सिद्धियो नि ?

ठूल्नानी—सबै तयार छ। निशाना मार्ने कामना पनि धेरैको हात बसिसक्यो ।

सुबिदार—के कुरा हो यो ?

बलभद्र—यिनीहरू पनि को भन्दा को कम भन्दछन् ! हेरौंला नि नानीको तइँ। अँ, केटाकेटीलाई के गर्छौं नि? कसले हेर्छ नि ?

कमला—त्यो सब बन्दोबस्त भइसकेको छ। हजूरहरूले फिक्री लिइबक्सनुपर्दैन ।

( बलभद्र र सुबिदारको प्रस्थान)

कमला—हाम्रा मुख्य मुख्य कामदारहरूलाई बोलाऊ ।

ठूल्नानी—हवस् ( प्रस्थान )

कमला—फिरंगीका ४ हजार फौज छन् रे; तोप छन् रे; बन्दूक छन रे; तरवार, संगीन छन् रे। त्यस्तो विशाल सेनासँग हाम्री मुट्ठीभर फौजले भिड्नु छ। हाम्रा खसमहरू वीर छन्। दुश्मनलाई स्वाहा नपारी यिनीहरू चूप लागेर बस्नेछैनन्। तर हाम्रो पनि कर्तव्य छ। नेपाली नारी वीरमाता छन् ।

( अरू आइमाईहरूको प्रवेश )

अँ बुझ्नुभयो ? हामी वीरमाता हौं। हामी वीर पुरुषका स्त्री हौं। हामीले हाम्रो खसम लायकको हुनुपर्छ, बुझ्नुभयो ?

सानी मगर्नी–हो तर फेरि हामीलाई के छ ? हाम्रो जिन्दगीभर नै हामीले कालसँग खेल्बाड गरेर बिताएका छौं ? गाई हेर्न जान्थ्यौं, चितुवासँग लडन्त पर्थ्यो। भेडा चराउन जान्थ्यौं

ब्वाँसोसँग घग्साघग्सी पर्थ्यौं, पाखामा मकै कुर्न बस्थ्यौं, भालु आउँथ्यो, ह्रामी चेपुवा लिई माथ्यौं। ह्रामीलाई केको डर ?

चन्द्री गुरुंसेनी—हो, हो ठीक भन्नुभयो, दिदी। एक दिन म राती खोरमा थुनेको बाख्रो किन करायो होला भनेर हेर्न गएकी त, मोरो पाटे पो बसेको रहेछ। हातमा खुकुरी थियो। मोराले ह्रांग गरेर झग्टन आयो, एकपल्ट कंचटमा बजाएको त ढलिहाल्यो।

कमला—हो त, ठीक भन्यौ। दिन नआई कोही मर्दैन लेखे· को दिनमा ठेस लागे पनि मरिन्छ। किन ह्रामीले नामर्द भएर काथरको मरण गर्नु ? ४ दिनको जिन्दगीमा एउटा नामै राखेर मरौंन यदि मर्नपर्छ भने ! बाँच्नलाई मरौंन, यदि मर्नपर्छ भने !

सुबिदार्नी—हो त ह्रामी आइमाईहरू केवल भान्छाको शोभा होइनौं ! केवल धाई सुसारे होइनौं, केवल पुरुषका कठपुतला होइनौं। ह्रामी अर्धांगिनी हौं, ह्रामी सहगामिनी हौं, ह्रामी वीरांगना हौं। ह्राम्रो भाग्यले ह्रामीलाई यस्तो ठूलो मौका मिल्न लागिरहेछ। यस्तो मोका गुमाउने बेवकूफ को होला ?

कमला—आज दिदी बहिनीहरूका कुरा सुन्दा मेरो दिल खुशी र आनन्दले गद्गद भइरहेछ। नारीको हृदय स्नेह र प्रेमले द्रवीभूत हुन्छ, तर तिस्कार र प्रहारले उत्तिकै कठोर पनि हुन्छ वज्र जस्तो छाती लिएर नारी रणभूमिमा डट्नेछ। आफ्ना जन्मभूमिको सेवा गर्नेछ। रणक्षेत्रलाई रक्तले रँगाइदिनेछ, तर पछि हट्नेछैन, छिः छिः भनाउने छैन, आँसु बगाउनेछैन।

( नेपथ्यमा कोलाहल। नेपाली फौजले ठाउँ लिन्छन्। तोपलाई ढोकामा टेन्सन पारेर राख, ४ जवानले तोप हान्नू, दुश्मनले केही गरे पनि किल्लामित्र पस्न नपाओस् भन्ने बलभद्रको आज्ञा।

( बलभद्रको प्रवेश )

बलभद्र—कमला, कमला! फिरंगीहरू आइपुगे रे। हाम्रा मानिसले खबर ल्याइसके। एउटा जर्नेलले नै फौजलाई कमांड गरेर ल्याएको छ रे। कुइरेहरू प्रशस्त छन् रे। तोप बन्दूक पनि खूबै देखिन्छन् भन्ने खबर आएको छ।

कमला—होला, स्वामी! केही परवाह छैन। हजूरले बड़ो राम्रो ठाउँमा किल्ला बनाइबक्सेको छ। यति माथि यो छ।

फेरि हजूर शूर-वीर होइबक्सिन्छ, जन्मभूमिको सेवा गर्ने मौका छ। शाही हुकुमलाई शिरोपर गरी आफ्नो कुललाई उज्ज्वल पार्ने परिस्थिति आयो। नाथ! धन्य हाम्रो भाग्य! जीवनमा यस्तो मौका बार बार आउँदैन।

बलभद्र—ठीक भन्यौ! हामी क्षत्रिय हौं। हाम्रो कामै लड्नु हो। त्यसमाथि पनि आफ्नो राजा, आफ्नो मुलुक, त्यसको निमित्त किन नलड्नु प्रिये! शत्रुको आक्रमण चल्यो कि तिमीहरू छाप्रोभित्र बसे। तिमीहरूको निमित्त सुरक्षित स्थानको प्रबन्ध मिलाइदिएको छु।

( तोपको आवाज)

बलभद्र—लौ, आएछ! कुइरे, आ, हामी तेरो स्वागत गर्न तयार छौं।

( कमला झटपट माला पहिराउँछिन्। बलभद्र अघि बढ्छन्। त्यसै बखतमा जमदारले फिरंगीले पठाएको चिठी भनेर दिन्छ। )

बलभद्र—( चिठी सरं हेर्छन् ), बाह रे! आत्मसमर्पण! कदर! मान। थुइक्क कुइरे! तैंले चिनेकै रहिनछस्! हाम्रो जातको स्वभाव जानेकै रहिनछस्। आफ्नो मुलुकलाई बेचेर तेरो सन्मान लिने? सबै कुराको भोगविलास बाँचुन्जेलसम्म—

धिक्कार ! धिक्कार !! के मोजमजाको निमित्त आफ्नो आत्मालाई बेची तेरो शरणमा पर्न जाऊँ ? चाहे प्राण जाओस् ! चाहे सम्पूर्ण परिवार नष्ट-भ्रष्ट होऊन्, चाहे सर्वस्व गुमोस् ! बुझिस्, हामी हाम्रो धर्म धमिल्याउने, वैरीको अधिल्तिर शिर निहुराउने होइनौं, आफ्नी मातृभूमिलाई पराधीनताको सिक्रीले बेर्न दिने होइनौं। तेरा फौजको को धक्कू लाउँछस् ? नाङ्लो ठटाएर हात्ती तर्सँदैन, तेरा स्वागतको निमित्त हामी तयार छौं। हाम्रो फौज तयार छ। हाम्रा डाँडा काँडा तयार छन्। आ, लड्, अनि देखलास्।

( पर्दा खस्छ )

## तेस्रो दृश्य

स्थान—कंपनीको क्याम्प ] [ समय—बिहान ८ बजे

( कर्णेल माबी र अफिसरहरू )

माबी—(थकाइले लखतरान परेर सुइँय्य गरेर) यस्ता लडाकु जात त मैले देखिन। आज यतिका दिन भइसक्यो। दिनदिनै हामीले दनदन तोप दन्काइरहेछौं, गोलीको वर्षा गराइरहेछौं, अहँ, अलिकति पनि डग्दैनन् ए ! लुकी लुकी हामीले हान्नुपर्छ। यसो देखेभने यसरी घुयेंत्रो हान्दछन् ! फेरि यस्तो निशाना लाग्छ !

फ्रेजर—त्यही लागेर त हाम्रा जिर्नेलको पनि प्राण गएको नि। अति भयो ए, यिनीहरूलाई डेग चलाउन सकिएन भनेर आफ्ना सिपाहीहरूलाई ठाउँमा मिलाएर राखूँ भन्दा त एउटा तीखो ढुंगो आएर कंचटमा नै लग्यो, खुत्रुक्कै ! हामी त गजब पऱ्यौं। कस्तो ठीक निशाना मारेको।

मावी मैले त सुनेथें। त्यो पनि स्वास्नीमानिसले ह्रानेर पठाएको रे। तिनीहरू त्यतिकै शूरा र देशप्रेमी छन् रे। डर भनेको क्या हो थाहा छैन रे।

विलियम्स—कहाँ त्यति मात्र र? ह्राम्रो एउटा चर बडो मुश्किलसंग एउटा नजीकैको रूखमा चढेको रहेछ। केटाकेटी-लाई गला लागेर छटपटाउँदा पनि ती वीर नारीहरूले ढुंगा बर्साउन छाडेनन् रे। तिनीहरूलाई न ज्यानको परवाह छ, न छोराछोरीको माया छ। घाइतेहरू पनि पानी भनेर आर्तनाद गरिरहेको पनि सुने रे। त्यसको पनि उनीहरूले वास्ता गरेनन् रे। उसको भनाइअनुसार त आज भोलिमा तिनीहरू शरण पर्न आउँछन् कि?

मावी—असंभव, विलियम्स! असंभव। जुन वीरले भोक भनेन, प्यास भनेन, मोज भनेन, मजा भनेन, जहान भनेन, सम्पत्ति भनेन, निरन्तर एकोहोरो जन्मभूमिको सेवाको धूनमा मस्त छ; त्यसले ह्राम्रो दासत्व स्वीकार गर्ला त? मलाई पत्यार लाग्दैन। ह्राम्रा यतिका फौज समाप्त भइसके। उसका पनि त कति होलान् र? हामीलाई हेड क्वार्टरबाट आएको खबरबाट त धेरै भए हजार त्यत्ति होइन?

लड्लो—यहाँ त संख्याको कुरा के भयो र, जुन किसिमसंग यो जातले लडिरहेछ, त्यस्ता जातलाई ह्रामीले मित्र बनाउन पाए, ओहो! कत्रो लाभ हुने थियो! संसारको इतिहासमा यस्ता वीर आज कमै होलान्। हजारौं मृग भएर के गर्नु? एउटा बाघले खतम पारिदिन्छ।

मावी—अँ, मलाई त उदेक लागिरहेछ। दुर्गको ढोकातिर जति जवान पठायो उनीहरूको तोपले स्वाहा पारिदिन्छ। कोही अगाडि बढ्ने हिम्मत गर्दैन।

विलियम्स—यिनका कमाण्डरलाई हेर ! कसरी फोजमा त्यत्रो साहस र धैर्य कायम राख्न सकेको ! हामीले यिनलाई लडाइँमा जितेर यो किल्ला सर पारौंला भन्नु त फजूल हो । हो, रसद पानी सिद्धिएर यिनीहरू कायम भएभने, भए ।

( यसै बीचमा श्री ५ महाराजको जय, श्री गोरखनाथको जय, श्री गोरखकालीको जय, श्री पशुपतिनाथको जय, भन्ने आवाज आयो )

लड्लो—( दूरबीनले हेरेर ), उ कमाण्डर नै हुन् क्यार ? अं, पछि, पछि १५-२० जना मानिस छन्, ए लोग्ने मानिस मात्र होइन, आइमाई पनि रहेछन् । ओहो ! बिजुली जस्तो के घाममा झल्याकझुलुक गर्छ ?

विलियम्स—मैले भन्दै थिएँ । यिनीहरूको खानेपिउने सामान सिद्धियो त्यसैले हामीतर्फ आइरहेछन् ।

मावी—खोइ, दूरबीन । अँ, ओहो, हेर, त्यो वीरको कत्रो उज्ज्वल मुहार ! कस्ता तेजिला आँखा ! कस्ता ठाडा जुंघा, कस्ता चमकिला दाँत ! ओहो, कत्रो रवाफ ! कस्तो जोश ! हँ, हातमा क्या हो ! सेतो झण्डा ! अहँ, होइन ! रातो पो छ चन्द्र सूर्य पो झण्डामा छ । अँ, हातमा त्यो झलमल भएको तरवार हो ! ओहो नांगो खुकुरी पो नचाउँदै आलैंका छन् !

लड्लो—ओहो बुझें ! नालापानीमा पानी पिउन झरेका ! ओहो, हामीले गल्ती गर्‍यौं । दूरबीन दिनोस् त, हेरौं । लौ तिनीहरू त जंगलैभित्र दबिए नि ! फर्केनन् नि ।

विलियम्स—हँ, लौ बित्यास पर्‍यो ! हामीले यिनीहरूलाई पक्रन सकेको भए रणकैदीलाई हेडक्वार्टरमा पुर्‍याउन सकेको भए कत्रो स्याबासी पाइने थियो !

मावी—धिक्कार तिम्रो बुद्धि ! यस्ता शूर-वीरहरूलाई पनि

कहिले पक्रन सकिन्छ ? यी प्राण देलान् तर जिउँदै आफूलाई समर्पण गर्नेछैनन् । देखेनौ, हाम्रो यत्रो फौज हुँदा हुँदै यिनीहरू बिजुली जस्तै झिलिक्क किल्लाबाट निक्लेर खुकुरी नचाउँदै निक्ले ? धन्य वीर ! धन्य वीरांगना !

विलियम्स—( दुर्गभित्र पसेर ) उफ् ! कस्तो भयानक दृश्य ती नारी, हेर, पानी ! पानी ! भन्दैछन् । लौन, पानी ल्याइदेऊ । ओहो, त्यो अवस्थामा पनि हामीलाई देखेर कस्तो नफरतसँग हेरेको ? हेर, मुख छोपेको ! लौ, लौ, पानी पिलाऊ भन्दा त खतम ! धन्य वीर ! वीर—माता भन्न सुनाउने यस्तै नारी हुन् ।

मावी—यी बालकहरूलाई हेर ! सदा सर्वदाका लागि यिनीहरू शान्तिको नींद निदाइरहेछन् । यसरी बालकहरू मर्दा पनि यी माताहरूको कलेजा फुटेन । कर्तव्य-पथबाट अलिकति पनि हलचल भएनन् । जुन मुलुकमा यस्ता सपूतहरू छन् , जसले आफ्नो जन्मभूमिको निमित्त यत्रो त्याग र बलिदान गर्न सक्छन्, त्यो देश कहिल्यै पराधीन हुन सक्तैन । त्यस्तो देशलाई मित्र तुल्याएर राख्नाले हाम्रो कल्याण छ । त्यसलाई वैरी तुल्याउन हुँदैन । आओ, ती वीर पुरुष नारीहरूको हामी कदर गरौं । यिनीहरूको बहादुरी, देश प्रेम र राजशक्ति अंकित गरेर एउटा स्तम्भ गाडिदेऔं । हाम्रा वीर शत्रु बलभद्र-सिंह र उनका वीर गोरखाली साथीहरूको सम्मानोपहार यही भयो !

# अमरसिंह

## पात्रहरू

अमरसिंह—नेपालका प्रसिद्ध वीर

नयनसिंह—भीमसेन थापाका भाई<br>
रणजोर—अमरसिंहका छोरा<br>
जसपाउथापा<br>
} नेपाली अफिसरहरू

अक्टरलोनी<br>
ब्रक<br>
जॉन<br>
} अंग्रेजी अफिसरहरू

# अमरसिंह

## पहिलो दृश्य

स्थान—काँगडा दुर्ग ]                [ समय—दुई बजे दिउँसो

संसारचन्द्रले किल्लाको रक्षा गरिरहेछन्। गोरखाली फौजले चारैतिरबाट घेरिरहेछ। अमरसिंह पर एउटा पालनेर टहलिरहेछन्। ठूलो गौड गरिरहेको प्रत्यक्ष देखिन्छ। ]

अमरसिंह—( गुनगुनाउँदै ) यो एउटा किल्लालाई सर गर्न सकियोभने त हाम्रो हिमालय प्रदेशको संरक्षणको निमित्त एउटा नाकाठाउँ भेटियो। यहाँ फौज राख्न पाएमा हिन्दुकुशको द्वारा-द्वारीसम्म हाम्रो नेपालको विजयपताका फरफराउनेछ, हाम्रो जन्मभूमिको मुख उज्यालो हुनेछ; हाम्रा वीरहरूको छाती चौडा हुनेछ ( प्रकट ) पाले पाले !

( पालेको प्रवेश )

पाले—स्वामित ! के आज्ञा हुन्छ ?

अमरसिंह—नयनसिंहलाई बोलाएर ले।

पाले—हवस् ! ( प्रस्थान )

अमरसिंह—नयनसिंह पनि एउटा वीर हुन्। हामी जहिले-देखिन् पश्चिमतर्फ सर गर्दै अघिबढेका थियौं यिनले पनि खूब वीरता देखाएका छन्। आगोमा, पानीमा, गोलीका वर्षामा, संगीनको प्रहारमा जहिले पनि हामीले कुममा कुम जोडी लडेका छौं।

( नयनसिंहको प्रवेश )

भाइ आऊ ! अरू कुरालाई होइन। किनकि हामीले यतिका दिन भइसक्यो यो किल्लालाई घेरिरहेको ! किन हामीले अझ दखल गर्न नसकेको ?

नयनसिंह—हाम्रा चरहरूले भर्खर खबर ल्याएका छन्। पंजाब केशरीलाई संसारचन्द्रले गुहारेको छ रे। उनलाई पनि घेरै नै डर पसेको छ रे। नेपालीहरूले काँगडा हात पारेभने सिख साम्राज्य पनि जोखिममा पर्छ भन्ने पो ठानेका छन् रे।

अमरसिंह—के त ? सिखहरू हामीसँग लड्न आउलान् त ?

नयनसिंह—सम्भव छ। उनीहरूलाई हाम्रो उद्देश्य कहाँ थाहा होला र !

अमरसिंह—होइन भाइ ! त्यो सूचना त मैले दिइसकेको छु। हामी नेपाली पहाडिया हौं। हामीलाई हिमालय प्रदेशमा भएका ठिनामिना राज्यहरूलाई एक सूत्रमा बाँधेर एउटा शक्तिशाली राज्यको संगठन गर्नु छ। हामी केही गरे पनि यो नगरी छोड्दैनौं।

नयनसिंह—त्यो त हो। बड़ा महाराजले यही नीतिको अनुसरण गरेर नेपाल साम्राज्यको जग बसाल्नुभयो। त्यसलाई फुलाउनु फलाउनु हाम्रो कर्तव्य हो।

अमरसिंह—हामीलाई यो पनि थाहा छ कि—जहिलेसम्म हामीले हाम्रो छरिएको बल र शक्तिलाई एकत्रित गराएर सुसंगठित र मजबूत तुल्याउँदैनौं तहिलेसम्म हामीलाई कुइरेबाट रक्षा छैन। उसले हाम्रो देशमा खूब आँखा गाडेको छ।

नयनसिंह—किन नगाडोस्। यस्तो रसिलो हँसिलो प्रकृतिको लीलाभूमि संसारमा कहाँ होला ? हाम्रो मुलुकमा के छैन- आफ्ना गर्भमा अमूल्यभन्दा अमूल्य रत्नहरूले परिपूर्ण

भएका एकसे एक विशाल पर्वतमाला यहाँ छैनन् कि, सुवर्ण रेती र हिरण्यगर्भा भएका नदीहरू बहँदैनन् कि, झल्झले सुनौला प्रभात र अद्भुत मनोमोहिनी संध्या यहाँ देखिदैन कि, कस्तूरी मृग र गैंडा जस्ता उपयोगी र किमती जनावरहरू यति बिन्न अरू कहीं छन् कि, कलकले झरना, विस्तृत ताल, उम्दा हावा पानी भएका स्वास्थ्य-निवासहरू छैनन् कि, रंगबिरंगी इन्द्रायणीको सौन्दर्यलाई पनि माथ गर्ने डाँफेचरी, मधुर तान छोड्ने उडने, हाम्रो जीवनलाई सरस बनाउने कोइली र धोबिनी हाम्रो मलुकमा छैनन् कि ? संसारमा कुन ठाउँ यस्तो रमणीय होला, न होला, संदेह मलाई लाग्छ । यसैले कुइरेले किन राल नचुहाओस् ?

अमरसिंह—त्यसै कारणले भाई ! हाम्री प्यारी जन्मभूमिको खातिर नै हामीले तन मन धन लगाएर सेवा गर्नुपर्‍यो । यदि हाम्री मातामा हामी छँदा छँदै पनि कसैले हातपात गर्‍योभने हामी जीउँदै मरेको भएन ? पशुपतिनाथ ! त्यो दिन देख्नुनपरोस् !

नयनसिंह—त्यसैले त हामीले एउटा दरो खँदिलो सत्ता खडा गराउन मलजल गर्न लागेको ।

अमरसिंह—मैले त कुइरेलाई पन्छाउने दुइटै बाटो देखेको छु। या त हिमालयका गढहरू सबै सूर्यचन्द्र ध्वजाको छत्र छायामा ल्याएर सुव्यवस्थित र सुसज्जित भएर बस्नुपर्छया···

नयनसिंह—कुइरेसंग लड्नुपर्छ ।

अमरसिंह—ना, ना, ना, अहिले, हामीले लडेर केही पनि गर्न सक्तैनौं । उ पहाड भइसकेको छ, हामी कुहिनो नै छौं ।

नयनसिंह—पहाड भयो त के ? फोस्रो ढुंगाको पहाड न हो ? बलियो पत्थरको होइन क्यार ! केको डर छ ?

अमरसिंह—कहिले ? हुन्थ्यो ? उसले हामीलाई लडाउन भिडा

उन जानेको छ। भारतमा नै हेरन ! के भयों र ? व्यापारी भएर पसे, पादरी बनेर बडो धर्मको ढोंग रचे, बिस्तारै बिस्तार सियो भएर पसेको जीवात मुशल भएर निस्क्यो। अहिले पनि यिनी-हरूको आँखा कहाँ खुलेको छ र !

नयनसिंह–हो, है, त्यो त हो। अहिलेकै अवस्थामा पनि यी सिख र मराठा दुवै थरी मिलेर मुकाबिला गरून् कुइरेको केही जोड चल्नेछैन। त्यसमाथि हामीहरू पनि थपियौंभने पुनस्तत्रैव वेतालः तुल्याइदिन पनि सक्छौं।

अमरसिंह—यही संसारचन्द्रलाई हेरन। उहिले कसरी खलबल परेर "त्वं शरणं" हुन आयो। छोरी पनि हाम्रा राजालाई टक्र्याउँछु भन्यो, प्रभुता पनि स्वीकार गर्‍यो। भित्रभित्रै पंजाब-केशरी गुहारेको रहेछ। अहिले यो धूमधाम गडबड मचाइ रहेछ।

नयनसिंह—यिनीहरूलाई कहिले पनि बुद्धि भएन। कैयन् शताब्दीसम्म मुसलमानहरूको हुकूमतमा हुनसम्म गोता पाइसके, बल्ल स्वाधीन बन्ने मौका आएथ्यो। त्यसमा पनि हेर्नोस् यिनीहरू कति थरी ! मराठा रे, सिख रे, राजपूत रे, जाट रे।

अमरसिंह—त्यति मात्रै भए त हुन्थ्यो—कहाँ त्यति मात्रै र; मराठामा पनि भित्रभित्र सरदारहरू आफ्नै गूटबन्दीमा मस्त छन्। आफै अघि बढ्न खोज्छन्। राष्ट्रलाई बढाउन चाहन्नन्। सिखमा नै हेरन। सतलज वारिपारिका सिखहरूको कहाँ एउटै संगठन छ र !

नयनसिंह—हो त्यो त.....पंजाबकेशरी आफूलाई बडो बुभुक्ष संझन्छन्। काकाले कतिपल्ट कुइरेसंग भिड्न यहाँको सहयोग आह्वान गरेको होइन ?

अमरसिंह—हो, तर उनको भनाइ छ—कुइरेलाई सितिमिति जिस्काउनु हुन्न। आफू दरो बन्नुपर्छ। उनले हामीलाई जाँची रहेछन्। हाम्रो जित हुँदै गयोभने······

नयनसिंह—कहाँ? यिनीहरूले मेरै राज्य त दखल गर्दैनन् भनेर डराउँछन् पनि।

अमरसिंह—काश्मीर तिमी हान, हामी मदत गर्छौं। कांगडा हामीलाई लिनदेऊ भनेर पठाएको हुँ। लबराउन मात्र खोज्छन्।

नयनसिंह—होइन, यी विश्वास लायकका रहेनछन्। यिनलाई······

(पालेको प्रवेश। संसारचन्द्रले चिठो पठाएको रहेछ। टक्र्याउँछ)

अमरसिंह—कसको हात पठाएको?

पाले—हात होइन, किल्लाभित्रबाट ढुँग्रामा बेरेर आफालेको रहेछ!

अमरसिंह—(चिठी खोल्छन् र पढ्छन्) के रे? घेरा उठाइदिनोस्, हामी शरण पर्दछौं। मेरा परिवारलाई मात्र सकुशल वाहिर पुऱ्याउन पाए हुन्छ।

नयनसिंह—अहँ! यो मानिसको कुराको ठेकान छैन पत्याउन हुन्न।

अमरसिंह—(जुँगा ओठभित्र लगेर दाँतले टोकेर एक क्षण टहलिएर) त्यो त हो। तर फसाद पऱ्यो। खोइ हामीलाई मरमदत आइपुगेको? यो किसिमसँग हामीले कति दिन धान्न सकौंला!

नयनसिंह—काँगडा एउटा मुट्ठ ठाउँ हो। यसलाई आफ्नो गराएर किल्लाबन्दी गर्नसक्यौंभने हाम्रो हिमालयराज्यको

संरक्षण हुन्छ। किन्ना छाड्दछभने त संसारचन्द्रलाइ हुन्छ भन्ने हो कि ?

अमरसिंह—त्यसै त्यसको कुरा कहिले पत्याउन हुन्थ्यो ? महान्चन्द भन्थे—त्यो जस्तो धोकाबाज संसारमा होओइन। त्यसलाई ल्याएर बाहिर ज्वालामुखी माईको मन्दिरमा धर्म भकाउनुपरेको छ।

नयनसिंह—धोकाबाज छभने के डराउँथ्यो ? यस्ता मानिस त जहाँ पात त्यहाँ फलिफाप भनेर हिंड्छन्।

अमरसिंह—त्यसो होइन। हामीले सोझै हुन्छ भनिदियौंभने हामीलाई कमजोर भनिठान्लान्। त्यसैले एउटा नाटक पनि त रच्नै पर्‍यो।

नयनसिंह—रणजितसिंहसंग सम्बन्ध जोडेर हामीमाथि आइ लाग्योभने त मुश्किल पर्ला।

अमरसिंह—त्यो पनि विचारणीय कुरा हो। (एक क्षण घोरिएर) कालीमाई ! हाम्रो नेपालको बन्नु बिग्रनु हजूरको हातमा छ। सानू भए पनि हाम्रो देश ठूलो छ किनकि यसले इतिहासमा सधैं आफ्नो विशेषता राखेर आएको छ। यहाँ जनसंख्या थोरै भए पनि धेरै छ, किनकि हाम्रा दाजुभाइहरू बाघ छन्, स्याल छैनन् वैभवशाली देशहरूको दाँजामा श्रीहीन देखिए तापनि सम्पन्न छ, किनकि यसका गर्भमा नमालुम कति अमूल्य द्रव्य छ। सानो भई वर्गमील कम भए पनि विशाल छ, किनकि यहाँ प्रकृतिले आफ्नो कुदरत देखाउन केही कसर राखेको छैन। जसरी हुन्छ हामीले हाम्रो जन्मभूमिको गौरव बढाउनै पर्दछ। बुझ्यौ ? अहिले जाऊ।

( पर्दा खस्छ )

पहिलो अंक

## दोस्रो दृश्य

स्थान—सतजल र जमुनाको बीच हिंडुर प्रदेश

[ समय—बिहान ६ बजे ]

[ अमरसिंह—थापा रणजोरसिंह थापालाई सुनाउन लागिरहेछन्। मुलुकको परिस्थितिमा गम्भीर विचार भइरहेछ । ]

अमरसिंह थापा—मैले नसंझाएको होइन। साफसाफ लेखिदिएको हुँ। हुनत म अंग्रेजको नेपाल प्रवेशको पक्षपाती कहिल्यै पनि भइन। अहिले पनि यस कुइरेलाई जिस्काउन हुँदैन है भनिदिएको थिएँ। कसले सुन्यो र !

रणजोर—किन बुबा ? हामीले हरेस खाने कुरा के पर्न गयो र ? सून्याइँमा होभने यिनीहरूभन्दा हामीहरू बिलकुलै कम छैनौं। आऊन् न हामी हाँक दिन्छौं। रणक्षेत्रमा यिनीहरूबाट हार त के भनेर खाऔंला ?

अमरसिंह—राजनीतिमा साहस मात्र भएर हुन्न बाबु। देशभक्तिले मात्र काम दिन्न। परिस्थितिको अध्ययन पनि उत्तिकै आवश्यक छ। त्यहीबमोजिम गोटी चाल्नुपर्छ। हेर! हामी नेपालीले यतिका देशहरू आफ्ना कब्जामा ल्याइसक्यौं, कहाँ जमुना ! कहाँ बाग्मती ! यी ठाउँहरूमा खोइ शासनको राम्रो प्रबन्ध मिलेको ? हामीले यहाँका रैती प्रजामाथि आफ्नो धाक रवाफ जमाउन निजामती सल्तनत पनि राम्रोसँग कायम गर्न पर्छ। नत्र यी राज्यहरूले हामीलाई अलिकति कमजोर भेट्टाए कि कुइरेतिर गएर मिल्नेछन् ।

रणजोर—कुइरेले हामीलाई के गर्न सक्ला त ?

अमरसिंह—धत्तेरि ! कुइरेले के गर्न सक्ला पनि भन्न होला ? जसले पसऊे बनेर पसेर यत्रो एउटा साम्राज्यको जग बसालिसक्यो त्यसलाई चानचुने ठान्न होला ?

रणजोर--लड्ने त हाम्रै हिन्दुस्तानी त हुन् नि भन्दा हुन्।

अमरसिंह—हो त्यो। तर कस्तो राम्रो तालीम यिनीहरू दिन्छन्। तिनै मराठाहरूलाई हेर ! देशभक्ति छ, धार्मिक जोश छ, लड्दा ज्यू ज्यानको कत्ति परवाह राख्तैनन्, तर राम्रो तालीम नपाएको हुनाले मुठभेटको लडाइँमा प्रायशः टिक्नै सक्तैनन्।

रणजोर—त्यसोभए भरतपुरको किल्ला किन लिन नसकेको ? चार चार पटक लोप्पा खाएर फर्कनुपऱ्यो, धनजन पनि धेरै क्षति भयो।

अमरसिंह—खालास्। त्यसैको भर गरिराख्। एकाधपल्ट त्यस्तो झुक्यान पऱ्यो होला। एकाधपल्ट ठूलो मार पनि खाए होलान्। तर उनीहरूको कूटनीति यस्तो सफल छ कि विपक्षीहरूमा कसैलाई फुटाएर कसैलाई फुलाएर आफ्नो मतलब हासिल गर्छन्। यी सब कुरा त। बुझ्नै पर्ने हो।

रणजोर—हाम्रा पनि फौज जवान कम छैनन्। धमाधम भर्ती गरेर तालीम दिँदै भिडाउँला भन्ने आँट आएर लडाइँ गरेको हो कि ?

अमरसिंह—असम्भव ! नयाँ कोरा ठेट्ना जवानले लडाइँमा खली खाइसकेका दुश्मनहरूलाई हराउन त मुश्किल पो पर्दछ। यो केही होइन बाबु। कूपमंडूकहरूले—सानो कुरामा यत्रो घोर घमासान मच्चाइदिए। शिवराज र बुटबल दुवै सुम्पिदिएको भए आज यो कचिंगल उठ्ने नै थिएन। अब जे भयो, भयो। हामीले पछि हट्न हुन्न। हामी नेपालीको पानी नै जान्छ।

रणजोर– काँगडाको लडाईँमा पनि हामीलाई धोका पऱ्यो। बेईमान संसारचन्द्रले यस्तो दगा देला भन्ने कहाँ थाहा भयो र! होइन बुबा, त्यो किल्ला पनि हाम्रो सर हुन्थ्यो। के गर्नु? बखतमा मदत आइपुगेन। त्यसले हामीलाई पछि हट्ने कुने बहाना चाहिए-को थियो र पो हजूरले उसको मागलाई मानेको।

अमरसिंह – त्यस बखत हामीदेखि पञ्जाबकेशरी पनि तर्से।

( जसपाउ थापाको प्रवेश )

जसपाउ! कताबाट? के। खबर छ?

जसपाउ—नेपाल र कम्पनीका बीचमा घा गर्ने कुरा उठिसक्यो भन्दछन्।

अमरसिंह—( आश्चर्य मानेर ) के कस्तो घा? कोसँग घा?

जसपाउ—कुइरेसँग लड्नु हाम्रो भूल भयो, जसरी हुन्छ मेलमिलाप गर्न पर्छ नत्र हामी खतमै हुन्छौं भन्ने पो परेको छ रे।

अमरसिंह—अघि राँडले जानिन, पछि राँडले मानिन, बाघ लाग्यो घिच्याउन, राँड लागी चिच्याउन भने जस्तो पो पर्न लाग्यो ए। नामर्दहो! के सुन्नुपर्छ? हुन्न, म मेरा महाराजाधिराजको नाममा कलंक लाग्न दिन्न। जसपाउ! हुन्न भनिदेऊ। अघि के भनेर लडाइँ शुरू गरेथे, अहिले के भनेर एकाएक सुलहको कुरा उठाए।

रणजोर—हुन्न! हामी मान्दैनौं। यी आफ्नो स्वार्थका लागि राष्ट्रहितको परवाहै नराख्ने देशवेचुवाहरूको विचार होला। कुनै किसिमको यातनाले कत्ति विचलित नभएर यस देशको यस्तो कडा घाम शीत सहेर हजारौंको संख्यामा प्राणको आहुति गरिसक्यौं, जसको परिणामस्वरूप आज हाम्रो शिर

भारतमा यति ठाडो भएको छ। के त्यो यति चाँडो लत्रेर सबै गुमाउने ?

जसपाउ–त्यही त मैले बुझ्न नसकेको ! खुरुक्क दुइ तीन-बटा गाउँ अन्भराएर सिमला, मसूरी अलमोडा, श्रीनगर जस्ता रमणीय स्थानहरू आफ्नो भइसकेका छन्, तिनलाई संगठित गराउनलाग्नपट्टि ध्यान दिएको भए आज हामीलाई कति लाभ हुने थियो ?

अमरसिंह—होइन, अझ हाम्रो के बिग्रेको छ र ? लड्नु लडि-सकेपछि फेरि यो नामर्दी किन ? हामीलाई सर-सदत मात्र राम्री पुऱ्याऊन् न अनि हेरून्—कुइरेको कुन दुर्गति हुनेछ । हामीले २-४ वटा लडाइँमा मात्र दुश्मनलाई मार खुवाउ न कुइरेको नीति-देखिन् तर्सेका मराठाहरूले वैरी साध्ने मौका छोप्नेछन् । पंजाब केशरीलाई विश्वास हुनेछ कि हामी भरपर्दा मित्र हौं । हाम्रो कुममा कुम जोडेर लडे वैरीहरूको सातोपुत्लो उड्नेछ। पिण्डारीहरूले सर्वत्र हाहाकार मचाएर फिरंगीको नुटुमा ढ्यांग्रो ठटाउनेछन्। अनि‥अनि‥हाम्रो कत्रो सिंहनादी रहला । एक दुई वर्ष मात्र त अडौं । ( दाह्रा किटेर ) के गरौं ? अलि दिन मात्र नहतपताएको भए हामीले जितेका प्रदेशहरूमा मात्र राम्रो व्यवस्था मिलाउन पाएको भए देख्ने थिए ।

रणजोर—कुइरेलाई तर्साउन हामीले अरू कसैको गुहार माग्न सक्तैनौं ?

अमरसिंह—सक्छौं, किन सक्तैनौं ? हाम्रो दक्षिणपट्टि कुइ-रेको प्रभाव बढ्दै गए पनि उत्तरपट्टि चीनको विशाल साम्राज्य छ। चीन पनि हाम्रो परम मित्र हो। चीनमा हाम्रो देशबाट ५-५ वर्षमा हामी सौगात पठाउँदै छौं। उहाँबाट पनि हामी-लाई सौगात बराबर आउँदो छ। दुई मुलुकको सम्बन्ध स्नेह

सूत्रमा बाँधिएको छ ! कुइरेसँग केही लागेनभने आफ्नो मतलब साध्न पनि चीनलाई फुर्काउनुपर्ला, मदत माग्नुपर्ला। युक्ति बुद्धिले आफ्नो मातृभूमिको स्वाधीन र गौरवमय स्थान दिगो बनाउनपट्टि पो लाग्नुपर्छ र यसरी त्वम् शरणं भएर हातपरिसकेका मुलुक सबै फिर्ता दिएर हिन्नति गराउन हुन्न, हुन्न, हुन्न। बरु प्राण जाओस् हाम्रो पानी नजाओस्। हे गोरखनाथ। यस्तो दुर्दिन देख्न नपरोस् है। हाम्रो यही पुकारा छ।

जसपाउ थापा—एउटा बलभद्रसिंहले नाला पानीमा त्यत्रो अनुपम वीरता देखाउँदा पनि अझ आफ्ना प्रजामा किन पत्यार र अभिमान न आएको होला ?

रणजोर—आफै ठूलो हुँ, आफै सर्वेसर्वा, हर्ताकर्ता बनूँ, अरू भरसेला परून्, मुलुक भरसेला परोस् भन्न लागेपछि यस्तै हुन्छ।

अमरसिंह—हामी त प्रातःस्मरणीय बडा महाराज पृथ्वीनारायण-शाहका राजनैतिक शिक्षा—शिबिरमा तालीम पाएका व्यक्ति हौं। हामीलाई उहाँले सिकाइदिनुभएको पाठ मात्र याद राख। आमा नेपालको सुहार जल्दोबल्दो पार। एउटा सुसम्पन्न नेपाल बनाऊ। राष्ट्र राष्ट्रै हो। एउटा व्यक्ति वा व्यक्तिविशेषको खेलौना बन्यो-भने सर्वनाश हुन्छ। बस हाम्रो त देश-सेवा नै महामन्त्र हो। आफ्नै देशलाई सुसम्पन्न पारे मात्र काम लाग्छ भन्ने हुन्थ्यो। म त त्यही झलमली सम्झन्छु।

जसपाउ—उहाँका बखतका हजूरहरू जस्ता ५–७ जना होइ-बक्सिन्छ। त्यसैले मात्र यस देशको यत्रो चकचकी बढेको हो।

रणजोर—( बिगुलको आवाज सुनेर ) लौ बराहरूको फौज यसतर्फ आएछ। आओ, हामी स्वागत गर्छौं रणचण्डीको। अब

रणभूमिमा हामी रगतको होली खेल्छौं। हाम्रो परीक्षा छ। एकदम कुइरेहरूको स्वाहा स्वधा गर्नपाए ( चिच्याएर ) वीरहो, अघि बढ। हाम्रो भूमि स्वतन्त्र हो !

( पर्दा खस्छ )

पहिलो अंक

## तेस्रो दृश्य

पर्दा ३

स्थान—हिन्डुर प्रदेश ]                                   [ समय मध्यान्ह

[ पाल टांगेको छ। जनरल अक्टरलोनी र कर्णल ब्रूक परस्पर कुरा गर्न लागिरहेछन्। ]

अक्टोरलोनी—( गुनगुनाउँदै ) ब्रूक, कस्तो अचम्म। धन-मान, शिरपेच राज्य केही दिंदाखेरि पनि यो मानिसलाई फसाउन सकिएन। हाम्रो दूतलाई के जवाफ दिएछन् सुन्यौ ?

ब्रूक—सुनिनँ।

अक्टरलोनी—थुक्क कुइरे। हाम्रो जातिलाई तैंले चिन्हेकै रहिनछस्। हामीलाई प्रलोभनमा फसाएर आफ्नो मतलब साध्य गर्न खोज्छस्। हामीलाई निमकहराम तुल्याउन खोज्छस्। धिक्कार! भने रे। संझाउन खोज्दा हाम्रो मानिसलाई गलहत्ती लाएर निकाले रे।

ब्रूक—त्यसो नभनून् ? जून वीरले घाम भनेन, पानी भनेन जस्तोसुकै आपद् विपद्मा पनि आफ्नो शिर ऊँचा राख्यो, साहस गुमाएन, त्यस्ताले के भनेर हजूरको शरणमा पर्न आउँथ्यो।

अक्टरलोनी—यिनी मात्रै होइनन्, म त यी सबै त्यस्तै देख्तछु। देखेनौ ? हाम्रो हिण्डुरको लडाइँमा कत्रो घोर

घमासान पऱ्यो। हाम्रो तोपले दनदन फायर गर्दैछ, उनका सिपाहीहरू तोपका मुहुडामा हाँसी हाँसी ओइरिएका छन्, प्राणको वलिदान गर्दा छन् ।

अक्टरलोनी—किन व्यर्थ यसरी ज्यान गुमाएका होलान् ?

ब्रूक—होइन साहेब, वेकूफी गरेका होइनन् । यिनी बिचराहरूसंग तोप बन्दूकको साह्रै कमी रहेछ । त्यसरी जमात मिलेर हाम्रो तोपमाथि धुइरिएपछि त जबर्दस्ती थिचोमिचो गर्छौं र तोप हात पार्छौं भन्ने मुरादले पो त्यसरी जोरी खोजेका रहेछन् ।

अक्टरलोनी—मैले सब बुझेको छु । कस्तो मृत्युको डर नभएको ? ज्यानको किन कत्ति परवाह नभएको ? यस्ता अनुपम साहस र ज्वलन्त देशभक्तिको उदाहरण त कमै पाइएला । जुन वखतमा पनि उनका फौजको वाणी श्री ५ महाराजाधिराजको जय, श्री गोरखनाथको जय, श्री गोरखकालीको जय ! थियो ।

ब्रूक—अँ, यिनीहरू हामीजस्तै औधी राजभक्त रहेछन् । देवतालाई पनि मान्दा रहेछन् ।

अक्टरलोनी—त्यसैले त यिनलाई नेपालसरकारको राजनीति मन नपरेर असन्तुष्ट भएका वेलामा आफ्नो तर्फ खिचौं र आफ्नो तुल्याऔं भन्ने विचारले धेरै कोशिश गरियो । यिनी हिमालय जस्तै दृढ भएर आफ्नो राजभक्तिमा डटी रहे । यिनले लडन र हामीलाई हटाउन कम उद्योग गरेका होइनन् । यस शरीरमा रगतको एक थोपा मात्र रहेसम्म पनि आत्मसमर्पण गर्ने होइनौं भन्ने जवाफ मात्र यिनीबाट पायौं ।

( प्रहरीको प्रवेश, गएर भन्दछन्—जान साहेब हाजिर हुनुहुन्छ । अक्टरलोनी "वोलाऊ" भन्दछन् )

जाँन किन आए ? जरूर केही जरूरी खबर ल्याएका होलान् ।

( जाँनको प्रवेश )

जाँन—हाम्रो चरले नेपाल पठाउन लागेको एउटा पत्र फेला पारेर ल्याएछन् ।

अक्टरलोनी—कसको चिट्ठी ? कसले पठाएको ?

जाँन—अमरसिंह थापाले नेपाल राजदरबारमा पठाएको रे।

अक्टरलोनी—खोलेर हेरूँ त के छ ?

( जाँनले चिट्ठी खोल्छन् र अक्टरलोनीलाई दिन्छन् । )

अक्टरलोनी—लौ, यो त नेपालीमा रहेछ । लौ, ब्रूक साहेब, पढ्नोस्, तपाईं त नेपाली बुझ्नुहुन्छ ।

ब्रूक—हो, बनारसमा एउटा नेपाली पंडितसँग पढेको थिएँ। कामै लाग्यो । ( पढ्छन् र मतलब सम्झाउँदै जान्छन् । )

अक्टरलोनी—( मुख लाल गरेर ) हेर, यस मानिसको दृढ संकल्प अक्कल बुद्धि! हो नि है। पहाडको नाकामा गएर नै हामीलाई यस्ता निडर पहाडी बाघहरूसंग भिडिन गाह्रै पर्छ। त्यसमाथि हाम्रो हार भयोभने भारतका हाम्रा दुश्मनहरू जुरमुराउँदै उठ्नेछन् । त्यो पनि साँचो हो !

ब्रूक—यो पनि त ठीकै भन्छन् नि ! हाम्रा गभर्नर-जनरलले खूब मौकामा लडाइँको घोषणा गर्नुभयो । यो जातिले सतलज र जमुनाका यी प्रदेशमा राम्रो बर-बन्दोबस्त मिलाउने समय पाएको भए दरो भइसक्थ्यो । हामीलाई हल्लाउन मुश्किलै पर्थ्यो ।

अक्टरलोनी—सानो कुरामा लडाइँ उठ्यो, लेखेको पनि मनासीब हो । त्यस बखतमा नेपालका राजनीतिज्ञहरूले बुद्धि पुऱ्याउन सकेनन् ।

ब्रूक—बुद्धि पुऱ्याउन नसकेको होइन, स्वार्थ र हौसलाले अन्धो तुल्याएको हो ।

( पर्दा खस्छ )

अक्टरलोनी—हामीसँग यति बिघ्न लडाइँको सामान छ। हाम्रो फौज पनि प्रशस्त छ। तैपनि अझ हामीलाई जित्छु भन्ने हियाउ राखेको देख्ता पो गजब लागेको छ!

ब्रूक—वीरहरू यस्तै हुन्छन् जर्साहेब! के मैले तपाईंहरूलाई भनिरहनुपर्छ र। यिनीहरूमा असाधारण प्रतिभा, साहस र हौसला हुन्छ। यो मुट्ठीभर सास त हो नि जाओस्, तर देश नजाओस् भन्ने ध्याउन्ना यस्तैको हुन्छ। हेर्नोस् न, यिनीहरूले कति टाढासम्म आपनो दृष्टि पुऱ्याएको हुन्छ।

अक्टरलोनी—किन? किन?

ब्रूक—महाराजाधिराजलाई चीनसित गुहार माग्ने सल्लाह दिएकोले नै, बुझ्नुभएन? चीनीलाई कस्तो चिट्ठी पठाउनुपर्छ भनेर मस्योदासमेत पठाएको ए!

अक्टरलोनी—मस्यौदा एक पटक फेरि पढ त ब्रूक!

ब्रूक—( पढ्छन् र अँगरेजीमा उल्था सुनाउँछन् )

अक्टरलोनी—ओहो! कस्तो नम्रता! कत्रो पुलिस्त्याइँ! हामीदेखिन् किन यसरी झस्केको होला।

ब्रूक—हामी पर्स्यौंभने राष्ट्रको व्यक्तित्व नै रहन मुश्किल भन्ने यिनको धारणा अहिलेको होइन। उहिले पनि दामोदर पांडे, बहादुर शाहले कहिलेकहीं हाम्रो ओडमा कुरा गरेभने यिनी उनीहरूसंग विरोध गर्थे। ती जस्ता राष्ट्रवादी देशभक्त वीर नेपालमा धेरै छन्, तर तीमध्ये यिनलाई सर्वश्रेष्ठ मानिदिए हुन्छ।

अक्टरलोनी—तर चीनले यिनीहरूलाई के मदत गर्न सक्ला? आफ्नै मुलुकभित्र त्यत्रो अशान्ति र कोलाहल छ!

ब्रूक—त्यो त हो! यी बिचराहरूलाई चीनको हालत के

थाहा होस् ? यिनीहरूले आफ्नो आवयजावतको बाटो ठीक राख्न सकेको भए यो चिट्ठी किन हाम्रो हात पर्दथ्यो ? आफ्नो मुलुकभित्र पनि त कहाँ के भइरहेछ यिनीहरू राम्रो खबर राख्न सक्तैनन् , त्यति टाढाको के थाहा पाऊन् ।

अक्टरलोनी—यही त यिनीहरूको सबभन्दा ठूलो कमजोरी हामीले भेट्टाएका छौं ।

ब्रूक—तर जे होस् यो जातिलाई चिढाउन हुँदैन । हामीले यसलाई मित्र बनाउन सक्यौंभने हाम्रो जग दिगो रहनेछ ।

अक्टरलोनी— कसरी ? यो चिट्ठीबाट साफ साफ देखिन्छ कि यिनी केही गरेर पनि सुलहको पक्षमा छैनन् । कनकाईदेखिन् सतलजसम्मको विस्तृत नेपाली प्रदेशको संरक्षण गर्ने भार मेरो भयो । मदत मात्रै वखतमा पूरा पाऊँ । यहींबाट म शत्रुहरूको उच्छित्तो पार्छु । होइन, यो गर्नैपर्छ भन्ने हुन्छभने जसले लडाइँ गर्न हुन्न भनेको वेलामा हुण्डरी मचाएर लडाइँ गरायो, त्यसैलाई सही गर्न लगाइबक्स्योस् । मेरो हातबाट आफ्नो राजाको बदनाम हुने काम हुँदैन भनेर लेखेको रहेछ । यिनलाई हामीले गाल्न सक्तैनौं ।

ब्रूक—यिनीहरूमा जस्तो ज्वलन्त देशभक्ति छ उत्तिकै जल्दोबल्दो राजभक्ति पनि छ । यिनीहरू प्रकृतिका काखमा लडीबडी खेलेर हुर्केका छन, त्यस्ता त्यस्ता अनकण्टार जंगलमा र भिरालो पहाडमा पृथ्वीमातासँग यिनीहरूको संघर्ष चल्दो छ र संघर्षमा यिनीहरूको चरित्र गठन भएको छ । यिनीहरूको शारीरिक विकासलाई पनि कुनै कृत्रिम व्यायाम चाहिन्न । यिनीहरूलाई रमाउन सके यिनीहरूबराबर

सोझा कर्तव्यपरायण अरूको ही हुनेछैनन्। हामीले यिनी-हरूलाई मित्र बनाउनुपर्दछ। यस लडाइँमा पनि हामीले यिनीहरूलाई स्वाधीनता खोस्ने दाउपेच लगाउन हुन्न। जिस्किए-भने यिनीहरूले यस्तो घनघोरको लुकीचोरी लडाइँ गर्नेछन्, हामीलाई नाकोदम पार्नेछन्।

अक्टरलोनी—ठीक भन्यौ। मेरो पनि यस्तै विचार छ।

( पर्दा खस्छ )

# रणजंग

## पात्रहरू

(पुरुष)

राजेन्द्रविक्रम शाह—नेपालका अधिराज ।

रंगनाथ—गुरुज्यू ।

रणजंग—प्रधानमन्त्री ।

कृष्णराम—गुरुज्यू ।

अरू अफिसर भारादारहरू ।

(स्त्री)

मुना—द्वारे

चम्पा—केटी

# रणजंग

## पहिलो दृश्य

### पर्दा १

स्थान– हनुमान्ढोका दरबार ]　　　　[ समय—वेलुकीपख

[ दरबारमा झार झुण्ड्याएको, छ, माथि चँदुवा छ, सेतो चाँद।
जस्तो वा दूधको फिज जस्तो तन्ना टन्न ओछ्याएको छ। ठाउँ
ठाउँमा चकला राखिएको छ। राजेन्द्रविक्रमशाह गद्दीमा
राजभएको छ। चमरपंखा झुलिरहेछन्। अरू
भारादारहरू चकलामा वसेका छन्। ]

राजेन्द्र—हामीले फिरंगीसंग हार्‍यौंभने के भन्ने ! गोरखालीले कहिले कुनै रणक्षेत्रमा हारेको थाहा छ ? हाम्रा प्रातः स्मरणीय पुर्खा श्री ५ महाराज पृथ्वीनारायणको समयदेखिन् हामीलाई फिरंगीले दागा धरेको होइन ?

करवीर—हो, महाराज, त्यस बखतमा सिंधुलीबाटै उनीहरूलाई धपाएर पठाएको हो। यहाँ भित्र पस्न निक्कै जोरी खोजेका थिए। केही लागेन।

राजेन्द्र—हाम्रो मुलुकमा आएर रजाइँ गरौं पो भन्दा रहेछन्। उनीहरूको रेजिडेन्ट राख्नुपर्‍यो रे। उनीहरूलाई व्यापार गर्न दिनुपर्‍यो रे।

कनकसिंह—त्यसो भन्दाभन्दै उनीहरूलाई गिर्जाघर पनि राख्न दिनुपर्ने होला। उनीहरूलाई घरबार पनि बनाउन निनुपर्ने होला।

राजेन्द्र—त्यही त भनेको । हेरन, त्यसैले त हाम्रो जिज्यूबुबा-बाट कुनै कुरामा उनीहरूलाई प्रोत्साहन नबक्सेको ।

ज्यान शाह चौतरिया—यिनीहरू त जहाँ पनि सानो भएर पस्छन् , ठूलो भएर निस्कन्छन् ।

राजेन्द्र—के गर्नु, ७१ सालको लडाइँमा ठूलो धोका भयो। हामीले हाम्रो यातायातको ठीक प्रबन्ध गर्न सकेनौं । जुन बखत-मा हाम्रा वीर बलभद्रले नालापानीमा त्यस्तो बहादुरी देखाएर दुश्मनको जर्नेलससेतलाई मारी त्यत्रो ठूलो नाम कमाइसकेका रहेछन्, हाम्रा अमरसिंह थापा र भक्ति थापाले जतासुकै दुश्मनलाई आच्छु आच्छु पारिसकेका रहेछन् , यता हाम्रा मन्त्रीले सन्धि गर्नपट्टि लागे। अनि फिरंगीसंग हाम्रो केही लागेन।

नैनध्वज बस्नेत—कुइरेलाई लैनबाट यताउति कहीं जान पाइन्न भन्ने ठूलो गुनासो छ रे।

कनकसिंह—यताउति गएर आफ्नो जाल फिजाऊँ भन्दछ। अब हाम्रो मुलुकमा पस्न पाइस् , यही गनिमत भयो संझी। यस पवित्र भूमिमा कति कतिले कस्ता कस्ताले आँखा गाडेका थिए। अकबर, औरंगजेब जस्ता बादशाहहरूको त यहाँ केही दाल गलेन।

करबीर—अँ, हिन्दुस्थानका करीब करीब सबै हिन्दूहरूका राज्यमा मुसलमानको झण्डा फरफरायो, तर हाम्रो मुलुकमा फर-फराउन पाएन।

धरणीधर—अशोक पनि यहाँ केवल धर्मप्रचार गरेर गए, यस राज्यलाई अधीनमा पार्न सकेनन् ।

राजेन्द्र—हो, हाम्रो मुलुकको यही विशेषता छ। यसले पराधीन रहन भनेको त कहिले पनि जानेन। जैले पनि विदेशीहरूले यहाँ आँखा लाए कि हाम्रा प्यारा देशवासीहरूले ज्यान मिल्काउन कहिले पनि अनकनाएनन्। अहिले पनि हामी झुक्यानमा परेकोले हामीमा हुनै नपर्ने कुरो भइरहेछ।

नैनवीर—सारा फौज जमजमाइरहेछ। हुकूम मात्रै पाऔं त हामी खुकुरी नचाएर प्राण हत्केलामा राखेर वैरीको सामना गर्छौं र आफ्नो गुमेको राज्य फेरि फिर्ता लिन्छौं भन्छन्।

वागवीर थापा—भन्न त भन्दछन्, तर हामीले यो पनि बिर्सन हुन्न नि, कुइरेले नवाबको त्यत्रो फौजलाई स्वाहा पाऱ्यो। त्यस्तो शक्ति भएका मरहट्टा सल्तनहरूले उसको आधिपत्य स्वीकार गरिसके। टिपू सुल्तान जस्ता वीरको केही लागेन। राम्रो विचार नपुऱ्याई जोरी खोज्न हुन्न।

कनकसिंह—त्यो त हो ? तर अर्को प्रश्न पनि त छ। फौजको यत्रो उमङ्ग र जोश उर्लिरहेछ, त्यसलाई जरूर निकास चाहिन्छ, नत्र देशैमा उपद्रव मच्चिन लाग्ला। हामीले त केही न केही गर्नैं पर्दछ।

राजेन्द्र—हामी एक्लै दुक्लै भयौंभने पो हामीले के होला कस्तो होला भनेर गौड गर्नुपर्छ। अरू राष्ट्रहरूलाई पनि मिलाएर एकै पटक चारैतिरबाट हमला गर्नसक्यौंभने त के होला नि ?

कनकसिंह—मेल भए त कसले के गर्न सक्छ ? आठ कनौजिया नौ चूल्हा भएर त हामी हिन्दू बिग्रेका हौं।

राजेन्द्र—बरु कसलाई पठाउने, कहाँ कहाँ पठाउने ?

कृष्णराम—महाराजबाट जसमाथि पत्यार हुन्छ उही जान्छ।

राजेन्द्र—माथवरलाई पंजाब पठाऊँ, सिखहरू पनि बडा वीर जात हुन्।

करवीर—हुन त हुने हो, तर उनी ज्यादै अहंकारी छन्। आफूलाई ज्यादै महत्व दिने मानिसबाट राजनीतिको चाल चल्न सक्तैन।

नैनध्वज—अहिले उनी उतै पनि छन्। उनलाई मानिसद्वारा एउटा खरीता पठाएर सबै कुरा अह्राइबक्सनुपर्ला।

कनकसिंह—त्यो त हो, यहाँबाट अरू कुनै सरदारलाई पठाउनुभन्दा त माथवरलाई नै खटाउनु बेश होला।

रंगनाथ—म त भन्छु बर्मामा पनि पठाइबक्सनु कसो होला ? बर्मावासीहरूले फिरंगीको सातो लिएका थिए। त्यहाँ उनीहरूको साह्रै ठूलो क्षति भएको थियो।

नैनध्वज—हो, लौ, त्यो त झन् बेश कुरा हो। हामीले त जसरी हुन्छ घेरामा पार्नुपरेको छ। एकै पल्ट ४–५ तिरबाट आक्रमण गर्न सक्यौंभने र घेरामा पारेर बजार्न सक्यौंभने त कसो लतार्न नसकिएला।

कृष्णराम—हुन पनि कस्तो गजब ! कहाँ सात समुद्रपारिका कुइरेले आएर भारत दखल गरेर मजासँग जम्ने रे, हामी यति नजीक भएको यस्तो वीर जातिले आफ्नो भएको पनि गुमाएर तिनैलाई हजूर हजूर भनेर बस्नुपर्नें रे। असंभव ! प्राण जाओस्, सर्वस्व गुमोस्, आफ्नो भन्नु जे छ सबै स्वाहा स्वधा होस्! परवाह छैन। मुलुकको शिर नीचो हुन त नदिने।

करबीर—हाम्रा वीर दाजुभाइहरूले आफ्नो जन्मभूमिका निमित्त हाँसी हाँसी प्राण दिए, लडे, मरे, तर वैरीको प्रलोभनमा फँसेनन् । भारतमा कुइरेहरूले सल्तनत दखल गर्दै लगे उनीहरुको धनले उनलाई धेरै मदत गर्‍यो ।

रंगनाथ—ओहो ! भाइभाइमा फुटाउन त उनीहरू एकदम पास । विपक्षीलाई लडाइदियो आफ्नो पक्ष बलवान् तुल्यायो, अर्काको मुलुक सरगर्‍यो । उनीहरूले गरेको यही न हो ?

नैनध्वज—कहाँ त्यही मात्र र ? पैसा ओइराएर विपक्षीलाई किन्न उनीहरू उत्तिकै उस्ताद छन् ।

राजेन्द्र—हाम्रा देशवासीहरूको चरित्र, नेक नियत र देशभक्ति राजभक्ति देखेर मेरो हृदय त्यसै गद्‌गद् हुन्छ । हाम्रा वीर गोरखालीहरू जब दुश्मनसंग भिडिए उनीहरूले केही कुराको वास्ता गरेनन्, यताउति कतै हेरेनन्, एकोहरो आफ्नो जन्मभूमिको गौरव बढाउँदै गए । हाम्रो सोझो चिताएर लडे । उनीहरूमाथि पनि प्रलोभनको वर्षा भएन र ? तर कत्ति डगेनन् ?

रंगनाथ—चरित्रबल, मनोबल, सहिष्णुता, देशप्रेम र राजभक्तिमा हाम्रो जात संसारको कुनै जातभन्दा कम छैन ।

राजेन्द्र—अँ, त्यसो भए आभामा कसलाई पठाउने त ?

कनकसिंह—आभामा चन्द्रवीरलाई नै पठाउनुपर्ला कि ? जहाँ देशदेशावर पनि घुमेको, धेरै दंगल खाइसकेको, बुझ्रुक हुनुहुन्छ । काम फत्ते गर्नुहोला ।

नैनध्वज—हुने हो, उहाँबाट जरूर पार लाग्ला ।

धरणीधर—होइन, हामीले चीनतिर पनि किन आशय बुझ्न

मानिस नपठाउनू ? ठूलो राष्ट्र हो । उसको सहायता भए त सजि- लैसंग हाम्रो जितबाजी होला ।

करबीर--त्यहाँ एउटा फसाद छ । ठूलो शक्ति छ । आफैलाई समेत निलिदियोभने ?

राजेन्द्र—त्यसैले त धरणीले आशयसम्म बुझ्ने भनेका । हुन्छ, बुझेर ल्यायो । आज अबेर भइसक्यो । फेरि विचार विमर्श गरौंला, अरू पनि उपाय सोची जे गरेर हुन्छ जसरी हुन्छ हाम्रो साँध संवत १८७१ सालको हुनुपर्छ । बुझ्यौ ? हामी साहै धोकामा परेर हाम्रो त्यत्रो मुलुक गुम्यो । मलाई त्यही कुराले राती निद्रै लाग्दैन ।

( दरबार विसर्जन, प्रस्थान )

## दोस्रो दृश्य

स्थान—ढोका चोक ]
[ समय—बेलुकी ४ बजे

[ कुलराजले कसाईहरूलाई अंग्रेजी कवाजको पोशाक पहिराई मुखमा सेतो घसी, फेरि नाइकेलाई अंग्रेज जनरलको जंगी पोशाकले ठाँटी कवाज खेलाउन लगाइरहेका छन् । सुरेन्द्रविक्रम शाह कवाज हेरिरहेका छन्! युवराजका यार दोस्तहरू र बैठके, आठपहरियाहरू पनि छन्, नकली ब्यान्ड पनि बजिरहेको थियो ]

कालु नाइके—लेफ् राइ । हल राइट ।

कुलराज—काले, खोइ शाहजादालाई सलाम गरेको ?

कालु—गर्छ मालिक अहिले गर्छ ।

शाहजादा स्यालु ( ब्याम् ब्याम् पटपट पटपट ब्यांड बज्छ )

सुरेन्द्र—( हाँस्छन् ) के रे ? अँ के रे ? कालेले ठिक्क कुइरेको फौजलाई, के रे निक्कै तालीम गरेछ । के रे ? अँ, ए धनचा, लौ,

कालेलाई, बकस दे। अँकुलराज के रे ? लौ त लडाइँ देखाऊ।

कुलराज—हुन्छ, सरकार। हाम्रो फौज खोइ, ए ज्यानशाहलाई हाम्रो फौज पनि ल्याऊ भन। ( फौजको प्रवेश ) नजर होस्, सरकार! हाम्रा वीरहरू कस्ता लायक हट्टाकट्टा र हिक्मतदार छन्। यिनीहरूको छाती कति विशाल छ। निधार कति फराकिलो छ। मुखैबाट अदम्य उत्साह र कठोर मनोबल झल्कन्छ। यस्ता बहादुर सिपाहीहरू हाम्रा हुँदा हुँदै ( लामो साँस फेरेर ) हाम्रो कुमाउँ गुम्यो; हाम्रो गढवाल गुम्यो, हाम्रो सुनको टुक्रा जस्तो तराई गुम्यो।

जंगवीर—के गर्नु हाम्रा नेताहरूले बुद्धि पुऱ्याएनन्। जतासुकै दृष्टि पुऱ्याउन सकेनन्, आत्तिए, अतालिए। मकवानपुरमा दुश्मनको फौज आउनेबित्तिकै, उनीहरूको सातोपुत्लो गयो, वरपर हेरेनन्।

सुरेन्द्र—हा! हा। हा! हा। कुइरेले हामीलाई जितने रे, के रे! कहाँ कुन रणक्षेत्रमा हाम्रा वीरहरूले पीठ फर्काए ? त्यही भनोस्। के रे ? अँ, कहाँ कुन रणक्षेत्रमा हाम्रा वीरहरूले त्यसको गोडा मले ? के रे ? आओस् त्यही भनोस्। ( काछतिर फर्कर ) के रे ? ए कुइरे तँ, हामीलाई हराउन आएको ! के रे ? ए, मनवीर ले, मेरो तरवार ले। के रे म कुइरेको दोहलो पार्छु। ले, अहिले लिएर आ। तेरीमा कुइरे ! के रे ? तँ हाम्री जन्मभूमिमा आएर रजाइँ गर्न खोज्ने ? 'अँ, तँ हाम्रो मुलुकको, के रे व्यापार लुट्न खोज्ने ? अँ, के रे लौ, आ।

( जोशमा एक तलामाथिबाट चिच्याएर धूमधाम गर्न लाग्छन् )

कुलराज—होइन, सरकार, सरकारबाट तकलीफ उठाइबक्सनै

पर्दैन। अहिले ज्यान शाहलाई आक्रमण गर्ने आर्डर बक्स्योस। यी सब कुइरेलाई निमोठनामोठ पारिहाल्छन् नि। हाम्रो फौजको अघिल्तिर यी के टिक्न सक्थे ?

जंगवीर—यी त अरूलाई अघि लगाएर शत्रुका मुखमा पारेर आफू भाले हुने मात्र हुन्। तोपका अहारा बन्ने अरूहरू नै हुन्छन्। जब उनीहरूले अघि बढेर वैरीको पीछा गर्छन् र कुनै इलाका सर गर्छन्, अनि यिनीहरूले झण्डा गाड्छन्।

ज्यान शाह—चार्जको आडर दिऊँ कि ? के हुकूम हुन्छ ?

सुरेन्द्र—के रे ! हाम्री मातृभूमिमा दगा गर्ने र दागा धर्नेहरू कसले, के गर्न सके ? के रे ? भोटेहरूले त्यस्तै गरेर कति पटक जोरी खोजेथे। के रे ! प्रताप मल्ल, के रे ! रणबहादुर शाह, के रे ? दुवैको पालामा नेपालीहरूले नेपालको नाममा कलंक लाग्न दिएनन्। के रे ? हामीमा तिनै पुर्खाहरूको रगत आज पनि तातै छ, उम्लिरहेछ ! के रे ? गएको जमीन फिर्ता लिने मात्र हाम्रो ध्येय होइन। आफ्नो मुलुकको इतिहासमा अर्को ज्वलन्त दृष्टान्त पनि देखाउनु छ।

कुलराज—सरकार ? त्यसैले हामीहरू त्यसमा दत्तचित भएर लागेका। हाम्रा दूतहरूबाट कार्य सफलताको सन्देश आयो कि हामीले कुदिहाल्नुपर्नेछ।

जंगवीर—त्यसको निमित्त हाम्रो फौज तयार छ। तर कति भने यसपल्ट हाम्रा नेताहरूले धोका नदिऊन्। स्वार्थको लागि मुलुकको कल्याणमा धक्का नपुऱ्याऊन्।

सुरेन्द्र—के रे ? के हेर्छस् ? ए ज्यान के रे ? हान् वैरीलाई, खतम पार् ! हेर् के रे, विचार गरेर हमला गर। फेरि के रे ?

अँह्राती फर्काएर लड् । के रे ? अँ देखलास् कुइरे, अब तेरो के गति हुँदो रहेछ । के रे ? अँह्रान् ह्रान्, भनेको तेरो बाजेलाई । के हेर्छस् ?

( ज्यान शाह कुलराजतिर हेरेर आँखाले सोध्छन् । कुलराजले आँखा सन्काउँछन् । आँखा आँखैबाट कुरा हुन्छ । )

ज्यान शाह—बढ़, ह्रान, मिलेर ह्रिकाओ ।

कालू—फाइ, लोमन ( कुलराजतिर फर्केर, ) के भन्ने रे साहेब ?

कुलराज—धत् के सोध्छ ? फायर ।

कालुचा—फायर ।

[ दुवै थरीको एकछिन नकली लडाइँमा घम्साघम्सी हुन्छ ]

सुरेन्द्र—के रे खोइ ? कस्तो लडाइँ हो ? खोइ कुइरेको एक थोपा रगत निस्केन । त्यसै भागेर गयो । के रे ? ह्रिकी न, तेरो बाजेलाई ।

[ एउटा सिपाहीले संगीनले कालुलाई घोचिदिन्छ र अलिकति रगत बग्दछ ]

सुरेन्द्र—हा ! हा ! हा ! हा ! के रे ? जर्नेललाई एउटा सिपाहीले, के रे रगतै निकाल्ने गरेर ह्रिकाईदियो । बल्ल स्वाद पाइस्, कुइरे ! अझ जोरी खोज्छस् कि ? यस्ता भगुवा, के रे ? त्यस्तो फूर्ति !

जंगवीर—यही फोस्रो धाक र खाफले यसले हिन्दुस्थान-माथि आफ्नो प्रभुत्व जमायो । हो, कूटनीति जान्दछ । अरूलाई लडाउन, फुटाउन, र मौकामा आफ्नो मतलब हासिल गर्न यो सिपालु छ । रणक्षेत्रमा लड्न सक्ने जात यो होइन ।

कुलराज—यो त व्यापारी पो व्यापारी । व्यापार गर्न आएका अरूहरू पनि हिन्दुस्थानमा आफू आफू नै लड्न थाले । केवल बुद्धिचाल खेलेर यसले यत्रो भारतभूमिमा आफ्नो धाक जमायो ।

सुरेन्द्र—अँ, के रे ? लौ, काजीदाइ, एउटा दोसल्ला मगाऊ। के रे ? ज्यान शाहलाई दोसल्ला ओढाउनुपर्दछ । हो, कसै गरेर, के रे ? हाम्रा वीरहरूले के रे ? फेरि लडिदिएभने हाम्रो मुखमा लागेको कालो, के रे ? कसो नमेटिएला त ? अँ, के रे ? हाम्रा वीर सिपाही हरूलाई भोज खुवाउन ५००) रुपियाँ बकस भयो। लौ, के रे ? काजीदाइ, यिनिहरूलाई अहिले नै, के रे ? दिनु है।

( युवराजको खोपीमा प्रवेश द्वारेको वार्तालाप । उनी कान थापेर सुन्छन् )

मुना द्वारे—अनेक किसिमको टुना-मुना चालिरहेछ रे । श्री ५ महाराजलाई अब भेंडा बनाउने रे, आफ्नै छोरालाई-आफ्नै छोरा पनि सुहाउँदो अनुहारको होस् नि आँखीभौं गाँठो परेको छ, दाँत बाहिर उछिट्टिएको छ— त्यस्तो गति न पतिकोलाई राजसिंहासन दिई, हाम्रो युवराजको त मगज सड्काइदिने रे—त्यस्तो कुचक्र भइरहेछ भन्दछन् ।

चम्पा—त्यसैले रहेछ, हिजो मूलचोकमा थाल ठटाएका सुनिएको थियो । फेरि भाटभटेनीका च्याउसे जैसी बित्पातका छन् रे, उडेको चरा खसाल्छन् रे । खूब देवी साधेका छन् रे ।

मुना—ए बाबा, यो त चलिआए कै कुरा हो । जहाँ पनि जेठाको पो हक हुन्छ । यसमा पनि यत्रो लोभ लालच छ त्यसैले पनि मलाई त बडो पीर लागिरहेछ ।

चम्पा—हुन पनि कान्छी महारानी रणचंडिका नै छन्। बाबा ! कस्तो चपचंण्ड मिजास, कस्तो हाउ र भ्याउन्न ! महारानी स्वर्ग भएपछि हाम्रो त ढाडै भाँच्चियो।

मुना—बाबा, अब त बसी नसक्नु होला जस्तो छ। अरू पनि कति कति कुरा सुनिन्छ। महाराज पनि त्यसै सिल्लड जस्तै पो भइबक्सेको छ। केटाकेटी भनूँ कि बूढा-बूढी भनूँ! आफ्नो ठहर त केही पनि छैन।

सुरेन्द्र—सुनें, सबै कुरा सुनें, हेरौं न ! मेरा सबै भारादार-हरूले धोका दिएभने मात्र हो। नत्र त चलिआएको प्रथालाई कसरी तोड्लान् , हेरौं।

( युवराजको सुकला, द्वारे र नानीले पंखा झुलाउन र चमर हल्लाउन लाग्छन्। )

## तेस्रो दृश्य

### पर्दा ३

स्थान—राजेन्द्रको भित्री बैठक ] [ समय—४ बजे बेलुकी

रणजंग—फौजहरू तयार छन् , महाराज। सबैमा फूर्ति छ, सबमा साहस र उत्साह छ। हाम्रो मुलुकमा यत्रो ठूलो मौका अरू आउने छैन। पंजाबमा सिखहरूले लडाइँ शुरू गरिसके। त्यो जातमा पनि खूब शरवीरहरू छन्।

रंगनाथ—पंजाबकेशरीले फौजलाई पनि आधुनिक ढंगमा पूरा तालीम गरिसकेका छन् रे। तोप बन्दूक पनि प्रशस्त छन् रे।

चन्द्रमान—मराठाहरूले पनि फेरि उठ्ने दाउ निकालेका छन् रे। अलिकति कुइरे खस्क्यो कि चारैतिरबाट धावा हुने पो देखेको छु।

राजेन्द्र—हो, बर्मावाट पनि त्यही खबर आएको छ। कुइरेले रेजिडेन्ट राख्न भरमग्दूर प्रयास गरेको रे, उनीहरूले दिएनन् रे। व्यापारमा पनि तिलभर छुन दिएका छैनन् रे। कुइरे रिसले चूर छ रे। तर महारानी भन्छिन् थापाहरू नभई त कसरी यत्रो काम फत्ते होला।

रणजंग—( मुख नीलो हुन्छ )–( रंगनाथको कानमा )—देख्नु-भयो, बाजे? अर्कै हावा चल्न थालेछ। मलाई त जेठी महारानी स्वर्गवास भएपछि, गयो अब बित्यो, यो मुलुकको अभाग शुरू भयो भन्ने लागिसकेको थियो।

करवीर—त्यो त, सरकारको जसमाथि शुभदृष्टि पर्दछ, त्यसैले गर्दछ। मुलुकको काममा कसले नाइँ भन्छ र?

नैनध्वज—हो, गर्न त जसले पनि गर्छ। उनीहरूले त एक पटक मौका पाएका हुन्। के गर्न सके? यत्रो आफ्नो गुमाए।

राजेन्द्र—होइन, त्यो त उनीहरूले बेहोशीमा परेर पो त्यस्तो भएको रे। उनीहरूले छानेर पठाएका अफिसरहरूले कहाँ के गाफिल पारे र? सारा ठाउँमा खुकुरीको चमत्कार देखाएर वैरीको दाँत फुकालेका न हुन् पो भन्दछन्।

रंगनाथ—अहिले सारा फौजलाई रणजंगले एकत्र गर्नुभयो, सुसज्जित गराउनुभयो। अहिले फेरि कमाण्डर फेर्दा त अहिले के होला, कसो होला?

राजेन्द्र—अँ, मलाई पनि त्यही लाग्छ। महारानी मान्दिनन्।

रणजंग—महारानीको राजकाजमा किन दखल? ( चन्द्रमानको कानमा ) देख्नुभयो, पोथी बास्न थालेछ। मलाई त जेठी महारानी

स्वर्गवास भएपछि अब के हुन्छ भन्ने लागेको थियो ।

करवीर—फौजको पहिलो भक्ति सरकारमा, दोस्रो आफ्नो अफिसरमा—यदि कुनै अफिसर नभई कामै नचल्ने भयोभने त कुन्नि के हुने हो । यसरी अफिसरहरूलाई फौजमा सर्वेसर्वा हुन दिन होला र ?

नैनध्वज—यो त, अब उही पुरानो कुरा निक्लन लाग्यो । जब परस्परमा वैमनस्य, शंका र अविश्वास चल्छ अनि सर्वनाश हुन्छ ।

राजेन्द्र—ठीक भन्यौ । हो, हाम्रो फौजले अरू जेसुकै गरोस् हामीलाई धोका दिन सक्तैन । नूनको सोझो गर्नु नेपालको भूषण हो ।

राजेन्द्रमान—यस्तो सुनौला अवसरमा हामीले हाम्रो गुमेको साँध फिर्ता पार्न सकेनौंभने फेरि सक्नेछैनौं । अझ पनि यसले यसो भन्यो उसले यसो भन्यो भन्ने मौका छ र ? अब तराई सवारीको इन्तजाम गर्नुपऱ्यो । अहिले सोझै फौजलाई मार्च गराएर लैजाँदा कुइरेले चाल पाएर आफ्नो बन्दोबस्त गरिहाल्छ ।

रणजंग—ठीक, त्यही हो । शिकार र दौडाहामा हाम्रो फौज बराबर जाने पनि गरेका छन् । उहाँ लगेर सिखहरूले कुइरेको डँडाल्नो सेके भन्ने समाचार आयो कि हामी बढेर गयौं । उसका मुट्ठुले ठाउँ छोडेको बखतमा हम्रा बहादुरहरू गंगामा साँध पुऱ्याइसकून् ।

राजेन्द्र—हुन्छ, लौ, त्यसै गर । युवराजलाई पनि लैजाने कि, नहीं छाड्ने ?

रणजंग—साथमा लगिबक्सनु नै असल हो कि ?

करवीर—महारानीलाई पनि लगिबक्सने कि ?

राजेन्द्र—होइन, महारानीत यहीं बसून्। मैले यहाँको राजकाज उनलाई सुम्पिसकें। बुझ्यौ: महारानी बुज्रुक छन्। अब बूढो भइसकें। राजकाजमा पनि त मद्दत गर्ने मानिस चाहियो; के भन्यौ ? महारानी बडी बुद्धिमती, बडी चतुर र सज्जन छन्। फेरि मेरा आशय सब बुझेकी छन्, जानेकी छन्।

[ रणजंग र नैनध्वज मुख हेराहेर गर्छन् ]

[ सुरेन्द्रको प्रवेश ]

सुरेन्द्र—बुवा, बुवा, कान्छी मुमाले, के रे ? तँ को होस् ? तेरो यहाँ के छ र पो हुकूम हुन्छ। के रे ? के म कोही होइन र बुवा ?

राजेन्द्र—ठट्टा गरिहोलिन्। तिनिको असाध्य ठट्टा गर्ने बानी छ।

[ दुवैको प्रस्थान ]

रणजङ्ग—[ नैनसँग कानमा ] यस्तो पनि ठट्टा हुन्छ ? अहिले देखिन् यस्तो चल्न लाग्योभने कुन्नि खोई म त खैरियत देख्तिनँ। विपक्षीहरूले उही जाल उही पेच गर्न लागे जस्तो छ।

नैनध्वज - फेरि दलबन्दी र गूटबन्दी भयोभने हाम्रो मुलुकको सर्वनाश भयो। जैलेसम्म व्यक्तिगत स्वार्थलाई बिर्सेर राष्ट्रहितको निमित्त देशका नेताहरू लाग्दैनन् त्यो देशको उद्धार हुँदैन। पहिले पनि त्यस्तै गूटबन्दीले यो मुलुकको सिमाना हट्यो। अहिले अलिकति भविष्य उज्ज्वल देखिएको थियो, फेरि तानातान चल्न थाल्यो।

रंगनाथ—[ करवीर सँग ] महारानीलाई महाराजबाट सबै

अधिकार सुम्पिसकिबक्सेछ । यसले के परिणाम राम्रो होला ?

करवीर = महाराजबाट कहिले उता कहिले यता कहिले ढलीमली शुरु भएछ । यो त खतरनाक हुन्छ । महारानी त बुझुक होइबक्सिन्छ ।

रंगनाथ—हो, तपाईंहरूलाई मनपराइबक्सिन्छ भनेर त्यसो भन्नु होला ? आफ्नो मुलुकको पो विचार राख्नुपर्दछ । ( ठूलो स्वरले ) मातृभूमिको उज्ज्वल दिन आएको जस्तो लाग्दैन । वैरीहरूले हात फिजाएको बुझियो । यसरी परम्परामा नै फेरि हानथाप चल्न लाग्योभने हाम्रो यत्रो महान् कार्य कसरी सफलीभूत होला ?

( सुरेन्द्रको प्रवेश )

सुरेन्द्र—हाम्रो जन्मभूमिको उद्धार हाम्रो हातमा छ । नेपालको, के रे ? वंशावली के रे ? पल्टाएर हेर । यो मुलुक के रे ? वीरभूमि हो । कालु पांडे, सुरप्रताप शाह, पृथ्वीनारायण शाह के रे ? बहादुर शाह अमरसिंह, भक्ति थापा, बलभद्र—कतिको नाम लिऊँ । के रे ? कसले आफ्नो मुलुकको गौरव राखेनन् । के रे ? यस्तो हाम्रो इतिहास हुँदा हुँदै सुगौलीको सन्धिमा हामीले सही छाप गर्नुपऱ्यो । त्यो के रे ? हाम्रो कलंकको टीका हो हामीले के रे मेट्नै पर्छ के रे ? हामी नामर्द भएर हारेका होइनौं, के रे ? पीठ फर्काएर भागेका होइनौं, के रे ? ज्यानको मायाले सुइँकुच्चा ठोकेका होइनौं । हाम्रा शासकहरूको, के रे ? नासमझीले हामीलाई यस्तो भएको हो । हाम्रा डाँडाकाँडामा, के रे हामीले समाचारको यातायात राख्न नसकेर हामीलाई, के रे ? आज यो गोता खानुपऱ्यो । अब, के रे ? हामीले बुझ्यौं ।

हामीले पहिलेको भूललाई, के रे? सुधारेर आफ्नो गुमेको प्रदेश फिर्ता लिनुपर्छ। के रे? यस्तो बखतमा गूटवन्दी गरेर व्यक्तिगत स्वार्थमा लाग्ने, के रे? देशद्रोही, निमकहराम चाण्डाल हुन्। खबरदार! के रे? त्यस्ताको फन्दामा परेर आफ्नो मुलुकको अवनति नगराउनुहोला।

# लेखकका अन्य कृति

**बाल-साहित्य**

बाल-रामायण

बाल-कृष्णचरित्र

**ऐतिहासिक**

हाम्रो गौरव

नवरत्न

भारतवर्षको इतिहास

इङ्गल्याण्डको इतिहास

**नीति-कथा**

इशप-नीति कथा

**उपन्यास**

रूपमती

प्रायश्चित्त

प्रेम

**प्रहसन**

चप्पाकाजी

नेपाल आजाद संघ

---

तारा प्रिंटिंग वर्क्स, वाराणसी ।